# रामचन्द्र पोखरेलको दीपरेखा उपन्यासको विश्लेषण

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत
स्नातकोत्तर तह द्वितीय वर्षको नेपाली विषयको दसौं पत्र (५१०-१) को
प्रयोजनका लागि प्रस्तुत

# शोध पत्र

**शोधार्थी**

**अमृता खत्री**

**रोल नं. ८० /२०६२**

**त्रि.वि. दर्ता नं. : ९-१-०४८-१२८८-९६**

**परीक्षा रोल नं. : ४८०२६८**

**नेपाली विभाग**

**पृथ्वीनारायण क्याम्पस पोखरा**

२०६९

# नेपाली विभाग

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक-शास्त्र संकायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा अमृता खत्रीले दशौं पत्रको प्रयोजनका लागि यस विभागमा प्रस्तुत गर्नुभएको **रामचन्द्र पोखरेलको 'दीपरेखा' उपन्यासको विश्लेषण** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

| | मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|---|
| १. विभागीय प्रमुख : | प्रा.डा. रविलाल अधिकारी | ........................ |
| २. शोधनिर्देशक : | शिक्षण सहायक श्रीधर न्यौपाने | ........................ |
| ३. विषय विशेषज्ञ : | सहप्राध्यापक डा. रामचन्द्र पोखरेल | ........................ |

मिति : २०६९/८/२९ (१४ डिसेम्बर २०१२)

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा **अमृता खत्री**ले **उपन्यासकार रामचन्द्र पोखरेलको दीपरेखा उपन्यासको विश्लेषण** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको यो शोधपत्र उक्त तहको दसौँ पत्रको प्रयोजनका लागि उपयुक्त भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६९/८/२९

१४-१२-२०१२ इ.

.......................................

श्रीधर न्यौपाने

शिक्षण सहायक

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

# कृतज्ञता ज्ञापन

**उपन्यासकार रामचन्द्र पोखरेलको दीपरेखा उपन्यासको विश्लेषण** शीर्षकको यो शोधपत्र नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको परिपूर्तिका लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु श्रीधर न्यौपानेज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । यस शोधपत्र तयार गर्ने क्रममा विभिन्न व्यस्तताका बाबजुद उचित मार्गनिर्देशन गर्नुहुने शोधनिर्देशक श्रद्धेय गुरुज्यूप्रति हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रको शीर्षक स्वीकृत गरी शोधपत्र लेख्ने अवसर प्रदान गरी अनुसन्धानतर्फ जागरुक एवम् प्रोत्साहन गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. रविलाल अधिकारीप्रति र शोधकार्यका लागि उपयुक्त सुझाव र प्रेरणा दिनुहुने आदरणीय सम्पूर्ण गुरुहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधपत्र तयार गर्ने सिलसिलामा आवश्यक सामग्री तथा महत्त्वपूर्ण जानकारी प्रदान गर्नुहुने शोधनायक रामचन्द्र पोखरेलज्यूप्रति हार्दिक प्रकट गर्दछु । यसैगरी शोधपत्र तयारका क्रममा मलाई सहयोग पुऱ्याउनुहुने मित्रहरू हरिमाया परियार, त्रिलोचन सापकोटा र भाइ केशव ओलियालाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस शोधपत्रलाई शुद्धसँग टङ्कण गरिदिने अमृत कम्प्युटर सर्भिस, न्यूरोड पोखरालाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । मलाई जन्म दिएर यहाँसम्म पुग्न सक्षम पार्ने आदरणीय बुवा-आमा र मेरा दाजुभाइ, दिदीबहिनीहरूप्रति ऋणी छु । तसर्थ उहाँहरूप्रति हार्दिक कृतज्ञताको भाव सम्प्रेषण गर्दछु । यस शोधपत्रलाई यस रूपमा ल्याई पुऱ्याउन हरतरहबाट सहयोग गर्नुहुने मेरो जीवनसाथी कमलप्रसाद तिमिल्सिनालाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा यस शोध-पत्रको समुचित मूल्याङ्कनका लागि नेपाली विभाग पृथ्वीनारायण क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६९/८/२९
१४-१२-२०१२ इ.

....................................

**अमृता खत्री**
**नेपाली विभाग**
**पृथ्वीनारायण क्याम्पस, पोखरा**

# सङ्केत तथा सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| एस.एल.सी. | स्कूल लिभिङ सर्टिफिकेट |
| गा.वि.स. | गाउँ विकास समिति |
| चौ.सं. | चौथो संस्करण |
| छै.सं. | छैटौं संस्करण |
| जि.वि.स. | जिल्ला विकास समिति |
| ते.सं. | तेस्रो संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | दोस्रो संस्करण |
| पू. | पूर्णाङ्क |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा. | प्राध्यापक |
| पृ. | पृष्ठ |
| पाँ.सं. | पाँचौं संस्करण |
| मा.वि. | माध्यमिक विद्यालय |
| रा.पं.स. | राष्ट्रिय पञ्चायत सदस्य |
| रा.स.स. | राष्ट्रिय समाचार समिति |
| वी.पी. | विश्वेश्वरप्रसाद कोइराला |
| वि.सं. | विक्रम सम्बत् |

# विषयसूची

**शोध निर्देशकको सिफारिस**

**कृतज्ञता ज्ञापन**

**विभागको स्वीकृत पत्र**

**सङ्केत सूची**

**प्रथम परिच्छेद : शोध पत्रको परिचय** **१-४**

१.१ शोध शीर्षक १

१.२ शोध प्रयोजन १

१.३ विषय परिचय १

१.४ शोध समस्या २

१.५ शोधको उद्देश्य २

१.६ पूर्वकार्यको समीक्षा २

१.७ शोधकार्यको औचित्य ३

१.८ शोधकार्यको क्षेत्र र सीमा ४

१.९. शोधविधि ४

१.१० शोधपत्रको रूपरेखा ४

**दोस्रो अध्याय : उपन्यासको सैद्धान्तिक चिनारी** **५-२२**

२.१. उपन्यासको व्युत्पत्ति र अर्थ ५

२.२. उपन्यासको परिभाषा ७

२.३ उपन्यासका तत्त्वहरू ९

२.३.१ कथावस्तु ९

२.३.२ चरित्रचित्रण १०

२.३.३ संवाद १०

२.३.४ देश–काल तथा वातावरण ११

२.३.५ दृष्टिविन्दु ११

२.३.६ भाषाशैली १३

२.३.७ उद्देश्य वा जीवनदर्शन १३
२.४. नेपाली उपन्यासको विकासक्रम १४
२.४.१ प्राथमिक काल १४
२.४.२ माध्यमिक काल १५
२.४.३. आधुनिक काल १५
२.४.३.१ आदर्शोन्मुख यथार्थवादी धारा १६
२.४.३.२ स्वच्छन्दतावादी धारा १६
२.४.३.३ सामाजिक यथार्थवादी धारा १७
२.४.३.४ मनोविश्लेषणवादी धारा १८
२.४.३.५ विसङ्गतिवादी धारा १८
२.४.३.६ अस्तित्ववादी धारा १९
२.४.३.७ समाजवादी यथार्थवादी धारा १९
२.४.३.८. प्रयोगवादी धारा तथा उत्तरआधुनिकतावादी धारा २०
२.४.३.९ उत्तरआधुनिकतावाद २०
२.५ निष्कर्ष २२

**तृतीय परिच्छेद : रामचन्द्र पोखरेलको चिनारी र औपन्यासिक प्रवृत्ति २३-३८**
३.१ रामचन्द्र पोखरेलको जीवनी २३
३.१.१ जन्म, जन्मस्थान र बाल्यकाल २३
३.१.२ शिक्षा दीक्षा २३
३.१.३ विवाह र पारिवारिक जीवन २४
३.२ रामचन्द्र पोखरेलको व्यक्तित्व २४
३.२.१ कवि व्यक्तित्व २४
३.२.२ निबन्धकार व्यक्तित्व २५
३.२.३ कथाकार व्यक्तित्व २७
३.२.४ उपन्यासकार व्यक्तित्व २८
३.२.५ जीवनीकार व्यक्तित्व २९
३.२.६ शिक्षक व्यक्तित्व २९

३.२.७ राजनीतिक व्यक्तित्व ३०

३.२.८ सामाजिक व्यक्तित्व ३३

३.२.९ पत्रकार व्यक्तित्व ३४

३.३ उपन्यास लेखनको प्रेरणा र उत्प्रेरक कारकहरू ३५

३.४ रामचन्द्र पोखरेलको औपन्यासिक यात्रा ३५

३.४.१ लेखन तथा अभ्यास काल (वि.सं.२०३३-२०३४ सम्म) ३५

३.४.२ उत्थानकाल (वि.सं. २०३४ देखि वि.सं. २०४० सम्म) ३६

३.५ औपन्यासिक प्रवृत्तिहरू ३६

३.५.१ सामाजिक यथार्थवादको प्रस्तुति ३७

३.५.२ मानवतावादको प्रस्तुति ३७

३.५.३ प्रकृति चित्रण ३७

३.५.४ भाषाशैली ३८

३.६ निष्कर्ष ३८

**चौथो परिच्छेद : 'दीपरेखा' उपन्यासको विश्लेषण ३९-५८**

४.१. कथावस्तु ३९

४.२ पात्र र चरित्र ४४

४.२.१ कुलदीप ४५

४.२.२ चक्रधर ४६

४.२. ३ मौनीबाबा ४७

४.२.४ सेठ ४७

४.२.५ महीधर ४८

४.२.६ साहिँला काका ४८

४.२.७ दुर्गाभक्त ४९

४.२.८ रेखा ४९

४.२.९ इन्द्रबहादुर ५०

४.२.१० श्यामा ५०

४.२.११ सनकराम ५१

४.२.१२ कप्तान सुमानसिंह गुरुङ ५१

४.२.१३ गोपालबहादुर ५२

४.३ देशकाल तथा वातावरण ५२

४.४ संवाद ५४

४.५ भाषाशैली ५५

४.६ उद्देश्य वा जीवनदर्शन ५६

४.७ दृष्टिविन्दु ५७

४.८ निष्कर्ष ५७

**पाँचौं परिच्छेद : उपसंहार** **५९-६३**

सन्दर्भग्रन्थ-सूची ६४

**प्रथम परिच्छेद**

# शोध पत्रको परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **रामचन्द्र पोखरेलको 'दीपरेखा' उपन्यासको विश्लेषण** रहेको छ ।

## १.२ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दसौँ पत्र (५१०-१) को आवश्यकता पूरा गर्नु प्रस्तुत शोधपत्रको प्रयोजन रहेको छ ।

## १.३ विषय परिचय

नेपाली साहित्यका एक नक्षत्र रामचन्द्र पोखरेलको जन्म वि.सं. २००१ पौष १८ गते शुक्रबारका दिन तनहूँ जिल्लाको सुर गा.वि.स.को वडा नं. ९ राम्चे गाउँमा भएको थियो । प्रारम्भिक शिक्षा घरबाटै सुरु गरेका पोखरेल हुने बिरुवाको चिल्लो पात भनेझैँ बाल्यकालदेखि नै जिज्ञासु र सिर्जनशील स्वभावका थिए । साहित्यका विभिन्न विधामा कलम चलाउन सफल भएका पोखरेलले कविता, कथा, निबन्ध, उपन्यास र जीवनी जस्ता विधामा आफ्नो साहित्यिक व्यक्तित्वको परिचय दिँदै आएका छन् । उनका थुप्रै लेख रचनाहरू प्रकाशित भए पनि अन्य विधाभन्दा उनी उपन्यास विधामा परिचित छन् । उनका 'उकाली र ओराली' (२०३३) , 'यो जुनीको भेट' (२०३४) र 'दीपरेखा' (२०४०) प्रकाशित भएका छन् । पोखरेलको क्षेत्र विशेष गरेर राजनीति, साहित्य र पत्रकारिता देखिन्छ । यिनै प्रतिभाद्वारा रचना गरिएको 'दीपरेखा' उपन्यासलाई औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गर्ने काम यस शोध कार्यमा गरिएको छ ।

## १.४ शोध समस्या

प्रस्तुत शोधपत्रको शोधसमस्या रामचन्द्र पोखरेलको 'दीपरेखा' उपन्यासको कृतिपरक विश्लेषण गरी निष्कर्ष स्थापना गर्नु रहेको छ। यस क्रममा प्रस्तुत शोधपत्रमा निम्न समस्याहरू देखापरेका छन् :

(क) रामचन्द्र पोखरेल कस्ता उपन्यासकार हुन् ?

(ख) उनको उपन्यास यात्रा कस्तो छ ?

(ग) 'दीपरेखा' उपन्यासको विश्लेषण के कसरी गर्न सकिन्छ ?

उपर्युक्त समस्याहरूको केन्द्रीयतामा प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधको उद्देश्य

यस शोधपत्रको उद्देश्य उपन्यासको सैद्धान्तिक स्वरूप र मान्यताका आधारमा 'दीपरेखा' उपन्यासको तथ्यपरक र तर्कसङ्गत अध्ययन गरी यस उपन्यासले आधुनिक नेपाली उपन्यासमा पारेको प्रभाव साथै उपन्यासका विशेषता निर्क्योल गर्नेतर्फ लक्षित रहेको छ। यसका लागि शोधसमस्याका रूपमा उल्लेखित समस्याहरूको समाधानका उद्देश्यहरू निम्नानुसार छन् :

(क) रामचन्द्र पोखरेलको व्यक्तित्व चिनाउनु ।

(ग) उनको उपन्यास यात्रा देखाउनु ।

(घ) औपन्यासिक तत्त्वका आधारमा 'दीपरेखा' उपन्यासको विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

उपन्यासकार रामचन्द्र पोखरेल नेपाली उपन्यासका फाँटमा तीन वटा उपन्यास लेखेर परिचित भएका उपन्यासकार हुन् । उनका उपन्यासहरू हुन् –

१) 'उकाली र ओराली' (२०३३) २) 'यो जुनीको भेट' (२०३४) र ३) 'दीपरेखा' (२०४०) । उनी मूलतः स्वच्छन्दतावादी उपन्यासकारका रूपमा चिनिन्छन्। उनका उपन्यासभित्रका पात्रहरू प्राकृतिक सुन्दरतामा विचरण गर्न रुचाउँछन्, साहित्य र कलामा रुचि राख्छन् साथै अत्याचार, शोषण र दमनका विरुद्धमा विद्रोह समेत गर्छन्। यिनै आधारमा उनी स्वच्छन्दतावादी उपन्यासकारका रूपमा चिनिन पुगेका छन् ।

रामचन्द्र पोखरेलले रचना गरेका तीनवटा उपन्यासमध्ये एउटा उपन्यास हो– 'दीपरेखा' । यस उपन्यासको बारेमा केही विद्वान् तथा समीक्षकहरूले संक्षित रूपमा चर्चा त गरेका छन् तर साङ्गोपाङ्गो विश्लेषण भने गरेका छैनन् ।

नेपाली साहित्यका वरिष्ठ समालोचक राजेन्द्र सुवेदीले 'दीपरेखा' उपन्यासलाई स्वच्छन्दतावादी उपन्यास भनेका छन् (सुवेदी, २०६४:१०२) । उनले यस उपन्यासलाई स्वच्छन्दतावादी उपन्यास भने पनि समग्र रूपमा न त स्वच्छन्दतावादी प्रवृत्तिका आधारमा विश्लेषण गरेका छन् न त औपन्यासिक तत्त्वका आधारमै विश्लेषण गरेका छन् । त्यसैले उनको यो प्रस्तुति आफैँमा महत्त्वपूर्ण रहे पनि उपन्यासको समग्र विश्लेषणका हिसाबले अपुरो रहेको देखिन्छ ।

यसै गरी दयाराम श्रेष्ठले नेपाली उपन्यासको ऐतिहासिक सर्वेक्षणका क्रममा २०३० को दशकका उपन्यासकारका रूपमा रामचन्द्र पोखरेललाई चिनाएका छन् । यस क्रममा उनका 'उकाली र ओराली' र 'यो जुनीको भेट' दुईवटा उपन्यासको मात्र चर्चा गरेका छन् (श्रेष्ठ र शर्मा, २०६४:१०९) ।

उनले दुईवटा उपन्यासको नाम मात्र उल्लेख गरे पनि ती उपन्यासहरूको विश्लेषण गरेका छैनन् भने 'दीपरेखा' उपन्यासको नामसमेत सङ्केत गरेका छैनन् । उनको उक्त लेखभित्र उपन्यासकारको चर्चा भए पनि उनका न त औपन्यासिक प्रवृत्तिको चर्चा भएको छ न त उपन्यासहरूको विश्लेषण हुन सकेको छ । यस्ता विद्वान् व्यक्तिको लेखमा समेत विवेच्य उपन्यासको सङ्केतसम्म भएको पाइँदैन ।

रामचन्द्र पोखरेलको 'जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शिवहरि ओलियाले गरेका छन् । यसै क्रममा उनका कृतिहरूको सामान्य विश्लेषण भएपनि 'दीपरेखा' उपन्यासलाई केन्द्रमा राखेर विश्लेषण गरेका छैनन् ।

यसरी विभिन्न विद्वान्हरूले यस उपन्यासको सामान्य चर्चा गरे पनि साङ्गोपाङ्गो विश्लेषण गरेका छैनन् । त्यसैले यो शोधकार्य गर्न आवश्यक देखिन्छ ।

## १.७ शोधकार्यको औचित्य

'दीपरेखा' उपन्यासका बारेमा पूर्वकार्यको समीक्षामा उल्लेख भएका विवरणबाहेक खासै चर्चा भएको छैन । यस उपन्यासलाई सम्रग औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गर्न आवश्यक देखिएकाले यो शोध कार्य औचित्यपूर्ण छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

यस प्रस्तुत शोधपत्रको क्षेत्र रामचन्द्र पोखरेलको ‘दीपरेखा’ उपन्यास हो । ‘दीपरेखा’ उपन्यासको औपन्यासिक तत्त्वका आधारमा विश्लेषण गर्नु यस शोध कार्यको क्षेत्र हो भने उनका अन्य उपन्यास र अन्य साहित्यिक विधाका बारेमा विश्लेषण नगर्नु यसको सीमा हो ।

## १.९. शोधविधि

प्रस्तुत शोधपत्र सम्पन्न गर्ने क्रममा पुस्तकालय अध्ययनका आधारमा संबद्ध पुस्तक, पत्रपत्रिकाको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ। यसका साथै लिखित तथा मौखिक रूपमा आवश्यक जानकारी लिई यो शोधकार्य पूरा गरिएको छ। यसमा निगमनात्मक र आगमनात्मक शोध विधिलाई अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित बनाउनका लागि निम्नानुसारका अध्यायमा विभाजन गरिएको छ–

परिच्छेद–एक : शोध पत्रको परिचय ।

परिच्छेद–दुई : उपन्यासको सैद्धान्तिक परिचय ।

परिच्छेद –तीन : रामचन्द्र पोखरेलको चिनारी र औपन्यासिक प्रवृत्ति

परिच्छेद –चार : दीपरेखा उपन्यासको विश्लेषण ।

परिच्छेद –पाँच : उपसंहार

सन्दर्भ सामग्री सूची

दोस्रो अध्याय

# उपन्यासको सैद्धान्तिक चिनारी

साहित्यका दुई भेद हुन्छन्- गद्य र पद्य। उपन्यास गद्य साहित्यअन्तर्गतको एक उपभेद हो। उपन्यासलाई आख्यान विधाभित्र समेटिएको छ। आख्यानभित्रको एक भेद 'उपन्यास' शब्दको प्रयोग संस्कृत साहित्यको वैदिक एवम् लौकिक ग्रन्थहरूमा भेट्न सकिन्छ। "वेदमा भएका आख्यान उपाख्यानले उपन्यास रचनाको निम्ति पृष्ठभूमिको काम गरेका छन् (गैरे, २०६३:१६४)।" उपन्यासले जीवन र जगत्को फराकिलो क्षेत्रलाई समेट्ने क्षमता राखेको हुन्छ। आजको अधैर्य र व्यस्त परिवेशमा व्यापक आयाम भएर पनि उपन्यासले पाठकमाझ प्रशस्तै लोकप्रियता पाएको छ। यहाँ यही लोकप्रिय विधा उपन्यासको सैद्धान्तिक चिनारी क्रमशः प्रस्तुत गरिएको छ।

## २.१. उपन्यासको व्युत्पत्ति र अर्थ

समाजको समसामयिक यथार्थ तथा सामाजिक विकृति एवम् विसङ्गतिलाई कलात्मक रूपमा प्रस्तुत गर्ने एक सशक्त साहित्यिक विधा उपन्यास हो। यसमा समाजका व्यक्ति विशेषका मानसिक चिन्तन, घात-प्रतिघात, समता-विषमता, आरोह-अवरोह आदिको चित्रण गरिएको पाइन्छ। "उपन्यास साहित्यका विभिन्न विधामध्ये पछाडि जन्मिएको भए पनि बढी लोकप्रिय विधा हो (दाहाल, १९९३:५)।" नयाँ साहित्यिक विधाको रूपमा उपन्यास देखिएको भए पनि 'उपन्यास' शब्दको प्रयोग आजभन्दा झण्डै तेइस सय वर्षअघि नै भरतमुनिको 'नाट्यशास्त्र'मा भएको थियो (प्रधान, २०५२ :१३)। नेपालीमा प्रयुक्त 'उपन्यास' तत्सम शब्द हो। शाब्दिक व्युत्पत्ति केलाउँदा 'उपन्यास' शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ्' (अच्) प्रत्यय लागेर बनेको देखिन्छ।

उप+नि+अस्+घञ् (अच्)=उपन्यास।

'अस्' धातुबाट 'राख्नु' भन्ने अर्थ बोध हुन्छ भने 'उपन्यास' शब्दबाट 'नजिक राख्नु' भन्ने अर्थ बोध हुन्छ। संस्कृत भाषामा 'उपन्यास' शब्दको प्रयोग 'अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण', 'स्थापना गर्नु', 'प्रदर्शन वाक्य', 'आनन्द गराउने वाक्य' का अर्थमा गरिएको पाइन्छ भने आख्यानका रूपमा पनि गरिएको पाइन्छ (बराल र एटम, २०५८:३)।" "उपन्यास शब्दमा 'उप' को अर्थ 'सामीप्य' हो भने 'न्यास' को अर्थ 'स्थापना गर्ने काम' र

'छोड्ने काम' भन्ने परस्पर विरोधी अर्थ बुझाउँछ (पोखरेल र अन्य, २०४०:७५६) ।" न्यास शब्दले जे-जस्ता अर्थ प्रदान गरे पनि 'उप' र 'न्यास' को मेलबाट बनेको उपन्यास शब्दको सोझो अर्थ 'निकटस्थ वस्तु वा जीवनको अनुभूति' हो ।

नेपाली साहित्यमा प्रयुक्त उपन्यास शब्द इटालेली भाषाको 'Novella' बाट बनेको हो । जसको अर्थ नयाँ कथा (New Story) भन्ने हुन्छ । इटालेलीको 'Novella' शब्द ल्याटिन भाषाबाट आएको हो । ल्याटिन भाषामा 'Novella' भनेको 'नयाँ वस्तु' (New thing) भन्ने हुन्छ । त्यसै गरी ल्याटिन भाषाको 'Novella' शब्द ग्रीसेली भाषाको Novus बाट निर्माण भएको हो । ग्रीसेली भाषामा 'Novella' को अर्थ 'नयाँ' (New) भन्ने हुन्छ । अलिकति यथार्थको प्रयोग गरिएका रमाइला र छोटा रूपमा लेखिएका गद्य रचनालाई इटालेली भाषामा 'Novella' भनिन्थ्यो । यसकै प्रभावमा फ्रान्सेली भाषामा त्यस्तै प्रकारका रचनालाई 'Novella' भन्ने गरियो । इटालेली भाषाका 'Novella' हरू गद्याख्यानका केही नयाँ रूपसहित आएका रचना थिए । जसलाई अंग्रेजीमा Romance (स्वच्छन्द कल्पना प्रयोग भएका आख्यान) को रूपमा प्रयोग गरिन्थ्यो । यी आख्यानहरू नीतिकथा र मिथकभन्दा फरक थिए (प्रधान, २०५२:१३) ।

आख्यानको आदि पुर्खाका रूपमा दसौं शताब्दीको अन्त्यतिरको जापानी लेखक मुरासाकी सिकिबुको 'गेन्जीको कथा' (The tale of Genji) लाई मानिएको छ । त्यसपछि ईसाको चौधौं शताब्दीमा आएर इटालीमा इटालेली भाषामा प्रशस्तै Novella हरू लेखिए । त्यस बेलाका जियोभानी बोकासियो (सन् १३१९-१३७५) ले लेखेको एक सय Novella हरूको सङ्ग्रह 'डेकामेराँ' (Decameron) निस्कियो । त्यस सङ्ग्रहलाई इटालेली भाषाबाट अंग्रेजीमा पनि अनुवाद गरियो । अंग्रेजीमा अनुवाद भएपछि 'डेकामेराँ' को प्रभाव सर्वत्र पर्न थाल्यो । त्यसैको प्रभावले फ्रेन्चम्यान डे सेगले अंग्रेजीमा साहसिक कृति 'गिल ब्लास' (Gil Blas) नामको Novella लेखे, जुन कृति निकै चर्चित पनि भयो । यसको चार वर्षपछि सन् १७१९ मा ड्यानियल डिफोको 'रबिन्सन क्रुसो' (Robinson Crusoe) कृति आयो । यसै कृतिमार्फत विश्वसाहित्यकै परिप्रेक्ष्यमा प्रथम Novel को अभ्युदय भयो । साहसिक उपन्यासकै रूपमा उपन्यास जगत्मा भित्रिएको 'रबिन्सन क्रुसो' ले रचनाहरूलाई यथार्थको धरातलमा टेकायो, उपकथाहरूमा श्रृङ्खलित भएर कथानक अगाडि बढाउने तरिका सिकायो र सामान्यतया व्यङ्ग्यको शिष्ट परम्पराको सुरुवात गरायो । यसरी "उपन्यासलाई पाश्चात्य साहित्यकै देन मानिन्छ (बराल र एटम, २०५८: ४-५) । "

निष्कर्षमा भन्दा संस्कृत साहित्यमा प्रयुक्त 'उपन्यास' शब्दले कलात्मक माध्यमबाट समाजका यथार्थतालाई नजिक राख्नु वा समाजका वास्तविकतालाई राम्रो तरिकाले प्रस्तुत गर्नुलाई जनाउँछ। उपन्यासको अङ्ग्रेजी शब्द (Novel) नोवलले चाहिँ केही नयाँ कुरा प्रस्तुत गर्ने वा नवीनतासँग प्रस्तुत हुने साहित्यिक विधालाई चिनाउने गरेको पाइन्छ।

## २.२. उपन्यासको परिभाषा

संस्कृत साहित्यमा 'उपन्यास' शब्दको प्रयोग आजभन्दा झण्डै तेईस सय वर्षअघि नै सबभन्दा पहिला भरतमुनिले 'नाट्यशास्त्र'मा उल्लेख गरेका थिए। त्यसपछि क्रमशः भामह, दण्डी, धनञ्जय, विश्वनाथ जस्ता विद्वान्ले उपन्यास शब्दको प्रयोग गर्न थाले। पूर्वीय साहित्यमा धेरै पहिलेदेखि नै यस शब्दको प्रयोग हुँदै आए पनि तात्त्विक स्वरूप संरचनाका दृष्टिले भने निकै पछि मात्र सफलता प्राप्त गऱ्यो। अठारौं शताब्दीमा आएर ड्यानियल डिफोको 'रबिन्सन क्रुसो' आएपछि उपन्यास भन्न सुहाउँदो आख्यानात्मक कृतिले जन्म लियो (प्रधान, २०५२:२)।

समय र परिवेशमा आएको परिवर्तनले साहित्यिक क्षेत्रलाई पनि ठेस पुऱ्याउँदछ। तसर्थ कुनै साहित्यिक विधाका लागि एकपटक दिइएको परिभाषाले सधैँभरि त्यसको स्वरूपलाई समेट्न सक्दैन। विधाको परिवर्तनसँगै त्यसको परिभाषामा पनि परिवर्तन हुँदै र नयाँपन थपिँदै जान्छन्। अतः उपन्यास लेखिन र प्रकाशन हुन थालेपछि यसको व्याख्या विश्लेषण र समालोचना हुन थाल्यो। उपन्यासमा पाइने विशेषतालाई आधार बनाएर यसको परिचय र परिभाषा दिने क्रम पनि सुरुआत भएको पाइन्छ। विभिन्न विद्वान्हरूले आफूभन्दा अगाडि र आफ्नो समयका औपन्यासिक कृतिका आधारमा यस विधालाई चिनाउने महत्त्वपूर्ण प्रयासहरू गरेका छन्।

पूर्वीय र पाश्चात्य जगत्का विभिन्न विद्वान्हरूले आ-आफ्नो ढङ्गले उपन्यासलाई चिनाउने प्रयास गरेका छन्। यहाँ केही विद्वान्हरूका परिभाषालाई सङ्कलन गरिएको छ।

क) दि इन्साइक्लोपेडिया ब्रिटानिका, भोल्युम १८: साहित्यिक वर्णनात्मक गद्य विधालाई उपन्यास भनिन्छ, जसमा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ कल्पनाका सहयोगले प्रस्तुत गरिन्छ (बराल र एटम, २०५८:४)।

ख) प्रोफेसर वारेन : 'उपन्यास कथात्मक वर्णन हो, जसमा कथानक हुन्छ (वर्मा, १९८५:१२१)।

(ग) प्रेमचन्द : 'म उपन्यासलाई मानवजीवनको चित्र मान्दछु। मानव चरित्रमाथि प्रकाश पार्नु जीवनका रहस्यहरूलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो' (वर्मा, १९८५:१२१)।

(घ) दयाराम श्रेष्ठः बहुविध संरचनात्मक एकाइद्वारा हरेक अङ्ग परस्परमा शृङखलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कथात्मक गद्यलाई उपन्यास भनिन्छ (श्रेष्ठ र शर्मा, २०४९: ९८)।

(ङ) द अक्सफोर्ड इङ्लिस डिक्सनरी : उपन्यास ठिक्कको लम्बाइ भएको काल्पनिक आख्यान वा कथा हो, जो एउटै मात्रा वा धेरै मात्राहरूमा विस्तारित भएको हुन्छ, जहाँ चरित्रहरू र कार्यहरूले धेरै वा कम जटिलता भएको कथावस्तुको चित्रणभित्र वर्तमान अथवा विगत समयको वास्तविक जीवनको प्रतिनिधित्व गरेको हुन्छ (द अक्सफोर्ड इङ्लिस डिक्सनरी, १९९३:१०३९)।

यसरी विभिन्न विद्वान्हरूको परिभाषालाई समग्र अध्ययन गर्दा वर्णनात्मक, कथात्मकता, जीवनको वास्तविकता जस्ता विविध पक्षहरूमा जोड दिई उपन्यासको परिभाषा दिएका छन्। उपन्यासको विषयगत व्यापकता, शिल्प, आकार सबैलाई समेट्ने सर्वमान्य परिभाषा पाइँदैन किनभने उपन्यासले चित्रण गर्ने जीवनको भोगाइ परिवर्तित भइरहन्छ।

उपन्यास सम्बन्धी हिजोआजका पूर्वीय एवं पाश्चात्य साहित्यका प्रतिभा एवम् समालोचकहरूले जेजस्तो परिभाषा दिएर यसलाई चिनाउन खोजे पनि उक्त परिभाषाहरू वा उपन्यास सम्बन्धी धारणाहरूले आजका उपन्यासहरूलाई पूर्णरूपमा चिनाउन सक्दैनन् किनभने हिजोको जीवनशैली, मान्छेको सोच र त्यसलाई व्यक्त गर्ने एउटा स्थिर मानक जुन बनेको थियो त्यो भत्किएको छ। दोस्रो विश्वयुद्धपछि विश्वपरिवेशमा समाज र जीवन-चिन्तनमा ठूलो भेद जन्मेको देखिन्छ। त्यस्तै सिर्जनाविधि पनि नवीन बनेर आएको छ जुन अधिकतम आख्यानमा व्यक्त भएको देखिन्छ। आदर्शवाद, स्वच्छन्दतावाद, यथार्थवाद, आधुनिकतावाद, उत्तर आधुनिकतावादजस्ता साहित्य, चिन्तन र सिर्जनसीपको विकासले पनि त्यसैलाई सङ्केत गरेका छन्। त्यसैले माथि उल्लिखित परिभाषाहरूलाई ध्यानमा राख्दै र हिजोआज लेखिएका कतिपय उपन्यासका लक्षणहरूलाई आधारमा राखी उपन्यासको परिभाषा यसरी दिन सकिन्छ- "अन्तर्बाह्य यथार्थलाई कल्पनामा उनेर जीवनका सङ्गत-असङ्गत पक्षका भावना र संवेदनाहरूको कलात्मक प्रस्तुति, नवीन संरचना र शैलीमा

व्यक्त गर्दै घटना तथा चरित्रहरूलाई श्रृङ्खलित एवं विश्रृङ्खलित रूपमा राखी जीवनको व्यापक आयामको व्याख्या गर्ने गद्याख्यानात्मक साहित्यिक रचना नै 'उपन्यास' हो ।"

## २.३ उपन्यासका तत्त्वहरू

उपन्यास मानिसको जीवन हो। जीवनलाई पूर्णता दिन विभिन्न अवयवहरूको यथास्थानमा संयोजनको आवश्यकता पर्दछ। संयोजनमा पनि बाह्य र आन्तरिक तत्त्वले मानवको निर्माण भए जस्तै उपन्यास रचनाका लागि पनि यिनै अर्न्तबाह्य उपकरणहरूको आवश्यकता पर्छ। यिनै उपकरणहरूलाई उपन्यासको तत्त्व भनिन्छ। उपन्यासमा तत्त्वका बारेमा संक्षिप्त रूपमा यसरी चर्चा गर्न सकिन्छ –

### २.३.१ कथावस्तु

विभिन्न पात्रहरूका विभिन्न गतिविधि र क्रियाकलापबाट विभिन्न घटनाहरूको जन्म हुन्छ। यिनै घटनाहरूको सुगठित रूप नै कथावस्तुको संरचना हुन्छ। जुन कथावस्तुको आधारमा उपन्यासको निर्माण हुन्छ, त्यसलाई कथावस्तु भनिन्छ। यसभित्र मूल प्रतिपाद्य विषय पर्दछ। उपन्यासमा प्रयुक्त सुन्दर कथावस्तुले पाठकलाई प्रारम्भमै प्रभावित पार्न थाल्छ। उपन्यासको जग नै कथावस्तु हो। जग जति बलियो र दरो हुन्छ त्यति नै उपन्यास सफल हुन्छ। यदि उपन्यासमा कथावस्तुको संयोजन बलियो भएन भने उपन्यास लेख्दालेख्दै बिग्रन सक्छ वा रचना भए पनि उपन्यास दुर्घटनामा पर्ने भएकाले यसको उचित संयोजन र गठनमा ज्यादै ध्यान पुऱ्याउनु आवश्यक छ। यसमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता कुराहरू समाविष्ट हुन्छन् (बराल र एटम, २०५८ : २३)।

यस्तो कथावस्तुको विषय जातीय, दन्त्यकथा, इतिहास, पुराण, सामाजिक सम्बन्ध वा मानवजीवनका अनेक विषयहरूलाई छनोट गरी तीमध्ये जुनसुकै विषय पनि लिन सकिन्छ। प्राय : गरी उपन्यासहरू सामाजिक विषयसँग सम्बन्धित भए पनि तिनमा विविधता पाइन्छ। मूलत : यसको विषयवस्तुले मानवका मनलाई पूर्ण प्रभावित पार्न सक्ने हुनुपर्छ। यसको प्रस्तुतीकरणमा सुगठितता, सहजविकास, कुतूहल, रोचकता आदि गुण र शिल्प हुनु अत्यन्त आवश्यक हुन्छ। जसले गर्दा कथावस्तु प्रभावकारी हुन्छ।

### २.३.२ चरित्रचित्रण

उपन्यास रचनाका लागि जति कथावस्तुको महत्त्व छ त्यति नै चरित्रचित्रणको

महत्त्व छ। उपन्यास रचनाका लागि कथावस्तु र चरित्र एकै सिक्काका दुई पाटा हुन्। चरित्रविना उपन्यासको कल्पना गर्न सकिन्न। चरित्र व्यक्ति जीवनको बाह्य र आन्तरिक प्रवृत्तिहरूको मूल व्यञ्जनासित संबद्ध हुने हुनाले यसको चित्रणमा व्यक्तिले जीवन स्वयम् मनुष्य र उसको बृहत्तर सत्य हो, जसको अध्ययन गर्नु उपन्यासको अभिष्ट ठहरिन्छ। उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने काम चरित्रले गर्छ (बराल र एटम, २०५८ : ३०)।

पात्र वा चरित्रका आधारमा नै कथावस्तु अगाडि बढ्छ। पात्रकै आधारबाट मनुष्यलाई खण्ड वा अखण्डतामा बुझ्न सकिन्छ। त्यस्तै गरी पात्रका माध्यमबाट उपन्यासको गति कतातिर जाँदैछ भन्ने कुरा थाहा पाउन सकिन्छ। चरित्रका व्यहारले नै उपन्यासको प्रकार थाहा पाउन सकिन्छ। उपन्यासमा स्तरअनुकूलको चरित्र चयनले मात्र उपन्यास सहज र स्वभाविक बन्न जान्छ। यसैले गर्दा उपन्यासकारले उपन्यास जीवन्त बनाउनका लागि विचिन्न वर्ग र स्वभावका मानिसहरूसँग पूर्ण रूपमा परिचित हुनु जरुरी छ। जस्तो–एक अशिक्षित पात्रले शिक्षितको जस्तो व्यवहार र कुरा गर्‍यो भने त्यो पात्र सुहाउँदो हुन सक्दैन।

त्यसैले गर्दा उपन्यासकारले उपन्यास जीवन्त बनाउनका लागि विभिन्न वर्ग र स्वभावका मानिसहरूसँग पूर्ण रूपमा परिचित हुनु जरुरी छ। जस्तो–एक अशिक्षित पात्रले शिक्षितको जस्तो व्यवहार र कुरा गर्‍यो भने त्यो पात्र सुहाउँदो हुन सक्दैन। त्यसैले पात्रको स्तर अनुकूलको परिवेश र वातावरणमा सहज र स्वभाविक ढङ्गमा व्यवहार गर्दै लगेमा उपन्यास प्रभावकारी र जीवन्त बन्छ। 'पात्रहरूको क्रमबद्ध चारित्रिक निर्माण नै उपन्यास रचनाको मूल समस्या हो।' वर्तमानमा त मानव चरित्र र मानव समाजलाई बुझ्न प्रमुख तत्त्वका रूपमा चरित्रचित्रणले प्राथमिकता पाएको छ।

## २.३.३ संवाद

उपन्यासमा प्रस्तुत पात्रहरूले विभिन्न घटनाहरूको सन्दर्भमा एकआपसमा व्यक्त गरेका भाव, छलफल र कुराकानीलाई संवाद भनिन्छ। पात्रपात्राहरूको चरित्रोद्घाटन गर्न कथानकलाई गति दिई उपन्यासमा उपयुक्त वातावरणको सिर्जना गर्न संवादको प्रयोग गरिन्छ (बराल र एटम, २०५८ : ३६)। मूलत : संवाद उपन्यासको नाटकीय तत्त्व हो, नाटकमा हुने अभिनयद्वारा व्यक्त हुने कुरा उपन्यासमा संवादद्वारा चित्रित गरिन्छ भन्ने कथन

सर्वथा सत्य हो । संवाद उपन्यासको अनिवार्य तत्त्व त होइन तर उपन्यासलाई प्रभावकारी बनाउन पाठक र पात्रबीच सामञ्जस्य ल्याउन सहायक उपकरणका रूपमा प्रयोग गरिन्छ । मूलत : संवाद चरित्रसँग बढी सम्बन्धित हुन्छ । पात्रका संवादहरू उपन्यासकारले उनीहरूकै स्तर, स्वभाव, क्षेत्रानुसार समावेश गर्नुपर्छ । संवाद स्वाभाविक, उचित र नाटकीयता प्रदान गर्ने हुनु आवश्यक छ ।

## २.३.४ देश–काल तथा वातावरण

उपन्यास देश, काल तथा वातावरणमा केन्द्रित भएर प्रस्तुत हुन्छ । देश–कालको तात्पर्य वातावरणको कुनै सीमा हो, जसको परिवेशअन्तर्गत उपन्यासले आफ्नो संसार सृष्टि गर्छ । जहाँ वा जुन परिवेशमा रहेर पात्रहरू काम गर्छन् त्यस्तो घटनाको समय, वरिपरिको आन्तरिक र बाह्य स्थितिलाई देश–काल तथा वातावरण भनिन्छ । अधिकांश उपन्यासमा सामाजिक परिस्थिति र तत्कालीन युगको चित्रणमा उपन्यासकारलाई खासै ठूलो कठिनाइ पर्दैन किनभने पाठक स्वयम् त्यही युग, परिस्थिति र गुणको भएकाले उपन्यासकारका संकेतात्मक ठिप्पणीद्वारा पनि पाठक सहजै पात्रपात्राहरूलाई पर्गेल्न सक्छ तर ऐतिहासिक उपन्यासमा लेखक ज्यादै सचेत हुनु आवश्यक छ । यी उपन्यासमा हुनै विशिष्ट युग र काल चित्रित गर्नु पर्ने हुँदा उपन्यासकारले तत्कालीन रीतिरिवाज र राष्ट्रिय स्थितिको पूर्ण जानकारी लिनुपर्दछ । 'वातावरणको सफल प्रस्तुतिले उपन्यासमा सहजता, स्वाभाविकता र ययार्थताको सन्निवेश हुन्छ । वातावरणकै माध्यमबाट कथानकलाई विश्वसनीय र संवेद्य हुन्छ ।' (थापा, २०५० :६८) देशकाल वातावरणविना उपन्यासकारले कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता र ऐतिहासिकतालाई यथास्थानमा सन्निवेश प्रदान गर्न सक्दैन ।

## २.३.५ दृष्टिविन्दु

दृष्टिविन्दु उपन्यासको एक संरचक अवयव हो । उपन्यास कसको हो, त्यसलाई पाठकसामु वर्णन गर्ने वाचक को हो र उसले कसरी भनिरहेको छ भन्ने कुरा नै दृष्टिविन्दु हो (भण्डारी र अन्य, २०६१:१८) । उपन्यासमा कथाकारले कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई जानकारी दिन्छ । कथाकारले कतै आफू नै औपन्यासिक

कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू कतै सम्पूर्णतः ओकल्ने छुट पाएको हुन्छ। यस आधारमा दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष र आन्तरिक वा प्रथम पुरुष गरी दुई प्रकारका हुन्छन् ।

**१) बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु**

यस्तो दृष्टिविन्दु भएको उपन्यासमा कथायिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ। घटनास्थलभन्दा बाहिर बसेर अरूका बारेमा टिप्पणी गर्दछ। उपन्यासमा कथाकारको अधिकारको आधारमा यसलाई सर्वज्ञ र सीमित गरी दुई भागमा बाँड्न सकिन्छ ।

आफ्ना पात्र र घटनाका कुरालाई सर्वज्ञझैं बनेर कथायिताले नै वर्णन एवं टिप्पणी गर्दै सबै कुरा आफ्नै नियन्त्रणमा लिएको छ भने त्यसलाई सर्वज्ञ भनिन्छ। रूपमती, मुलुकबाहिर जस्ता उपन्यासमा सर्वज्ञ दृष्टिविन्दु प्रयोग गरिएको छ ।

सीमित दृष्टिविन्दु भएको उपन्यासको कथायिताले कथावाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव र विचारमा लुप्त गराउँदछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्दछ ।

**२) आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु**

कथाकारले घटना वा पात्रको वर्णन गर्दा आफूलाई पनि उपन्यासभित्र संलग्न गर्छ भने त्यसलाई आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु भनिन्छ। यसमा कथाकारले चाहेका जुनसुकै कुरा पनि 'म' का रूपमा व्यक्त गर्दछ। यस्तो दृष्टिविन्दु भएको उपन्यासमा कथाकार स्वयं उपन्यासको पात्र भएर वाचन गर्दा कथाकारले कतिपय कुरा आफ्ना अनुभवमा आधारित भएर भन्ने गर्छ। पात्रको कार्यका आधारमा यसलाई केन्द्रीय र परिधीय भनी छुट्ट्याउन सकिन्छ ।

केन्द्रीय प्रथम पुरुष दृष्टिविन्दुमा कथायिता नै उपन्यासको प्रमुख पात्र हुन्छ र उसले आफ्ना कुराहरू निजी तरिकाले भनिरहेको हुन्छ। **उपसंहार अर्थात् चौथो अन्त्य** उपन्यासमा भएका सम्पूर्ण कुराहरू त्यसको प्रमुख पात्र लक्ष्मीले सुनाइरहेको छ (बराल र एटम , २०५८ :४०) ।

परिधीय दृष्टिविन्दुमा उपन्यासको कथायिता त्यसको पात्र त हुन्छ तर केन्द्रीय घटना र चरित्रहरूभन्दा अलिकति टाढा बसेर वृत्तान्त सुनाइरहेको हुन्छ। ज्योति ज्योति महाज्योति

उपन्यासमा परशु आफै पनि औपन्यासिक पात्र हो तर उसले अन्य केन्द्रीय घटना तथा चरित्रको कथा भनिरहेको छ ।

कुनै कुनै उपन्यासमा प्रथम तथा तृतीय पुरुष मिसिएको मिश्रित दृष्टिविन्दुको प्रयोग भएको उपन्यास पाइन्छ भने द्वितीय पुरुष दृष्टिविन्दु प्रयोग भएका उपन्यास विरलै पाइन्छ ( बराल र एटम , २०५८ : ४१) ।

## २.३.६ भाषाशैली

भाषाको माध्यमद्वारा विभिन्न भाव या विचार अभिव्यक्त गर्ने विभिन्न ढङ्ग र विधि नै शैली हो । व्यक्ति भाषा हो भने व्यक्तित्व नै शैली हो । अर्को शब्दमा भाषा आवरण हो भने शैली आवरणको प्रकार हो । उपन्यास रचनाका लागि मूल विषय : कथावस्तु, घटना, चरित्र आदि तत्त्वहरू पूर्णतया तयार भइसकेपछि तिनीहरूलाई रूप दिन उपन्यासकारले जुन माध्यम अपनाउँछ त्यस्तो ढाँचालाई शैली भनिन्छ । यस अन्तर्गत रचना शैली, भाषा शैली, भाव शैली आदि शिल्प पर्दछन् ।

कृतिमा प्रयुक्त विषय, घटना र पात्रहरू स्वयम्मा राम्रा भएर मात्र हुँदैन यदि प्रस्तुतीकरण वा शैली सुन्दर हुन सकेन भने उपन्यासले पाठकलाई आस्वादनमा माधुर्य र नवीनता दिन सक्दैन । लेखकहरूको आ–आफ्नो शैलीगत विविधता पनि हुन्छ । कथावस्तुअन्तर्गत घटनाक्रमको सिलसिला फरक हुनु , देशकालानुसारको भाषाको प्रयोग हुनु, विभिन्न शब्दालङ्कार, अर्थालङ्कार, थेगो र लोकोक्तिले उचित र सुहाउँदो ठाउँ पाउनु, रचनाशक्तिको प्रौढता हुनु, सामान्य विषयलाई पनि विशिष्ट लेखनको भाववेशानुसार प्रयोग हुनु र क्लिष्टता आदि दोषबाट मुक्त हुनु आदि विषयहरू लेखकको वैयक्तिकता र बौद्धिकतामा नै भाषा भर पर्दछ । यसैका आधारमा लेखक आफ्नो कृतिलाई विशिष्ट रूपमा जीवन्त तुल्याउन सक्षम हुन्छ ।

## २.३.७ उद्देश्य वा जीवनदर्शन

उपन्यासका तत्त्वहरूअन्तर्गत उद्देश्य पनि एक हो । उपन्यास लेखकको उद्देश्य उपन्यास रचनाको प्रयोजन हो । उद्देश्यविनाको कल्पनाले औपन्यासिक स्वरूप लिन सक्तैन । उपन्यास लेखनमा कुनै न कुनै उद्देश्य अन्तर्निहित भएकै हुन्छ । त्यस उद्देश्यलाई विभिन्न कथानक र चरित्रको माध्यमबाट उसले प्रस्ततु गर्दै गएको हुन्छ । उपन्यास खास गरी

सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित जीवन र समस्याहरू यथातथ्य वर्णन मात्र नभएर तिनीहरूको जीवनप्रति उपन्यासकारको दृष्टिकोणलाई नै कृतिमार्फत प्रस्तुत गरिरहेका हुन्छन् । त्यसैले उपन्यासको उद्देश्य क्षेत्र पनि विकसित हुँदै गएको छ । उपन्यासको संरचना लेखकको उद्देश्यले निर्धारित गर्छ । त्यसैले समाजका सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन उपन्यासमा उद्देश्यबाट हुन्छ ।

उपन्यासका तत्त्वहरू कथावस्तु, चरित्र वा चरित्रचित्रण, संवाद, देशकाल वातावरण, दृष्टिविन्दु, भाषाशैली र उद्देश्यलाई कथाको स्थूल तत्त्व वा मुख्य तत्त्व भनिन्छ भने सहायक तत्त्वका रूपमा प्रतीक र बिम्व र गति र लयलाई मानिन्छ (बराल र एटम, २०५८ : ४६) ।

## २.४. नेपाली उपन्यासको विकासक्रम

नेपाली साहित्यमा आख्यानको प्रारम्भ वि.सं. १८२७ को शक्तिवल्लभ अर्यालको 'महाभारत विराटपर्व' बाट भएको पाइन्छ। उक्त समयदेखि हालसम्मको नेपाली उपन्यासको सङ्क्षिप्त विकासक्रमलाई यसरी प्रस्तुत गर्न सकिन्छ।

### २.४.१ प्राथमिक काल

नेपाली साहित्यमा आख्यानको प्रारम्भ वि.सं १८२७ देखि भएको मानिन्छ। शक्ति वल्लभ अर्यालको अनूदित कृति 'महाभारत विराटपर्व' नेपाली भाषाको पहिलो आख्यानात्मक कृति हो (श्रेष्ठ र शर्मा, २०४९:१०२) । यही संस्कृतबाट अनुवाद गरिएको कृति 'महाभारत विराटपर्व' (१८२७) देखि वि.सं. १९४६ सम्मको अवधिलाई नेपाली उपन्यासको प्राथमिक कालका रूपमा लिइन्छ। यसकालका अन्य कृतिहरूमा भानुदत्तको 'हितोपदेश मित्रलाभ' (१८३३), शक्तिबल्लभ अर्यालको 'हास्यकदम्ब' (१८५५ तिरको) आदि पर्दछन् (प्रधान, २०४०:११३) । प्राथमिक कालका धेरैजसो कृतिहरू संस्कृत भाषा साहित्यबाट अनुवाद गरिएका पाइन्छन् भने केही कृतिहरू अङ्ग्रेजी भाषाबाट पनि अनुवाद गरिएका भेटिन्छन् ।

### २.४.२ माध्यमिक काल

वि.सं. १९४६-१९९० सम्मको अवधिलाई नेपाली उपन्यासको माध्यमिक काल

भनिन्छ । हरिकृष्णद्वारा लिखित र शिवदत्त शर्माले अनुवाद गरेको 'वीरसिक्का' बाट यस धाराको सुरुआत भएको मानिन्छ । यस उपन्यासमा काल्पनिकता, आद्भूतिकता, कौतूहलता र रोमाञ्चकारी तत्त्व पाइन्छ (बराल र ऐटम, २०५८:३) । प्रकाशनका दृष्टिले माध्यमिक काल सशक्त देखिएको छ । 'उपन्यास तरङ्गिणी' पत्रिकामा प्रकाशित सदाशिव शर्माको 'महेन्द्रप्रभा' (१९५०) पहिलो मौलिक उपन्यास हो । यस कालमा देखिएका अन्य महत्त्वपूर्ण कृतिहरूमा सदाशिव शर्माको 'सुन्दरीभूषण' (१९६३), हरिहर शर्माको 'शुकबहत्तरी' (१९६४), हरिहर आ.दी.द्वारा अनूदित 'शकुन्तलोपाख्यान' (१९६५), पहलमानसिंह स्वाँरको 'एक लाख रुपियाँको चोरी' (१९७४), ऋद्धिबहादुर मल्लको 'शर्मिष्ठा' आदि हुन् (श्रेष्ठ र शर्मा, २०४९:१०६) । यस कालमा पनि अनुवादको प्रधानता कायमै रहेको पाइन्छ । उर्दू-फारसी साहित्य प्रेरित माध्यमिककालीन आख्यान परम्परा तिलस्मी, जासुसी प्रवृत्तिमा केन्द्रित छ । अतः रोमाञ्चकारी कल्पनाको प्रधानता, अद्भूत र मानवेत्तर पात्रको प्रयोग, अस्वाभाविक र असंरचित घटनाको वर्णन आदि प्रवृत्ति प्रमुख रहेका छन् । त्यसै गरी नारीलाई भोगविलास र मनोरञ्जनको साधन बनाउने प्रवृत्ति, स्थानीय परिवेशको चित्रण, अलङ्कृत एवं साहित्यिक भाषाको खोजीमा सचेतता जस्ता गुणहरू यस कालका उपन्यासहरूमा भेटिन्छन् ।

## २.४.३. आधुनिक काल

नेपाली साहित्यको इतिहासलाई अवलोकन गर्दा नेपाली उपन्यासमा आधुनिक कालको प्रारम्भ वि.सं. १९९१ साल जेठमा प्रकाशित रुद्रराज पाण्डेको 'रूपमती' बाट भएको हो । यस उपन्यासले नेपाली उपन्यासको प्राथमिक र माध्यमिक कालीन उपन्यास परम्परामा प्रचलित धार्मिक, पौराणिक र अतिरञ्जनात्मक प्रवृत्तिलाई त्यागेर समाजका विविध यथार्थ टिपेर प्रस्तुत गरेको पाइन्छ । यस कृतिबाट आधुनिकताको उद्घाटन सम्पन्न भएपछि क्रमिक विकासबाट आधुनिक नेपाली उपन्यासको आजसम्मको आधा शताब्दीभन्दा बढी समयको इतिहास निर्मित भएको छ । यस बीचमा आधुनिक नेपाली उपन्यासमा विषयगत तथा शैलीगत विविधता पाइनुका साथै पाश्चात्य साहित्यिक वादमा देखापरेका नयाँ-नयाँ प्रयोगले उपन्यासलाई झन् नवीनताका साथ विकसित गर्दै लगेको पाइन्छ (बराल र एटम, २०५८:९४) ।

'रूपमती' (१९९१) बाट हालसम्म नेपाली उपन्यासमा विभिन्न प्रवृत्तिहरू भित्रिएका पाइन्छन् । ती प्रवृत्तिलाई धारागत आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.४.३.१ आदर्शोन्मुख यथार्थवादी धारा

'रूपमती' उपन्यासको प्रकाशनसँगै आदर्शोन्मुख यथार्थवादी धाराको सुरुवात भएको मानिन्छ (बराल र एटम, २०५८:९४) । नेपाली समाजमा आदर्श र मर्यादाका पाठहरू पढाउने उद्देश्य राखी यथार्थवादी चित्रणको पद्धति अँगालेर निकै उपन्यासहरू लेखिएका छन् । आदर्शोन्मुख यथार्थवादी उपन्यासमा सत् कार्यमा लाग्नेले सम्मान पाएको र धूर्तहरूले सजाय पाएको देखाइन्छ । रुद्रराज पाण्डेको 'चम्पाकाजी' (१९९३), 'प्रायश्चित्त' (१९९३), काशीबहादुर श्रेष्ठका 'उषा' (१९९५) र 'वचन' (२००१), टुकराज पद्मराज मिश्रको 'रजबन्धकी' (१९९६) र 'रामकृष्ण कुँवर राणा' (१९९९), शोभाचन्द्र उपाध्यायको 'पाटली पुत्र' (२००३), मोहनबहादुर मल्लको 'समयको हुरी' (२०१५) आदि आदर्शोन्मुख यथार्थवादी उपन्यास हुन् । वि.सं. २०११ सालपछि प्रगतिशील उपन्यास वि.सं. २०१६ देखि मनोविश्लेषणात्मक उपन्यासका साथसाथै त्यसपछिको समयमा अन्य विविध खालका उपन्यासहरू प्रकाशन भएपछि पनि आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासहरू लेखिँदै छन् । जस्तैः हरिहर शास्त्रीका 'दुर्दशा' (२०२२), र 'अवनति' (२०२२), तोयनिधि पौडेलका 'समर्पण र प्राप्ति' (२०२४), समीरण प्रियदर्शीको 'बलिवेदी' (२०२७) र भारती खरेलको 'एउटी आमाको कथा' (२०२८) आदि ।

छोटकरीमा भन्दा सत्यको विजय र असत्यको पराजय देखाई महान् आदर्श स्थापना गर्न खोज्नु, नेपाली समाजका सामान्य गृहस्थी जीवनमा प्रचलित ईर्ष्या, द्वेष, गृहकलह, वैमनष्यता, बुहारीमाथि सासूको अत्याचार देखाउनु, तत्कालीन कुप्रथाको अन्त्य गरी समाजसुधारको आग्रह पोखिनु, अनुकरणीय तथा अनुपम चरित्रको सृजना गर्नु यस धाराका प्रमुख प्रवृत्ति हुन् ।

### २.४.३.२ स्वच्छन्दतावादी धारा

वैयक्तिक अनुभवलाई प्राथमिकता दिएर लेखिएका उपन्यास स्वच्छन्दतावादी उपन्यास हुन् (बराल र एटम, २०५८:९७) । नेपाली उपन्यासमा स्वच्छन्दतावादको प्रारम्भ रूपनारायण सिंहको 'भ्रमर' (१९९३) बाट भएको हो । यसै धारामा देखापरेका अन्य उपन्यासहरूमा रूपनारायण सिंहकै 'बिजुली' (२००६ अपूर्ण), मोहनबहादुर मल्लको 'उजेली छाया' (२००८), अच्छा राई रसिकको 'लगन' (२०१२), शिवकुमार राईको 'डाकबङ्गला' (२०१३), समीरण प्रियदर्शीको 'पोखिएको जिन्दगी' (२०२८) हिरण्य भोजपुरेको 'छिटेन' (

२०५४), होमराज आचार्यको 'निर्दोष कैदी' (२०५४) हुन् ।

निष्कर्षमा परम्परागत मूल्य र मान्यताहरूबाट मुक्त हुने आग्रह, अभिव्यक्तिमा तीव्रता, प्रेमप्रणयको प्रस्तुति, प्राकृतिक सौन्दर्य चित्रण, मानवतावादी दृष्टिकोणजस्ता प्रवृत्तिहरू स्वच्छन्दतावादी उपन्यासमा पाइन्छन् ।

### २.४.३.३ सामाजिक यथार्थवादी धारा

नेपाली उपन्यास परम्परामा लैनसिंह वाङ्देलको 'मुलुकबाहिर' (२००४) प्रकाशनसँगै यस धाराको श्रीगणेश भएको हो (बराल र एटम, २०५८:९७) । सामाजिक यथार्थवादी उपन्यासले समकालीन घटना र परिस्थितिको चित्रणमा जोड दिएका हुन्छन् । स्वच्छन्दतावादको विरोधमा जन्मिएको यस वादले समाज यस्तो हुन पर्दछको आग्रह नराखी समाज यस्तो छ भन्ने कुराको चित्रण गर्ने उद्देश्य राख्दछ । त्यसैले लेखक निरपेक्ष अवस्थामा उपन्यासमा अन्तरनिहित हुन्छ । तर पनि ऊ कतै देखिँदैन, भेटिँदैन र विचारको रूपमा पोखिँदैन । अर्थात् समाजका विविध पक्षहरूको तटस्थताका साथ बाहिर यथार्थ वर्णन गर्नु सामाजिक यथार्थवाद हो । लैनसिंह वाङ्देलको 'मुलुकबाहिर' उपन्यासले आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिलाई त्यागेर तटस्थताका साथ सामाजिक जीवनको चित्रण गरेको पाइन्छ । गरिबीको मारले थिचिएका विपन्न पहाडिया कामको खोजीमा मुग्लान पस्नु परेको बाध्यता उपन्यासले प्रस्तुत गरेको छ । यस उपन्यासले बनाएको गोरेटोलाई पछ्याउने लैनसिंह वाङ्देलकै 'माइतघर' (२००६), लीलबहादुर क्षेत्रीको 'बसाइँ' (२०१४), 'अतृप्त' (२०२६) र 'ब्रह्मपुत्रको छेउछाउ' (२०४३), लीलाध्वज थापाको 'मन' (२०१५), दौलतविक्रम विष्टको 'एक पालुवा अनेकौं याम' (२०२६), शंकर कोइरालाको 'खैरनीघाट' (२०१८), ताना शर्माको 'ओभ्रेल पर्दा' (२०२३), भवानी भिक्षुको 'आगत' (२०२३), धनुषचन्द्र गोतामेको 'घामका पाइलाहरू' (२०३८), रामचन्द्र पोखरेलको 'उकाली र ओराली' (२०३३), 'यो जुनीको भेट' (२०३४) र 'दीपरेखा' (२०४०) आदि उपन्यासहरू यस धारामा देखा परेका छन् ।

निष्कर्षमा समाजमा रहेका वास्तविकताको चित्रण गर्नु सामाजिक यथार्थवाद हो । यस धाराका उपन्यासमा स्थानीय र कथ्य भाषाको प्रयोग सरल र सरसपूर्ण तरिकाले गरिन्छ ।

### २.४.३.४ मनोविश्लेषणवादी धारा

बाह्य जगत्भन्दा अन्तर्जगत्को चित्रण गर्ने उपन्यास मनोविश्लेषणवादी उपन्यास

हुन् (प्रधान, २०४०:१३८) । मानव मनका विभिन्न पक्षहरू जस्तैः यौनजन्य आवेग, मानसिक कुण्ठा, यौन अतृप्ति, विक्षिप्त मनोदशा, दमित कामवासना र नियन्त्रित आकाङ्क्षाहरूको प्रस्तुति मनोविश्लेषणात्मक उपन्यासहरूमा हुने गर्दछ। नेपाली उपन्यासका क्षेत्रमा मनोविश्लेषणको प्रयोग आधुनिक कालका पूर्ववर्ती उपन्यासहरूमा फाटफुट रूपमा पाइए तापनि यसको विशिष्ट प्रयोग भएको पहिलो उपन्यासका रूपमा गोविन्दबहादुर मल्ल गोठालेको 'पल्लो घरको झ्याल' (२०१६) देखापर्छ। यस धाराका अन्य उपन्यासहरूमा विजय मल्लको 'अनुराधा' (२०१६), ध्रुवचन्द्र गौतमको 'अन्त्यपछि' (२०२४), विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' (२०२५), 'नरेन्द्रदाइ' (२०२७), तारिणीप्रसाद कोइरालाको 'सर्पदंश' (२०२६), वानीरा गिरीको 'कारागार' (२०३४), नकुल सिलवालको 'तेस्रो पाइला' (२०४५), नयनराज पाण्डेको 'अतिरिक्त' (२०५०), इन्दिरा प्रसाईको 'विश्वामित्र' (२०५५) आदि उपन्यास महत्त्वपूर्ण रहेका छन् (प्रधान, २०४०:१३८) ।

निष्कर्षमा मानवीय मनका विकृति र मानसिक अवस्थाहरूको चित्रण यस प्रकारका उपन्यासमा पाइन्छ। फ्रायडबाट प्रतिवादित मनोविश्लेषणात्मक सिद्धान्तबाट प्रभावित यस धारामा यौन मनोविज्ञानको प्रस्तुति, घटनाभन्दा चरित्रको प्रधानता तथा विम्ब र प्रतीकको प्रयोगजस्ता प्रवृत्तिहरू भएका उपन्यासहरू पाइन्छन् ।

### २.४.३.५ विसङ्गतिवादी धारा

जीवनको निस्सारता र शून्यताको अभिव्यक्ति संस्कार, नैतिक मूल्य, अस्तित्व रक्षा आदिका व्यर्थताको प्रकटीकरण विसङ्गतिवादी उपन्यासमा गरिन्छ। नेपाली उपन्यासको क्षेत्रमा विसङ्गतिवादी धाराको सुरुवात इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१) बाट भएको हो ( सुवेदी, २०५३:२९७)। यसपछि यो धारालाई अगाडि बढाउने काम पारिजातको 'शिरीषको फूल' (२०२२), 'महत्ताहीन' (२०२५), ध्रुवचन्द्र गौतमका 'अन्त्यपछि' (२०२४), 'बालुवामाथि' (२०२८) 'डापी' (२०३३) र दौलतविक्रम विष्टको 'चपाइएका अनुहार' (२०३०) ले गरेका छन् ।

यस धाराका उपन्यासले समाजका क्रियाकलाप, सम्बन्ध व्यवस्था, धर्म आदिप्रति व्यङ्ग्य गरिएको पाइन्छ। त्यसै गरी शैली र शिल्पमा क्रमबद्धता, सुशृङ्खलितता, सुगठन अस्वीकार गर्नु, भाषाको विसङ्गत प्रयोगमा सोच राख्नु, जीवनको श्राप पाएका मान्छेका निरिहता, भय र सन्त्रासको चित्रण गर्नु आदि जस्ता प्रवृत्ति यस धाराका उपन्यासमा पाइन्छन् ।

### २.४.३.६ अस्तित्ववादी धारा

नेपाली उपन्यासका क्षेत्रमा पारिजातको 'शिरीषको फूल' (२०२२) अस्तित्ववादी परम्पराको आरम्भ गर्ने महत्त्वपूर्ण उपन्यास हो । मानवको जन्म-मृत्यु, कुण्ठा, सन्त्रासभित्र जीवनको सही अर्थ खोज्ने साहित्यिक मान्यतामा आधारित उपन्यास लेखन नै अस्तित्ववादी उपन्यास हो । मान्छे स्वतन्त्र प्राणी हो । तसर्थ उसले आफ्नो भविष्यको निर्णय आफै निर्धारण गर्छ र त्यसको उत्तरदायित्व पनि स्वयंले बहन गर्नुपर्दछ भन्ने चिन्तन यस धाराका उपन्यासमा पाइन्छ (बराल र एटम, २०५८:९७) । जीवनमा विसङ्गतिबोध भएपछि पनि मानिस विसङ्गतिको बीचमा सङ्गतिको खोजी गरेर बाँच्ने कोसिस गरेको कुरा अस्तित्ववादी उपन्यासमा देखाइएको हुन्छ । त्यसैले अस्तित्ववादी धारा विसङ्गतिवादको पृष्ठभूमिमा विकसित भएको पाइन्छ । 'शिरीषको फूल' (२०२२) मार्फत् स्थापना भएको अस्तित्ववादी धारामा देखा परेका उपन्यासहरू हुन् - पारिजातकै 'महत्ताहीन' (२०२८), अन्तर्मुखी (२०३५), ध्रुवचन्द्र गौतमका 'बालुवामाथि' (२०२८), 'डापी' (२०३३), विश्वेश्वरप्रसाद कोइरालाका 'तीन घुम्ती' (२०२५), नरेन्द्र दाइ' (२०२७), 'सुम्निमा' (२०२७), 'मोदिआइन' (२०३६), 'हिटलर र यहुदी' (२०४०), 'बाबु, आमा र छोरा' (२०४५), सरुभक्तका 'पागलबस्ती' (२०४८), तरुनी खेती (२०५३) आदि ।

### २.४.३.७ समाजवादी यथार्थवादी धारा

समाजवादी यथार्थवादी धाराका उपन्यासहरू मार्क्सवादी सिद्धान्तमा आधारित छन् । मानव विकासलाई सैद्धान्तिक भौतिकवादी दृष्टिले हेर्ने र कथ्यलाई द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणमा व्याख्या गर्ने प्रवृत्ति यस धाराका उपन्यासमा पाइन्छ । मानिस, मानिसको समाज र त्यसको विकासलाई ऐतिहासिक विकासको रूपमा प्रस्तुत गर्ने आग्रह नै यस खालका उपन्यासको मूलभूत विशेषता हो । मुक्तिनाथ तिमसिनाको 'को अछूत', हृदयचन्द्र सिंह प्रधानको 'एक चिहान', डि. पी. अधिकारीको 'आशामाया' यस्तै खालका उपन्यास हुन् ।

### २.४.३.८. प्रयोगवादी धारा तथा उत्तरआधुनिकतावादी धारा

समसामयिक नेपाली उपन्यासमा प्रयोगवादी तथा उत्तरआधुनिकतावादी चेतनाद्वारा प्रक्षेपण गरिएका प्रवृत्तिहरू पाइन्छन् । नेपाली साहित्यमा प्रयोगवादी धारा २०१७ मा काठमाडौंबाट र आयमेली आन्दोलनका रूपमा २०२० देखि दार्जिलिङबाट सुरु भएको हो ।

प्रयोगवाद स्वयंमा कुनै वाद वा धारा नभएर पनि निश्चित कालखण्डसम्म यसले साहित्यका क्षेत्रमा प्रभाव पार्न सकेको र केही मूल्य स्थापित गर्न सकेको हुनाले यसलाई एउटा छुट्टै धाराको रूपमा हेर्ने चलन भारत र नेपालमा पाइन्छ । खासगरी २० औं शताब्दीको सुरुबाटै पश्चिमी साहित्यमा अनेकौं आन्दोलन र प्रयोगहरू भएका थिए । यिनकै प्रभावमा भारत र नेपालमा प्रयोगशील कविता देखापरेका छन् । खासगरी भारतमा स्वच्छन्दतावादी धारा गौण र प्रगतिवादी धारा सक्रिय हुन थालेको समयमा नै ई. १९४२ मा यो प्रयोगवादी प्रवृत्ति देखापऱ्यो र ई. १९५१ सम्म सक्रिय रह्यो ।

प्रयोगवादको उत्तरार्द्ध संस्करण वा नवप्रयोगवाद पनि भन्न सकिने उत्तरआधुनिकतावादको नेपाली साहित्यका सन्दर्भमा सुव्यवस्थित व्याख्या विश्लेषण हुन् अझै बाँकी छ । आधुनिकताको उत्तरभागको रूपमा पनि हेरिने गरिएको उत्तरआधुनिकतावादलाई समकालीन जीवनको समसामयिक लेखन भनिन्छ । उत्तरआधुनिकतावाद मार्क्सवाद, मनोविज्ञानवाद, यौनवाद, विकासवाद, अस्तित्ववाद, विसङ्गतवादलगायतका धेरै चिन्तनहरूको संयुक्त प्रभावबाट बनेको चेतना हो, जो आधुनिक कालकै गर्भबाट विकसित भएका प्रवृत्तिहरूको नयाँ संस्करणसहितको निरन्तरता पनि हो (भट्टराई, २०४९:१११-११२) । सबै कुरा भ्रम र लीला मात्र हुन् र यथार्थ सार्वभौम सत्य केही पनि हुँदेन भन्ने बहुलवादी र विनिर्माणवादीका अनुयायी उत्तरआधुनिकतावादीहरू सारमा अध्यात्मवादी हुन् (बराल र एटम, २०५८:६८) ।

### २.४.३.९ उत्तरआधुनिकतावाद (Post Modernism)

उत्तरआधुनिक अंग्रेजी भाषाको यो शब्द 'पोस्ट' (पछिः after) र 'मोडो' (अहिले: Just now) शब्द मिलेर बनेको हो, जसलाई ऐतिहासिक सन्दर्भमा समसामयिक वा वर्तमान युग भनिन्छ । यहाँ वर्तमानको तात्पर्य आधुनिक युगभन्दा पछिको ऐतिहासिक कालावधि हो । यस दृष्टिले आधुनिक युगपछिको समयलाई नै उत्तरआधुनिक युग र त्यसपछिको विचार, चिन्तन र संस्कृतिलाई उत्तरआधुनिकतावादले नामाकरण गरिएको छ । उत्तरआधुनिकतालाई बुझाउन अहिले 'सूचना समाज', उत्तरऔद्योगितावाद', 'सूचना युग', 'दोस्रो मेडिया युग', 'उच्च आधुनिकता' शब्दको पनि प्रयोग भएको पाइन्छ (भट्टराई, २०६३:१७९) ।

परम्परागत मान्यता र उच्च संस्कृतिको विघटन गर्दै आधुनिक प्रविधि नियन्त्रित संस्कृतिका मूल्य ग्रहण गरी लेख्नु तथा कल्पना र यथार्थ सत्यलाई एकआपसमा समिश्रण

गर्नेतर्फ लाग्नुमा यिनीहरूको विशेष जोड रहेको हुन्छ। यिनै विविध कारणले गर्दा उत्तरआधुनिकतावादी चिन्तन मार्क्सवाद विरोधी बन्न पुगेको छ। वास्तवमा उत्तरआधुनिकतावाद निषेधमा आधारित चिन्तन हो। यसले वस्तुगत, सामाजिक एवं ऐतिहासिक यथार्थ एवं तिनका नियम सङ्गतिको निषेध गर्दछ। यो समानताको राजनीतिलाई विषमताको राजनीतिबाट, सहयोगको समाजलाई अनन्त प्रतियोगिताको समाजबाट विस्थापित गर्ने वैचारिक युद्धमा साम्राज्यवादको हतियार बनेको छ। भविष्यमा क्रान्तिको सम्भावना देख्ने र वर्तमानलाई अपरिवर्तनशील ठान्ने बौद्धिकहरूको आन्दोलनका रूपमा प्रकट भएको छ (श्रेष्ठ र शर्मा, २०४९:१२०-१२२)।

उत्तरआधुनिक भन्ने धारणाभित्र संसार अत्यन्तै सानो संसारको सट्टा एउटा सानो ग्लोबलाइज्ड अर्थात् भूमण्डलीकृत गाउँको कल्पना हुन्छ। इन्टरनेटको वेबसाइट अर्थात् सञ्जालले विश्व एउटै भएको यो अवस्थामा गरिब, धनी सबै मुलुकका जनतामाथि, उनीहरूको जीवनमाथि मिश्रित प्रविधिको गहिरो प्रभाव परेको छ। मनुजबाबु मिश्रको उपन्यास 'स्वप्न सम्मेलन' मा साइबर संस्कृतिको प्रयोग गरिएको छ। यसमा चीनमा रहेका बलबाहुलाई लुम्बिनीबाट गौतम बुद्धले फोन गरेर हवाइजहाजको टिकट पाइए भरेसम्ममा चीन आइपुग्ने खबर छाडेको प्रसङ्ग छ। शोभा भट्टराईको 'अन्त्यहीन अन्त्य' (२०५८) मा साइबर संस्कृतिको साथै भूमण्डलीकृत परिवेश पाइन्छ। यसमा शोभा र अमरजस्ता पात्रका लागि क्यानडा, फिलिपिन्स, काठमाडौं पानीपँधेरो भएको देखाइएको छ। त्यसै गरी सरुभक्तको 'समय त्रासदी', ध्रुवचन्द्र गौतमको 'फूलको आतंक' र 'तथाकथित' ले प्रयोगलाई परिभाषित गरेको पाइन्छ। उत्तरआधुनिक कालका धेरै विशेषताहरूमध्ये एउटा विनिर्माणवाद अर्थात् पुनर्लेखन हो। पुनर्लेखन भनेको एक प्रकारको प्रतिस्थापन हो। हिजोको उपन्यास एवम् जुनसुकै कृति केवल बनिने क्रममा थिए, ती कहिल्यै पुरा थिएनन्। कृतिको व्याख्या र पुनर्व्याख्या, अनुवाद र मीमांशा भइरहनुपर्छ भन्ने विनिर्माणवादी सिद्धान्तले बलियो आधारभूमि उपलब्ध गराएको छ। ध्रुवचन्द्र गौतमको 'अग्निदत्त+अग्निदत्त', मनुजबाबु मिश्रको 'स्वप्न सम्मेलन', कृष्ण धरावासीको 'शरणार्थी' यस्तै प्रकृतिका कृति हुन् (भट्टराई, २०६४:३०२)।

दैनिक जीवनमा घटिरहेका यथार्थ घटनाहरूलाई सत्य र तथ्यपरक रूपमा उतारेर उपन्यास रचना गर्ने यथार्थवादी शैलीको प्रयोग नेपाली उपन्यासमा पनि भित्रिएको छ।

## २.५ निष्कर्ष

उपन्यास आधुनिक साहित्यको लोकप्रिय विधा हो । यस शब्दको प्रयोग पूर्वमा आजभन्दा तेइस सय वर्षअघि भए पनि साहित्यिक विधा विशेषका रूपमा भने पश्चिमा साहित्य जगत्बाट भएको हो । पश्चिममा देखा परेको यो विधा क्रमशः आज विश्वव्यापी बन्दै लोकप्रिय समेत बन्न पुगेको छ । जीवन जगत्का विविध पक्षहरूलाई समावेश गर्न सकिने यो विधा आधुनिक साहित्य जगत्मा गद्य महाकाव्यका रूपमा स्थापित छ । यसमा कथानक, पात्र, संवाद, परिवेश, भाषाशैली, दृष्टिविन्दु जस्ता तत्त्वहरू समावेश गरिएका हुन्छन् ।

नेपाली उपन्यासको स्थितिलाई यसरी हेर्दा प्राथमिक कालमा वास्तविक औपन्यासिक कृति फेला पर्दैनन् । उपन्यासको नजिक देखिएका कृतिमा पनि औपन्यासिक तत्त्व तथा गुणको झझल्को समेत पाउन गाह्रो छ । माध्यमिक कालमा विभिन्न भाषाबाट अनुवाद गर्ने परम्परा चलेका कारण मौलिक उपन्यास लेखनको अभाव नै रह्यो । जे-जसरी भए पनि प्राथमिक तथा माध्यमिक कालको लामो यात्रा पार गरी नेपाली उपन्यास आधुनिक कालमा प्रवेश गर्‍यो । यस कालमा भने मौलिक मात्र होइन विभिन्न नवीन प्रयोगले सिँगारिएका विश्व साहित्यमा समेत महत्त्वपूर्ण प्रभाव जमाउन सक्ने खालका निकै उत्कृष्ट कृतिहरू देखा परे । यी कृतिहरूले नेपाली उपन्यासको आशालाग्दो भविष्यको ढोका खोलिएको अनुभव गर्न सकिन्छ ।

तृतीय परिच्छेद

# रामचन्द्र पोखरेलको चिनारी र औपन्यासिक प्रवृत्ति

## ३.१ रामचन्द्र पोखरेलको जीवनी

### ३.१.१ जन्म, जन्मस्थान र बाल्यकाल

रामचन्द्र पोखरेलको जन्म वि.सं. २००१ पौष १८ गते तनहूँ जिल्लाको सुर गा.वि.स. वडा नं. ९ राम्चे गाउँमा निम्न मध्यम वर्गीय परिवारमा भएको थियो। उनकी आमा द्रोपदा पोखरेल र बाबा गोवर्धन पोखरेलले जन्मँदै गाउँको परम्परागत सँस्कृति अनुसार बालकको दीर्घायुका लागि मगर्नीको जुठो मकैको भात खुवाएका थिए (ओलिया, २०५९ : ६)।"

रामचन्द्र पोखरेलको बाल्य जीवन सुखमय बितेको देखिन्छ। उनका बाबु वन कार्यालय चितवनमा जगिरे भए पनि उनको राम्रो हेर विचार पुऱ्याएका थिए।

### ३.१.२ शिक्षा दीक्षा

बालकको शिक्षा प्रथमतः घरबाट नै सुरु हुन्छ भन्ने मान्यता अनुसार उनको अक्षरारम्भ पिता गोवर्धन शर्मा पोखरेलबाट भएको पाइन्छ। इन्द्र वदन मिडिल स्कूल धरम पानी तनहूँबाट कक्षा सात उत्तीर्ण गरी इन्टर कलेज नौतनवा गोरखपुरबाट उनले मेट्रिक उत्तीर्ण गरे। वि.सं. २०१७ मा त्रिचन्द्र कलेज काठमाडौंमा आइ.कम. पढ्न थालेका पोखरेल वि.सं. २०१७ को राजनीतिक काण्डपछि आर्थिक कठिनाइका कारण पढाइ छोडी घर फर्कनु पऱ्यो। वि.सं. २०१८ मा देशको राजनीतितर्फ तानिँदा उनी जेलमा परे। वि.सं. २०२० बाट इन्द्रवदन मिडिल स्कुल धरम पानी तनहूँमा शिक्षण पेसा अँगाली उनले स्वाध्यायनलाई निरन्तरता प्रदान गरी इन्टर कलेज नौतनवा गोरखपुरबाट आइ.ए. द्वितीय श्रेणीमा उत्तीर्ण गरे। यस्तै सेवा अवधिमा नै उनले त्रि.वि.वि.बाट वि.सं. २०२५ मा स्नातक र २०३० मा अर्थशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरे।

### ३.१.३ विवाह र पारिवारिक जीवन

रामचन्द्र पोखरेलको विवाह वि.सं. २०२० मा तनहुँ निवासी बाबुदेव खनालकी सुपुत्री मीना खनालसँग भयो। उनको एक छोरा सुरेश पोखरेल र दुई छोरी एलिना र सम्भना रहेका छन्।

## ३.२ रामचन्द्र पोखरेलको व्यक्तित्व

मध्यम कदका गहुँगोरो वर्ण चेप्टो ललाट तथा ठिक्क मिलेको शरीर करिब ५ फिट ५ इन्च उचाइ भएका रामचन्द्र पोखरेलको शारीरिक व्यक्तित्व शालीन तथा आकर्षक देखिन्छ। उनी सरल भद्र तथा नम्र व्यवहार र हँसिलो स्वभावका, सबै उमेर र वर्गका व्यक्तिसँग समान व्यवहार राख्छन्। उनी राजनीतिक, सामाजिक तथा साहित्यिक साधनाद्वारा मानसिक सन्तुष्टि लिने र देखेको कुरालाई प्रष्ट रूपमा बातचित तथा साहित्यिक लेखनीका माध्यमले बाहिर ल्याउन सफल छन्। त्यसबाट प्राप्त सन्तुष्टिबाट उनको अनुहारमा देखिने हँसिलोपनाले शारीरिक व्यक्तित्वमा उत्कर्ष थपिरहेको देखिन्छ।

साहित्यिक व्यक्तित्वका प्रमुख दुई पाटाहरू छन्। स्रष्टा व्यक्तित्व र द्रष्टा व्यक्तित्व। यीमध्ये यिनको सोभ्रो सरोकारको विषय स्रष्टा व्यक्तित्व हो। उनले आफ्नो जीवन यात्रामा विविध फुटकर रचनाहरूको आभ्यासिक लेखन गर्दै थालिएको साहित्यिक यात्रा वि.सं. २०३३ मा प्रकाशित 'उकाली र ओराली' उपन्यासबाट औपचारिक रूपमा सुरू भयो। उनको साहित्यिक प्रतिभा उपन्यास, जीवनी, निबन्ध र कवितामा समेत मुखरित भएको छ। उनले सफलता प्राप्त गरेका विधा उपन्यास र जीवनी रहेका छन्।

यस्तै गरी पोखरेल नेपाली भाषा र साहित्य प्रेमी भएकाले नै उनले आफ्नै जि.वि.स. सभापति तनहुँको कार्यकालमा दमौली तनहूँमा उनकै अध्यक्षतामा राष्ट्रकै महत्त्व राख्ने नेपाली भाषा साहित्यको 'राष्ट्रिय साहित्य सम्मेलन' २०५३ गराई नेपाली भाषा साहित्यप्रति पुनः एकपटक आफ्नो अगाध आस्था र समर्पण तमाम नेपालीमाभ्र राख्न सफल भएका छन्। विशेष गरी तनहूँबासीलाई नेपाली साहित्य सेवाप्रति लाग्न प्रेरणा प्रदान गरेका छन्।

उनको साहित्यिक व्यक्तित्वलाई तल क्रमश : प्रस्तुत गरिन्छ।

### ३.२.१ कवि व्यक्तित्व

सानै उमेरदेखि पढ्न तथा गाउँघरमा आयोजना हुने लोकसाँस्कृतिक कार्यक्रमहरूमा सहभागी हुने रामचन्द्र पोखरेल 'इन्द्र वदन मिडिल स्कूल धरम पानी तनहूँमा पढ्दादेखि नै

कविता लेखन कार्यमा रुचि राख्थे । उनी शिक्षकहरूले प्रत्येक हप्ताको शुक्रबार कविता लेखेर ल्याउन अनिवार्य गरेपछि कविता लेखेर ल्याई कक्षा कोठामा सुनाउने तथा कविता प्रतियोगितामा समेत भाग लिने गर्दथे । विद्यालयदेखि नै साहित्यतर्फको सिर्जना कार्यमा लगनशील पोखरेलको लेखन गतिले नौतनवा गोरखपुर भारतमा माध्यमिक स्तरीय कक्षा अझै फैलने मौका प्राप्त गऱ्यो (ओलिया, २०५९ : १६) । वि.स. २०१५ मा उनी इन्टर कलेज नौतनवा गोरखपुरमा पढ्दा उनको सर्वप्रथम प्रकाशित कविता 'ए ढुङ्गा' नेपालीमा लेखिएको कविता हो । यो कविता वि.सं. २०१५ मा पटनाबाट प्रकाशित हुने 'हिमाल सन्देश' साप्ताहिक पत्रिकामा प्रकाशित भएको थियो । यो कविता १०/१२ पङ्क्तिभन्दा थिएन । हाल यो रचना प्राप्त छैन ।

त्यसपछि वि.सं. २०४२ मा नेपाली काङ्ग्रेसले सञ्चालन गरेको सत्याग्रह कार्यक्रमा भाग लिँदै गर्दा २०४२/२/१३ गते दमौली चोकमा उनलाई पक्राउ गरी गोरखा जेलमा बन्दी बनाइयो । त्यसै बखत उनले १७२ औं भानु जयन्तीको अवसरमा जेलभित्र रचना गरी गोरखा दरबारमा प्रस्तुत रचना (वेदनाको बाढीमा) आफैले वाचन गरेका थिए । यस कवितामा गोरखा जेलमा रहँदाका पीडा र वेदनालाई प्रस्तुत गरिएको छ । यस कवितामा कविलाई ज्वालामुखी भएर प्रस्तुत हुन मन लागेको, कहिले हिमालभन्दा शीतल भएर सोच्न मन लागेको र कहिले भगवान् शङ्करले कालकूट निलेझैँ एकै घुट्को निल्न मन लागेको भावना व्यक्त गरेका छन् ।

रामचन्द्र पोखरेलको कवि व्यक्तित्व किशोरावस्थादेखि उत्पन्न भएको देखिन्छ । त्यसपछि विविध साहित्यिक लेखनीमा लागेका पोखरेल वि.सं. २०४२ सालमा आइपुग्दा कवि व्यक्ति दुःख र पीडाले भरिएर स्वच्छन्द भावावेगमा गद्यात्मक कविताको माध्यमबाट आत्मप्रकाशमा लागेको देखिन्छ । उनका कविता सङ्ग्रहहरू छैनन् ।

## ३.२.२ निबन्धकार व्यक्तित्व

विद्यालयदेखि नै साहित्यतर्फको सिर्जना कार्यमा लगनशील रामचन्द्र पोखरेलको लेखनीले इन्टर कलेज नौतनवा गोरखपुरमा अझै फैलने मौका प्राप्त गऱ्यो । वि.सं. २०१५ मा वनारसबाट हिन्दी दैनिक अखबारमा 'नेपाल के हृदयमे सौन्दर्यको भूमि पोखरा' प्रकाशित भयो । यसमा स्थान वर्णन र यात्रा वर्णन गरिएको थियो । यस लेखनबाट उनले त्यस समयमा पनि रू. ५/– पुरस्कार प्राप्त गरेका थिए । त्यस्तै गरी पटनाबाट प्रकाशित हुने

'नेपाल सन्देश'मा पनि वि.सं. २०१५-०१७ सम्म उनका प्रशस्तै लेख रचनाहरू प्रकाशित भए ।

त्यस्तै गरी वि.सं. २०१७–०१८ मा इन्द्र वदन मिडिकल स्कूल धरम पानी तनहूँमा केही समय स्वयम्सेवक शिक्षक भई शिक्षण सेवा गर्दा उनले किरण नामक हस्त लिखित पत्रिका सम्पादन गरेका थिए । जसमा उनका विविध रचना र लेखहरू प्रकाशित भएका थिए तर हाल प्राप्त छैनन् । त्यस्तै गरी वि.सं. २०२१ मा बनारसबाट प्रकाशित हुने 'आमा' मासिक पत्रिकामा प्रकाशित रचना 'अनेक रूप र एउटै संसार' हो ।

त्यस्तै नेपालबाट प्रकाशित हुने पत्रिका 'गोरखापत्र', 'राइजिङ्ग नेपाल', 'राष्ट्र पुकार', 'रङ्शाला' 'आलोक सिद्धान्त', 'युगज्ञान' र 'साप्ताहिक गोरेटो' आदि पत्रिकाहरूमा थुप्रै निबन्धात्मक लेखहरू प्रकाशित भइ सकेका छन् (मिश्र,२०५७ : ३४७) । यसै गरी वि.सं. २०२८ मा 'भोलि विचार' निबन्धात्मक लेख प्रकाशित भएको थियो । जसमा उनले प्रजातन्त्रका बारेमा आफ्नो निजी विचारलाई प्रस्तुत गरेका छन् । त्यस्तै गरी वि.सं. २०२८ मा शुभ विजया दशमीको उपलक्ष्यमा 'मर्स्यादी लमजुङ्ग' निबन्ध प्रकाशित भएको थियो । यसमा पोखरेलको 'राजनीतितिर लाग्दा' निबन्धात्मक यात्रावर्णन लेख प्रकाशित भयो । ( पोखरेल, २०२८ : ४)

त्यस्तै ने.वि. संघ लमजुङ्गबाट प्रकाशित हुने 'वेग' सामयिक सङ्कलनमा रामचन्द्र पोखरेलको निबन्धात्मक लेख 'हाम्रो सुनौलो प्राचीन इतिहास' प्रकाशित भयो । जसमा हाम्रा पुर्खा र नेपाली परम्पराकाबारेमा निकै गहकिला विचारहरू प्रस्तुत गरिएका छन् (पोखरेल, २०३८: ४९) ।

त्यस्तै भानु पुस्ताकालयको वार्षिक मुखपत्र चुँदी रम्घाद्वारा प्रकाशित पत्रिकामा रामचन्द्र पोखरेलको लेख 'दार्जीलिङ्गमा भानुको तनहुँ' प्रकाशित भयो । जसमा लेखकले दार्जीलिङमा मनाइएको भानु जयन्तीका बारेमा चर्चा गरेका छन् । त्यस्तै गरी नेपाली काङ्ग्रेसको मुखपत्र 'नेपाल पुकार'मा पोखरेलको 'समाजवादी घोषण पत्र' शीषकको लेख प्रकाशित भयो ।

उनले सानै उमेरदेखि निबन्ध तथा लेख रचनाहरू लेख्दै आएका हुन् । उनले आफ्नो जीवन यात्राका क्रममा प्रत्यक्ष रूपमा देख्न र भोग्न पाएका बाह्य र आन्तरिक विषय वस्तुलाई केलाउने र चिन्तन गर्ने काम गर्दै तिनै जीवनगत विश्लेषण र चिन्तनलाई कलाको रूपमा सजाउने काम पनि गरे । सामाजिक, साहित्यिक तथा राजनीतिक क्षेत्रमा उनको

लेखन कला ज्यादै परिष्कृत छ । उनी आफ्नो भावधारालाई अजस्र बगाउँछन् । उनको लेखन शैली लेख र निबन्ध लेखनमा उत्कृष्ट बनेर आएको छ । उनका निबन्ध सङ्ग्रहहरू लेखेका छैनन् ।

### ३.२.३ कथाकार व्यक्तित्व

किशोरावस्थादेखि नै साहित्यिक लेखनीतर्फ लम्कदै निपुणताका साथ अगाडि बढेका पोखरेलको साहित्यिक यात्राले क्रमशः सफलता हासिल गर्दै आएको छ । इन्टर कलेज नौतनवा गोरखपुरमा अध्ययनका क्रममा रहँदा त्यहाँका प्राध्यापक गजानन्द मिश्रका माध्यमबाट कथा, कहानी, आख्यान विधामा उनलाई अभिरुचि बढेको थाहा हुन्छ । त्यस समयदेखि नै आख्यानात्मक लेख लेखेर पुरस्कारसमेत प्राप्त गरेका पोखरेलले त्यस ठाउँको यात्रा तथा अध्ययनका क्रममा कवि, लेखक तथा राजनीतिज्ञहरूको जीवनी र लेखनीबाट प्राभावित हुँदै आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाएको देखिन्छ ।

सानै उमेरदेखि अध्ययनशील स्वभाव भएका कारणले नेपाली तथा हिन्दी साहित्यका कथा, कहानी, आख्यान विधाको गहन अध्ययनमा लागेका  उनी आफ्नै समाजको कटु यथार्थलाई टिपेर बाह्य प्रकटीकरणको माध्यम बनाउँदै आफ्ना अनुभवजन्य कलात्मक अनुभूतिहरू प्रस्तुत गर्न थाल्छन् । फलस्वरूप वि.सं. २०१५ सालमा इन्टरकलेज नौतनवा गोरखपुरमा पढ्दा सर्वप्रथम प्रकाशित रचना ‘बिजुली और अन्धकार’ हिन्दीमा लेखिएको कहानी हो ।

यो रचना इन्टर कलेज नौतनवा गोरखपुरको वार्षिक मुखपत्र ‘निदारिका’मा प्रकाशित भएको थियो । हाल यो रचना प्राप्त छैन । यसमा भयानक वर्षात्को बेलामा बीच बाटामा अलपत्र परेको पथिकले आफ्ना प्रियालाई सम्झेको छ । वि.सं. २०१५ सालमै बम्बैबाट प्रकाशित हुने ‘नवकथा’मा पोखरेलको ‘प्रोफेसनल स्कील’ भन्ने कहानी हिन्दी भाषामा प्रकाशित भएको थियो । यसमा एउटी नर्सले आफ्नो व्यावसायिक दक्षताबाट बिरामीलाई पारेको प्रभाव उल्लेख छ ।

त्यस्तै वि.सं २०१५ सालमा बनारसबाट प्रकाशित हुने शीर्षक ‘कथा’ दैनिक अखबारमा प्रकाशित भएको थियो । यसैगरी वि.सं. २०२१ मा वनारसबाट प्रकाशित हुने ‘आमा’ मासिक पत्रिकामा प्रकाशित रचना ‘हुरी’ आख्यानात्मक जस्तो थियो । यस प्रकार रामचन्द्र पोखरेलले किशोरावस्थादेखि नै आख्यानात्मक जस्तो कथा विधामा कलम चलाए

पनि यसमा उनको उत्कृष्ट रचना आजसम्म प्रकाशित हुन सकेको छैन ।

### ३.२.४ उपन्यासकार व्यक्तित्व

रामचन्द्र पोखरेल माध्यमिक विद्यालयस्तरको अध्ययन गर्दादेखि नै लघु आख्यान लेखनमा झुकाउ राखी आभ्यासिक लेखनतर्फ क्रियाशील भए । यही लेखनकलाको लामो अन्तरालपछि उनले विभिन्न पेसाको अनुभव, आख्यान विधाको उच्च अध्ययन, सामाजिक, आर्थिक, राजनैतिक विषमता तथा अन्याय अत्याचारका साथै विकृतिका सम्बन्धमा अनुभव सँगाले । त्यस्तैगरी आफ्नो जीवनयात्रामा भोग्नुपरेका आर्थिक जटिलताको यथार्थतालाई चित्रण गर्न उनी उपन्यास लेखनतर्फ प्रवृत्त भए । जसमा उनले जीवनका प्रत्येक क्रम र उपक्रमहरूमा अनुभवको व्यापकताभित्र आफ्नै गाउँ वरपरको चित्रलाई सामाजिक विषयवस्तु बनाएर उपन्यासको रचना गरे ।

जसबाट क्रकिमरूपमा आख्यान साहित्यको बृहत् महाकाव्य समकक्षी विधा उपन्यास लेखनमा उनलाई सफलता मिल्न पुग्यो । राजनीति, समाजसेवा र साहित्यसेवाका बीचमा अनुभव र अनुकरणको निकटताले उपन्यास साहित्यको पृष्ठभूमि तयार हुन गयो । जसको फलस्वरूप उनले वि.सं. २०३३ मा 'उकाली र ओराली' उपन्यासको प्रकाशन गरे । त्यसैगरी उनको वि.सं.२०३४ मा 'यो जुनीको भेट' र वि.सं. २०४० मा 'दीपरेखा' उपन्यास क्रमशः प्रकाशन गरे । यसको संरचना र अध्ययनको आधारमा उनलाई सामाजिक उपन्यासकारका रूपमा ती कृतिले उभ्याएका छन् ।

उनी बाल्यकालदेखि नै ग्रामीण समाजमा आफ्नै पिता तथा समाजका सामाजिक व्यक्तित्वहरूका माझमा ज्ञान र अनुभवका राशि सँगालेर अगाडि बढेका देखिन्छन् । रामचन्द्र पोखरेल किशोरावस्था प्रवेशदेखि नै तिनै समाज र व्यक्तिका बिम्बहरू तयार गरी इन्टरकलेज नौतनवा गोरखापुरमा कथा कहानी लेख्न सुरु गरे । त्यसै अवस्थामा उनलाई त्यहाँका प्राध्यापक गजानन्द मिश्रसँगको आख्यानात्मक अन्तरक्रियाबाट अझै आख्यान विधामा सिर्जनारत रहन ज्ञान र जागर वृद्धि भयो । यसैबाट उनी अन्य साहित्यिक विधाभन्दा आख्यान विधामा नै बढी प्रवृत्त भए । त्यसपछि उनका धेरैजसो आख्यानात्मक रचनाहरू प्रकाशित भए । यसबाट पुरस्कार पनि प्राप्त हुन थाल्यो । त्यसपछि उनी गोरखपुर भारतमा रहँदा र नेपालबाट त्यस ठाउँमा आउने जाने गर्दा विशिष्ट व्यक्तिसँगको सम्पर्क र उच्च अध्ययनले उनलाई आख्यान विधातर्फ घचघच्याउँछ ।

त्यस्तैगरी तत्कालीन नेपाली समाजमा विद्यमान राजनीतिक तथा सामाजिक विभेदका माझमा उनलाई चिन्तन गर्न अभिप्रेरित गर्दछ । उनी समाजमा हाँस्ने र समाजमै रुने सामाजिक प्राणी भएकाले उनलाई समाजकै दुःख र पीडाले अन्तरहृदयमा सहानुभूति पैदा गरायो र उनी नयाँ समाजको निर्माणका लागि दत्तचित्त रहे । त्यही सक्रियावस्थामा बाह्य रूपमा समाज सेवामा तल्लीन रहे पनि अर्न्तआत्माको पीडालाई शीतल बनाउने क्रममा तिनै समाजका तदनुकूलका व्यक्तित्वलाई उभ्याएर आत्मप्रकाशन गर्न थाल्छन् । त्यसपछि बृहत आख्यानात्मक कृतिको प्रारूप तयार गर्न पुग्छन् । जसको फलस्वरूप सामाजिक उपन्यासको जन्म हुन पुग्यो ।

## ३.२.५ जीवनीकार व्यक्तित्व

रामचन्द्र पोखरेलले नेपाली साहित्यमा कलम चलाउने क्रममा जीवनी विधामा पनि कलम चलाएका छन् । बाल, किशोर र युवावस्थासँग विस्तारित परिपक्वता र अनुभवले परिष्कृत हुँदै शिक्षण पेशामा पनि फस्टाएको पाइन्छ । उनैको सम्पादनमा निर्मल मा.वि. दमौली तनहुँको मुखपत्र 'वेनी' सम्पादन भयो । उनले 'वेनी' पत्रिकामा तत्कालीन **युवराजधिराज वीरेन्द्र विक्रम शाहदेवको संक्षिप्त जीवनी** क्रमिक पृष्ठमा **श्री ५ युवराज्ञी ऐश्वर्य राज्यलक्ष्मी देवीशाह**को संक्षिप्त जीवनी रचना प्रकाशित गरे (पोखरेल, २०२६ :३१-४३) ।

त्यस्तै गरी **प्रजातन्त्रका महान सेनानी वी.पी**. वि.सं. २०४० प्रकाशन गरे । जसमा वी.पी. को ऐतिहासिकताको पृष्ठभूमिका उनका आदर्श तथा मूल्य मान्यतालाई नेपाली समाजको प्रत्येक पिँढीका माझ पुऱ्याउने उद्देश्यले उक्त जीवनीको रचना गरेका छन् । उनले वी.पी.को जीवनलाई समालोचकीय ढङ्गले प्रस्तुत गरेका छन् ।

## ३.२.६ शिक्षक व्यक्तित्व

रामचन्द्र पोखरेलले वि.सं. २०२० इन्द्रवदन मिडिल स्कूल तनहुँमा औपचारिक रूपमा प्रध्यापक भएर सेवारम्भ गरे । उनले २०३० को मध्यतिर शिक्षण पेसाबाट राजिनामा दिए । त्यसपछि राष्ट्रिय समाचार समिति काडमाडौंमा पत्रकार पेसामा संलग्न भए (ओलिया, २०५९ : २१) ।

### ३.२.७ राजनीतिक व्यक्तित्व

रामचन्द्र पोखरेलको राजनीतिक व्यक्तित्व घर हुँदै सामाजिक व्यवहारका पृष्ठभूमिमा विस्तारै विकसित हुँदै गयो। फलस्वरूप उनी नेपाली काङ्ग्रेस पार्टीबाट जिल्ला विकास समितिको सभापति बने। पिता गोवर्धन शर्मा प्रजातन्त्रप्रतिको अटल आस्था एवं लगावको कारण २००७ सालको क्रान्तीपूर्व नै जीवनभर नेपाली काङ्ग्रेसको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय रहिरहनु नै उनको राजनीति र प्रजातन्त्रप्रतिको आकर्षणको विजारोपण हो भन्न सकिन्छ। आफ्ना पिताको प्रजातन्त्रप्रतिको अटल निष्ठा एवं तत्कालीन नेपाली काङ्ग्रेस, प्रजातन्त्र, देश र जनताप्रति अटुट समर्पण र त्याग रहिरह्यो।

वाल्यकालदेखि नै पिता गोवर्धन शर्मा पोखरेल सँगसँगै नेपाली काङ्ग्रेसले आयोजना गरेको आमसभा, जुलुस र सम्मेलनमा सहभागिता जनाउँदै आएका पोखरेलले २०१५ सालको संसदीय निर्वाचनलाई लक्षित गरी काङ्ग्रेस पार्टीले वितरण गरेको सदस्यता प्राप्त गरी विधिवत रूपमा राजनीतिमा होमिएका हुन्। माध्यमिक शिक्षा अध्ययनको क्रममा वि.सं. २०१४-२०१७ सम्म इन्टरकलेज नौतनवा गोरखपुरमा रहेका उनले त्यहाँ रहँदा नेपाली छात्रसंघको स्थापनामा सदस्य रहेर सहयोग पुऱ्याएका थिए। पछि २०१७ मा त्रिचन्द्र कलेज काठमाडौंमा आई.कम. पढ्दा विद्यार्थी युनियनको चुनावमा सक्रिय भूमिका निर्वाह गरेका थिए।

यसरी २०१७ सालको राजनीतिक काण्डपछि उनले गोरखपुरमा भएको नेपाली छात्र तथा युवकसंघको सम्मेलनमा पश्चिम तीन नाका (लमजुङ, तनहुँ र कास्की) को प्रतिनिधित्व उनले गरेका थिए। उक्त सम्मेलनबाट सो क्षेत्रमा भूमिगत संगठन गर्ने जिम्मेवारी लिनुका साथै उनले विभिन्न पर्चाहरू लेख्ने, धेरै प्रतिलिपिहरू बनाउने र तिनीहरूलाई आवश्यकता अनुसार वितरण गर्ने काम गर्दै आएका थिए। पिताको भूमिगत आवस्थामा उनका सन्देश कलकत्तामा रहेका सुवर्णशमशेरकहाँ पुऱ्याउने तथा भूतपूर्व सैनिकहरूलाई भेला गराउने काम पनि गरे। जसको फलस्वरूप वि.सं. २०१८ सालमा उनको परिवारको सर्वस्वहरण हुनुका साथै स्वयं रामचन्द्र पोखरेल पनि पक्राउ परे। पक्राउपश्चात उनलाई विभिन्न स्थान हुँदै अण्डासार गरी स्याङ्जाको तत्कालीन सदरमुकाम नुवाकोट डाँडाको जेलमा राखियो।

वि.सं. २०२० मा जेलबाट छुटेपछि गाउँकै इन्द्रवदन मिडिल स्कूल धरमपानी तनहुँमा शिक्षण सेवा गर्दा पनि भूमिगत रूपमा पार्टी संगठन गर्ने, वेलावखत निर्वासित पार्टी

नेताहरूलाई भेट्ने र जेलभित्रको गतिविधि अवगत गराई पार्टी सङ्गठनमा सहयोग पुऱ्याउने काम गरी नै रहे (ओलिया, २०५९:२४)।

यसको फलस्वरूप बीचबीचमा प्रहरीले पक्राउ गर्ने तथा उनको घर खानतलासी गर्ने र उनले सम्पर्क गरेका व्यक्तिहरूको निगरानी गर्नुका साथै आवश्यकतानुसार पक्राउ गर्ने, तारिख दिने, सार्वजनिक सभा भाषण गर्न रोक लगाउने गरी दुःख दिइरहेका थिए। तत्कालीन अवस्थामा गण्डकी अञ्चलको युवा राजनीतिको सम्पर्क विन्दु पनि निर्मल मा.वि. दमौली, तनहुँ र उनी नै थिए। त्यतिमात्र नभई उनले वी.पी. जेलबाट छुटेपछि वी.पी., कृष्णप्रसाद भटराई तथा प्रवासमा रहेका सुवर्णशमशेर आदि नेताहरूसँग नियमित सञ्चार सम्पर्क राख्दै गरे। त्यस्तै उनले जिल्लाको नयाँ पुस्तालाई भेट गराएर नेताहरूसँग चिनाउने, तरुणदलको गुप्त सङ्गठन गर्ने, सशस्त्र आन्दोलनको तयारी गर्ने आदि कामहरू गोप्य रूपमा सञ्चालन गरे। उनीबाटै कास्की, स्याङ्जा, लमजुङ र गोरखाका साथीहरूसँग नियमित सम्पर्क हुन्थ्यो। त्यसैबीच ने.वि.संघ तनहुँको पहिलो तनहुँ शाखा खोल्ने व्यवस्था मिलाउने र सो कार्यक्रम उद्घाटनका लागि कृष्णप्रसाद भटराई लगायतका नेताहरूलाई दमौली, तनहुँमा नै आमन्त्रण गर्ने प्रमुख काम रामचन्द्र पोखरेलबाटै भयो

वि.सं. २०२७ पछि गोविन्दराज जोशीले त्रिभुवन मा.वि. मानेचौका तनहूँ स्थापना गरेपछि प्रजातन्त्रवादीहरूको प्रभाव रहेको हाइस्कुल तनहूँ जिल्लामा निर्मल मा.वि. दमोली र त्रिभुवन मा.वि. मानेचौका हुन गए। यसले गर्दा उनलाई मानेचौका तनहूँबाट पनि निकै सहायोग हुन थाल्यो। वि.सं. २०२७ मा ने.का. जिल्ला कार्य समिति तनहूँको गठन पोखरेलकै नेतत्व र सक्रियतमा भएको थियो। यसका प्रथम अध्यक्ष केशव वाग्ले तथा सचिव रामचन्द्र पोखरेल नै थिए (पोखरेल, भेटवार्ता)।

एकातिर तत्कालीन जिल्ला पार्टीका सङ्गठन र शिक्षण पेसालाई समान रूपमा अगाडि बढाउन उनलाई अप्ठ्यारो महसुस हुँदै गयो भने अर्कोतिर उच्च अध्ययनको तीव्र अभिलाषाले शिक्षण पेसाबाट वि.सं. २०३० मा राजीनामा दिएर उनी काठमाडौंमा रहन थाले। त्यसपछि वि.सं. २०३१ बाट राष्ट्रिय समाचार समितिमा पेसागत रूपमा पत्रकार रहेर सेवा गर्न थाले।

जनमत सङ्ग्रह वि.सं. २०३६ को घोषणा हुनुपूर्व र घोषणापछि पनि उनको तर्फबाट पार्टीलाई सहयोग भइरहेको थियो। जसमा वी.पी. कोइरालालाई असंलग्न राष्ट्रका पत्रकारहरूसँग भेट गराउने काममा पनि उनको उल्लेखनीय भूमिका रह्यो। यता जिल्लामा

लामो समयसम्म उपस्थित हुन नसक्दा उनको खाँचो महसुस हुन गयो र साथीहरूको दबावका कारण रा.स.स.बाट उनले राजीनामा दिनु पऱ्यो। त्यसपछि वि.सं. २०३६ को जनमत जनमत सङ्ग्रहमा पोखरेल बहुदलको प्रचारका लागि जिल्लामा गएर सम्पूर्ण समय लगानी गर्न थाले। त्यसैबीच रामचन्द्र पोखरेलले रा.पं.स. निर्वाचन (२०३७) उमेदवारी दर्ता गरे। वी.पी. कोइरालाले पोखरेललाई बोलाएर सन्दर्भ बताएपछि वी.पी. को आह्वानअनुसार उनले निर्वाचन बहिष्कार गर्ने घोषणा गरे र उनी पुनः जेल परे। वि.सं. २०४२ सालमा जेल परेका पोखरेल गोरखा जेलमा अत्यन्त नियम र संयम राख्न सफल थिए। यसरी पटक-पटक गरी तीन वर्षभन्दा बढी जेल यातना र अनेकौं पटक पक्राउ पर्नुका साथै सशस्त्र सङ्घर्ष जस्ता कठिन कार्यहरूमा समेत गुप्त रूपमा जोखिम उठाउँदै आए।

वि.सं. २०४६ पछि सर्वप्रथम स्वतन्त्ररूपमा ने.का. जिल्ला कार्य समिति तनहुँको सदस्य-सचिवको हैसियतले कार्यालय स्थापना र सञ्चालन गर्ने काम गरे। त्यसपछि उनी ने.का. को महाधिवेशन प्रतिनिधि र महासमिति सदस्यमा निरन्तर निर्वाचित भए। वि.सं. २०४९–०५३ का लागि स्थानीयतहको निर्वाचनमा उनी ने.का.को प्रतिनिधित्व गरी जि.वि.स. तनहुँ सभापतिमा निर्वाचन भए। यसरी आफ्नो जिल्ला विकास समितिको सभापतित्वको कार्यकालमा गठित जिल्ला विकास समिति महासंघका संस्थापक प्रवक्ता समेत भई उनले पार्टी र सरकारका जिम्मेवारीहरूलाई कुशलतापूर्वक निर्वाह गरिरहे। आफ्नो सभापतित्वकालमा जिल्लामा उदाहरणीय रूपमा प्रस्तुत भई विभिन्न किसिमका कार्यहरू सफतापूर्वक सम्पन्न गरेका पोखरेलले ने.का. केन्द्रीय प्रचार विभागको सदस्य-सचिव रही दुई पदावधि काम गरे। वि.सं. २०५६ को आमचुनावमा गठित दुइवटा महत्त्वपूर्ण केन्द्रीय समितिमध्ये निर्वाचन प्रचार अभियान समितिको संयोजक भई राष्ट्रियस्तरको महत्त्वपूर्ण जिम्मेवारी समेत पूरा गरे।

यसरी राजनीतिमा सक्रिय सहभागी भई निरन्तर क्रियाशील रहेका पोखरेल तत्कालीन शाही सरकारको विरूद्धमा भएको २०६२-२०६३ को संयुक्त जनआन्दोलनमा उल्लेखनीय भूमिका निर्वाह गर्न सफल भएका थिए। १९ दिने उक्त जनआन्दोलनको क्रममा नेपाली काङ्ग्रेस पार्टीको तर्फबाट नेतृत्व गर्दै वालाजु माछापोखरीमा खटिएका उनले नेकपा एमालेका प्रदीप ज्ञवाली लगायतका अन्य पार्टीका केन्द्रीय स्तरका नेताहरू सँगसगै पक्राउ परी १९ दिनसम्म नेपाल प्रहरीको प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा नजरबन्दमा रहेका थिए। जनआन्दोलनको सफलतासँगै उनी लगायत सबै नेताहरू रिहा भएका हुन्।

त्यसपछि निरन्तर पार्टी कार्यमा संलग्न हुँदै आएका उनले २०६५ सालदेखि करीब अढाई वर्षसम्म नेपाली काङ्ग्रेस केन्द्रीय कार्यालयको मुख्य सचिव भई सफलतापूर्वक कार्य सञ्चालन गरेका थिए (पोखरेल, भेटवार्ता) । उनको उक्त कार्यकालमा नै नेपाली काङ्ग्रेसको एकता महाधिवेशन नामले प्रसिद्धि पाएको १२ औं महाधिवेशनको सफलतापश्चात् उनले मुख्य सचिव पदबाट राजिनामा दिए । त्यसपछि आफ्नो गृहजिल्लामा रही पार्टीका विभिन्न गतिविधिहरूमा प्रत्यक्ष संलग्न रहिरहेका छन् । हाल तनहुँ जिल्लाको निर्वाचित महासमिति सदस्य समेत रही सफलतापूर्वक कार्य गर्दै आइरहेका छन् । यसरी हेर्दा रामचन्द्र पोखरेलको राजनीतिक व्यक्तित्व बलियो देखिन्छ ।

### ३.२.८ सामाजिक व्यक्तित्व

रामचन्द्र पोखरेल शैक्षिक क्षेत्रबाट नै समाजको भलाइ हुन्छ भन्ने मान्यता राख्दै शिक्षित समुदाय तयार गर्न लागि परे । सामाजिक सेवाको क्षेत्रमा सर्वप्रथम रामचन्द्र पोखरेलले वि.सं. २०१७-०१८ को बीचमा इन्द्रवदन मिडिल स्कुल धरमपानी तनहुँमा स्वयंसेवक शिक्षक रही जीर्ण अवस्थाको भवनलाई भत्काउन लगाई नयाँ भवन निर्माणमा सहयोग पुऱ्याए । उनले इन्द्रवदन मिडिल स्कुलसँगै स्थापित सहिद स्मारक पुस्तकालय सञ्चालनमा सहयोग पुऱ्याए । उनले वि.सं. २०२० मा पुनः इन्द्रवदन मिडिल स्कुलमा प्र. अ. नियुक्त भई विद्यालय बनाउन बाँकी रहेको कामलाई पूरा गर्न सहयोग पुऱ्याए । यसैगरी उनले गाउँमा पाँच वर्षमाथिका बालबालिकालाई अनिवार्य रूपमा प्राथमिक तहसम्मको शिक्षा लिनुपर्ने तथा तिनका अभिभावकले आफ्ना बालबालिकालाई स्कुल नपठाएमा विद्यालयलाई प्रतिविद्यार्थी पचास पैसा तिर्नुपर्ने आमसहमति कायम गरी उनले स्वैच्छिक तरिकाले अनिवार्य शिक्षा सञ्चालन गरेका थिए । गाउँमा निरक्षर प्रौढहरूलाई पढाउन सोही भवनमा रात्री पाठशाला सञ्चालन गरी ठूलो संख्यामा युवायुवतीहरूलाई साक्षर बनाउन उनलाई सफलता मिलेको थियो । उनले वि.सं. २०२१ मा कलेस्ती पोखरेल फाँटमा हिमाली संगम पुस्तकालय तथा जनसहयोगबाट अस्थायी प्राथमिक विद्यालय स्थापना गरी गाउँ नजिक प्राथमिक विद्यालय नखुल्दासम्म उक्त विद्यालय स्थापनाका लागि नेतृत्व प्रदान गरे ।

यसैगरी तनहुँ जिल्लाको अत्यन्त पिछडिएको दरै र बोटे जातिको बसोबास भएको वैरेनीटारमा सर्वप्रथम एउटा प्राथमिक विद्यालय स्थापना गराउन पहल गरी स्थानीय गाउँलेहरूलाई सहमत गराई सङ्गठित पारे । हाल सोही विद्यालय चण्डीदेवी राष्ट्रिय मा.वि.

कुमालटारीका रूपमा परिचित छ । सोही समयमा उनले व्यासोदय पुस्तकालयको स्थापनामा सहयोग पुऱ्याए ।

यसैगरी दमौली क्षेत्रको प्रत्येक विकास निर्माणका क्रममा खासगरी आधुनिक नगरलाई चाहिने पूर्वाधार निर्माणका लागि प्रायः हरेक क्षेत्रमा उनले नै सहयोग पुऱ्याएका थिए ।

यस प्रकार गाउँको ग्रामीण समाज हुँदै देश र देश हुँदै अन्तर्राष्ट्रियसम्मको भ्रमण र त्यस क्षेत्रका मानवसमुदाय, तिनको प्रवृति र पर्यायवरणसँग परिचित समाजप्रेमी पोखरेलको सामाजिक भावनामा अझै नयाँ आयाम थपिंदै गएको देख्न सकिन्छ । त्यसैअनुरूप सामाजिक भातृत्वको भावनाले विराट रूप लिँदै गएको कुरा उनको सामाजिक व्यक्तित्वलाई चर्चा गर्दा नै प्रष्ट हुन्छ । उनी शैक्षिक क्षेत्रबाट नै समाजको भलाइ हुन्छ भन्ने मान्यता राख्दै शिक्षित समुदाय तयार गर्न लागिपरे । शैक्षिक समाज सेवामार्फत तत्कालीन व्यवस्थाविरोधी जनमत तयार गर्नु उनको मूल उद्देश्य रहेको देखिन्छ ।

### ३.२.९ पत्रकार व्यक्तित्व

रामचन्द्र पोखरेलको पत्रकार व्यक्तित्व जिल्ला समाचारदाताका रूपमा स्थापित हुँदै केन्द्रसम्म फैलन पुगेको छ ।

तनहूँको एउटा निम्न मध्यम परिवारमा जन्मेका रामचन्द्र पोखरेल साहित्यिक, राजनीतिक, सामाजिक र पत्रकारितको क्षेत्रमा आफ्नो महत्त्वपूर्ण योगदान पुऱ्याएका हुनाले उनलाई बहुआयामिक व्यक्तित्वका धनी मानिन्छ ।

निष्कर्षमा भन्न पर्दा साहित्यकार रामचन्द्र पोखरेलको नेपालको साहित्यिक, राजनीतिक, सामाजिक, पत्रकारिता, जीवनी र सांस्कृतिक आदि विभिन्न गतिविधिहरूमा संलग्न भएर हालसम्म बहुआयामिक व्यक्तित्व आर्जन गर्न सफल भएका छन् । पोखरेलका यी बहुआयामिक व्यक्तित्वहरूमध्येको सबैभन्दा महत्त्वपूर्ण र उपलब्धिपूर्ण व्यक्तित्व साहित्यिक व्यक्तित्व नै हो । यसमा पनि उनको उपन्यासकार व्यक्तित्व अझ मुख्य रहेको छ । साहित्यिक व्यक्तित्वका साथै उनका साहित्येतर व्यक्तित्वका रूपमा सामाजिक व्यक्तित्व, साँस्कृतिक व्यक्तित्व, राजनीतिक व्यक्तित्व, सांङ्ठनिक व्यक्तित्व आदि जस्ता व्यक्तित्वहरू उनीमा विद्यमान छन् ।

## ३.३. उपन्यास लेखनको प्रेरणा र उत्प्रेरक कारकहरू

रामचन्द्र पोखरेल आधुनिक नेपाली उपन्यासको समसामयिक धाराका एक चर्चित उपन्यासकार हुन् । उनी स्वयम्ले गरेको लेखनको निरन्तरको कठोर प्रयत्नले नै उनलाई चर्चाको शिखरमा पुऱ्याएको देखिन्छ । उनले माध्यमिक तहको शिक्षा लने बेलादेखि नै आफ्नो बौद्धिक स्तरलाई बढाउनुका साथै अतिरिक्त पुस्तकहरूको अध्ययन गरेका थिए । सुरुमा उनले प्रशस्त हिन्दी उपन्यासहरू पढेका थिए । यसरी रामचन्द्र पोखरेलले सानै उमेरमा आफूमा विकसित गराएको अध्ययनशील स्वभावका कारण उपन्यास लेखनको अभ्यास गर्ने निर्णय गर्न पुगेको बुझिन्छ ।

## ३.४ रामचन्द्र पोखरेलको औपन्यासिक यात्रा

रामचन्द्र पोखरेल नेपाली साहित्यका एक बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुन् । उनले कविता, निबन्ध, कथा, उपन्यास र जीवनी विधामा सशक्त ढङ्गले कलम चलाएर आफ्नो बहुमुखी प्रतिभाको परिचय दिएका छन् । पोखरेलले नेपाली साहित्यका अन्य विधाका तुलनामा उपन्यास विधामा आफ्नो अद्वितीय प्रतिभा प्रदर्शन गरेका छन् । वि.सं.२०३३ सालदेखि वि.सं. २०४० को अवधिसम्ममा आफूले ३ वटा उपन्यासहरू लेखिसकेको कुरा उनी स्वयम् बताउँछन् । उपन्यासकार रामचन्द्र पोखरेलको सुरुदेखि वि.सं. २०४० सम्मको औपन्यासिक यात्रालाई निम्नानुसार दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ : -

क) लेखन तथा अभ्यास काल (वि.सं.२०३३-२०३४ सम्म)
ख) उत्थानकाल (वि.सं.२०३४-२०४० सम्म)

### ३.४.१ लेखन तथा अभ्यास काल (वि.सं.२०३३-२०३४ सम्म)

यस समयमा रामचन्द्र पोखरेलले दुई वटा उपन्यासको प्रकाशन गरेको पाइन्छ । पहिलो उपन्यास 'उकाली र ओराली' (२०३३) हो भने दोस्रो 'यो जुनीको भेट' (२०३४) हो ।

'उकाली र ओराली' सामाजिक उपन्यास हो । यसमा तनहूँ दमौली वरपरको ठूलढुङ्गा बजार र त्यहीँको ग्रामीण परिवेश हुँदै मधेस तथा सहरिया परिवेशसम्मको सामाजिक परिस्थितिलाई यर्थाथरूपमा चित्रण गरिएको छ ।

'यो जुनीको भेट' वि.सं. २०३४ मा प्रकाशित दोस्रो सामाजिक उपन्यास हो । यसमा उनले वि.सं. २००७ सालको नेपालको ऐतिहासिक प्रजातान्त्रिक घटनामा नेपालभित्रबाट र प्रवासबाट पनि नेपालीहरूले गरेको उल्लेखनीय भूमिकाकाबारेमा चित्रण गरेका छन् ।

### ३.४.२ उत्थानकाल (वि.सं. २०३४ देखि वि.सं. २०४० सम्म)

यस समयमा लेखिएको उनको महत्त्वपूर्ण उपन्यास 'दीपरेखा' (२०४०) हो । यो उनको तेस्रो सामाजिक उपन्यास हो । यसले नेपालदेखि वनारससम्मको परिवेशलाई चित्रण गरेको छ । यसमा वर्षेनी प्राकृतिक प्रकोपले गर्दा बाढी पीडित भएर भोक र अनिकालको चपेटामा जीवन बिताउँदै त्यसै प्रकृतिसँग सङ्घर्ष गरी जीवन धान्नुपर्ने पहाडिया समस्यालाई प्रस्तुत गरिएको छ ।

रामचन्द्र पोखरेलको करीब आठ वर्षे लामो औपन्यासिक साधनामा तीनवटा औपन्यासिक कृतिहरू रहेका छन् । यहाँ यिनै उपन्यासका लेखनगत प्राप्ति प्रवृत्तिलाई केलाउँदै उनको औपन्यासिक प्रवृत्तिको चर्चा बुँदागत रूपमा यसरी चर्चा गरिन्छ ।

## ३.५ औपन्यासिक प्रवृत्तिहरू

### ३.५.१ सामाजिक यथार्थवादको प्रस्तुति

रामचन्द्रका उपन्यासमा नेपाली ग्रामीण समाजको यथार्थ चित्रण गरिएको पाइन्छ । आफ्ना उपन्यासहरूमा समाजका जल्दाबल्दा समस्याको वास्तविक चित्र उतारेर रामचन्द्रले नेपाली समाजको चिरफार गरेका छन् । सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा उनले समाजमा व्याप्त विकृति र विसङ्गतिको मार्मिक प्रस्तुति दिएका छन् । विशेषत : ग्रामीण तथा पहाडी क्षेत्रको जनजीवनले भोगेका जिन्दगीका सुखद र दुःखद पक्षलाई उनले आफ्ना उपन्यासमा विषयबद्ध गरेको पाइन्छ । शोषण, गरिबी, अशिक्षा, रोग, भोक, प्रेम, विरह, स्वार्थ, आदर्शजस्ता समाजका विभिन्न पक्षहरूको तस्बिर उतारेर उनले आफ्ना उपन्यासहरूमा समाजको अनुहारलाई जस्ताको तस्तै देखाइदिएका छन् ।

उनले नेपाली ग्रामीण समाजका गरिब एवं असहाय वर्गको दयनीय जीवनको चित्रण गर्दै त्यस वर्गका मानिसहरूप्रति हार्दिक सहानुभूति प्रकट गरेका छन् । नेपाली समाजमा व्याप्त आर्थिक असन्तुलनको विरोध गर्दै सामन्ती मनोवृत्तिको भण्डाफोर गर्नु पोखरेलका उपन्यासका मूलभूत प्रवृत्ति हुन् । धनी वर्गको राक्षसी प्रवृत्तिप्रति असहमति प्रकट गरेका छन् साथै सामाजिक मूल्यमान्यताको संरक्षण गर्नु पर्ने धाराणा पनि अघि सारेका छन् ।

यसरी नेपाली ग्रामीण समाजका यथार्थ घटनाहरूलाई औपन्यासिकता दिएर पोखरेलले उपन्यासहरू लेखेका कारण सामाजिक यथार्थवादको प्रस्तुति उनको एक औपन्यासिक प्रवृत्ति बन्न पुगेको देखिन्छ ।

### ३.५.२ मानवतावादको प्रस्तुति

एक मानवले अर्को मानवको हित, भलो वा कल्याण चिताउनु नै 'मानवतावाद' हो । अर्थात् मानवले मानवलाई मानवको जस्तै व्यवहार गर्नु मानवतावाद हो । उपन्यासकार रामचन्द्र पोखरेलले **'दीपरेखा'** उपन्यासमा नेपालका पहाडी बस्तीमा एउटा ठूलो समस्याको रूपमा हरेक वर्ष देखापर्ने बाढीपहिरो सम्बन्धी समस्यालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । यसका अतिरिक्त उपन्यासका पात्रहरू कुलदीप, रेखा र इन्द्रबहादुर र सुमानसिंहले विभिन्न समयमा गरेका केही कार्यहरूले पाठकहरूलाई मानवतावादी कार्य गर्ने प्रेरणा दिएका छन् । कुलदीपले भारतीय भूमिमा आर्थिक कठिनाइको चेपुवामा परी भौंतारिँदै हिँडेको इन्द्रबहादुरलाई नेपाल फर्काउन आफ्ना सेठमार्फत ३० रूपैयाँ दिलाएको छ । उसले आफ्नो गाउँमा शरण माग्न आएका अर्कै गाउँका बाढीपीडित केही लेकालीहरूलाई गाउँ नजिकै बसोबासको व्यवस्था मिलाएको छ । आफ्ना साहिँला काकाले गरिबीका कारण तिर्न नसकेको मरेको भैँसीको ऋण भैँसीको साहूलाई बोलाई तमसुक च्यात्न लगाएर कुलदीपले सबैलाई मानवताको पाठ पढाएको छ । उसले सम्पादककी छोरी बिरामी पर्दा अस्पताल पुऱ्याउन सघाएको छ । कुलदीपले आफ्नो गाउँमा हैजा रोग फैलिँदा जिल्ला स्वास्थ्य कार्यालयमा पत्राचार गरेको छ ।

रेखाले कुलदीप आगलागीमा परेर घाइते हुँदा उसलाई सक्दो सहयोग गर्छे । गाउँमा जे.टी.ए.को रूपमा कार्यरत रहँदा इन्द्रबहादुरले अनिकाल परेको समयमा रेखाको पत्रमार्फतको आग्रह स्वीकार गरी गहुँको बीउ वितरण गरेको छ । सुमानसिंहले खोलामा बाँध निर्माण गर्नका लागि तीन हजार रूपैयाँ सहयोग गरेको छ । सामाजिक कार्यका लागि आर्थिक सहयोग गर्दा कागज गर्न नमान्ने सुमानसिंहको उदार हृदयले उपन्यासकारको मानवतावादी विचारको प्रक्षेपणमा मद्दत पुऱ्याएको देखिन्छ ।

### ३.५.३ प्रकृति चित्रण

उपन्यासकार रामचन्द्र पोखरेलले आफ्ना तीनवटै उपन्यासहरूमा प्रकृतिको चित्रण ठाउँ–ठाउँमा गरेका छन् । प्रकृतिको बाह्य सुन्दरताको चित्रणमा उनी निकै सिपालु देखिन्छन् । वनजङ्गल, नदीनाला, जून, घाम, पर्वत, शृङ्खला, खेत, बगर, ढुङ्गा, माटो, हरिण, चितुवा, बाघ, सिंह, सुगा लगायतका थुप्रै प्राकृतिक वस्तुहरूको चित्रण उपन्यासकार पोखरेलले आफ्ना तीनवटै उपन्यासहरूमा अत्यन्तै कुशल ढङ्गले गरेका छन् ।

उपन्यासहरूमा फरक अध्याय र फरक घटनाको प्रारम्भ गर्ने क्रममा पोखरेलले प्रकृतिको मनमोहक एवम् कठोर रूपको चित्रण गरेका छन् । 'दीपरेखा' उपन्यासमा प्रकृतिका बढी सुन्दर र केही मात्रामा कुरूप अवस्थाहरूको चित्रण गरिएको छ । प्रकृतिका बाह्य र आन्तरिक स्थितिको सुन्दर एवम् मनोरम चित्रण गर्ने उपन्यासकार पोखरेलले आफ्ना उपन्यासहरूमा मानवीय मनका सुखदःख प्रस्तुत गर्दै प्रकृतिको बाह्य रूपमा झरी एवम् भेलबाढीलाई स्थान दिएका छन् ।

यसरी उपन्यासकार रामचन्द्र पोखरेल प्रकृतिप्रेमी उपन्यासकारका रूपमा आफ्ना प्रकाशित तीनवटै उपन्यासहरूमा देखापरेका कारण प्रकृति चित्रण पनि उनको एउटा औन्यासिक प्रवृत्ति नै हो ।

### ३.५.४ भाषाशैली

भाषिक प्रयोगमा रामचन्द्र पोखरेल सिद्धहस्त र सफल छन् । कृत्रिम आलङ्कारिक भाषा भन्दा पनि सहज, स्वाभाविक र यथार्थिक गद्यको प्रयोग गर्छन् । सरल, सुबोध, सहज, स्वाभाविक गद्य भाषा प्रयोग गर्छन् । कतिपय ठाउँमा उनको भाषामा कवितात्मक झिल्का पाइन्छन् । समग्रमा सहज परिष्कार र स्वाभाविक गद्य चित्र प्रस्तुत गर्न सफल उनको भाषा प्रयोग उत्कृष्ट नै भएको पाइन्छ । यसरी हेर्दा सामाजिक यथार्थता, मानवतावाद, प्रकृति चित्रण, कारुणिकता नै रामचन्द्र पोखरेलका औपन्यासिक प्रवृत्ति हुन् ।

## ३.६ निष्कर्ष

तनहुँ जिल्लाको सुर गा.वि.स.मा जन्मेका रामचन्द्र पोखरेल बहु आयामिक व्यक्तित्वका धनी व्यक्ति हुन् । उनको व्यक्तित्व साहित्यकार, समाजसेवी, राजनीतिकर्मी, शिक्षक, पत्रकार गरी विविध बनेर देखा परेको छ । साहित्यका क्षेत्रमा उनी विशेष गरी उपन्यासका क्षेत्रमा बढी सफल छन् । तीन वटा उपन्यास लेखेर नेपाली उपन्यासका फाँटमा सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, प्रकृतिप्रेमी, मानवतावादी उपन्यासकारका रूपमा उनी दरिन पुगेका छन् । उनका उपन्यासको भाषा सरल र प्रवाहपूर्ण प्रकृतिको देखिन्छ ।

## चौथो परिच्छेद

# 'दीपरेखा' उपन्यासको विश्लेषण

रामचन्द्र पोखरेलको 'दीपरेखा' उपन्यास वि.सं. २०४० मा प्रकाशित तेस्रो सामाजिक उपन्यास हो। यो १७ परिच्छेद र १७४ पृष्ठमा संरचित छ। यसले नेपालको तनहुँदेखि वनारससम्मको परिवेशलाई चित्रण गरेको छ। सूक्ष्म रूपमा भारतको बद्रीधाम, आगरा, दिल्लीसमेतको परिवेशलाई पनि देखाइएको छ। त्यसपछि पुनः वनारसबाट नेपालको दमौली वरपरको ग्रामीण परिवेश हुँदै काठमाडौं सम्मको परिवेशको चित्रण यसमा गरिएको छ।

त्यस्तै गरी यसमा तत्कालीन नेपाली सामाजिक ग्रामीण परिवेश र त्यससँग आबद्ध मूल्य र मान्यताका साथै तिनका व्यवहारलाई धान्नका लागि कुलदीपलाई त्यसै ग्रामीण समाजका वृद्ध चक्रधरले वनारसमा पढ्न पठाएको योजनाबद्ध भूमिकाले उपन्यासको कथानकलाई अगाडि बढाउन मद्दत पुऱ्याएको देखिन्छ। एउटा सानो सरल कृतिमा मानवीय भावनाको जीवन्त प्रस्तुति, धार्मिक र आधुनिक स्थलहरूको यात्रालाई यसमा प्रस्तुत गरिएको छ।

यस्तै गरी बर्सेनि प्राकृतिक प्रकोपसँग सङ्घर्ष गरी जीवन धान्नु पर्ने पहाडिया समस्यालाई यसमा प्रस्तुत गरिएको छ भने अर्कातिर आफ्नो कुत्सित पद चिह्न लादन खोज्ने सामाजिक सामन्तवर्गका विरुद्ध न्याय स्थापनाका लागि कुलदीप र त्यहाँका नौघर बाह्मणहरूले गरेको सङ्घर्षपूर्ण इतिहासका बारेमा यसमा वर्णन गरिएको छ।

उपन्यासभित्र परिच्छेद छुट्याउने क्रममा कुनै शीर्षक उपशीर्षकको व्यवस्था गरिएको छैन।

### ४.१. कथावस्तु

सरल र मिलनसार ग्रामीण समाजको विश्वासिलो र जिम्मेदार युवा कुलदीप बूढा चक्रधरलाई भेट्न प्राय खाने कुरा लिएर जाने गर्थे। यसले गर्दा कुलदीप बूढाका प्रिय पात्र हुन्थे। वृद्ध चक्रधरबाट पाएको मायाले उसलाई आफ्ना अन्य साथीभन्दा आफू ठूलो हुँ भन्ने भान पर्थ्यो। त्यस गाउँमा चल्ने धार्मिक पूजाआजा चक्रधरकै आज्ञानुसार हुन्थ्यो। उनले आफ्नो मृत्युपछि गाउँमा कर्मकाण्ड गर्ने मानिसको अभाव हुन्छ भन्ने कुरा महसुस गरेर कुलदीपलाई वनारस पढ्न पठाउने योजना बनाए। सोही अनुसार एक ब्राह्मणसँग सल्लाह गरी उसैका भानिजका भतिजासँग कुलदीपलाई पढ्न पठाउने सहमति भयो।

त्यसैअनुसार दसैंको टीकाको दिन आमा र वृद्ध चक्रधरको हातको टीका र आशीर्वाद लिएर कुलदीप दाजुका साथमा वनारस पुग्यो। दाजुले कुलदीपलाई मौनीबाबाको आश्रम वनारसमा छोडेर ऊ काशीतिर लाग्यो। कुलदीप विद्यालयको नियम र अनुशासनअनुसार चल्ने भएकाले उसलाई त्यहाँ सबैले मन पराउन थाले। त्यसै क्रममा उसलाई क्याम्पसका एक प्राध्यापकको सम्पर्कबाट आधुनिक भारतदेखि रामायणकालसम्मका घटनाहरूको ज्ञान लिने अवसर मिल्यो। त्यसबाट कुलदीप चतुर भयो। एकदिन सहरका सेठले त्यस आश्रमबाट रुद्री यज्ञका लागि ब्राह्मण मागेपछि कुलदीप पनि समावेश भयो। बाल ब्रह्मचारी कुलदीप देखी सेठले उसका बारेमा जानकारी लिएको लगत्तै सेठले विद्यालयमार्फत उसलाई महिनाको एकपटक उसका घरमा आउन अनुरोध गऱ्यो।

यसरी महिनौंपिच्छेको आवतजावतले सेठसँग नजिकिएको कुलदीप सेठका घरमा जाँदै गर्दा उसको एक नेपाली बेखर्ची युवासँग भेट भयो। बेखर्ची अवस्थाको त्यो केटाको मनसाय बुझेर कुलदीपले सेठको घरबाट खर्च दिलाई उसलाई घर पठाउन सफल भयो। यसै बीचमा मौनीबाबा बद्रीधाम जाने योजनामा कुलदीप पनि समावेश भयो। बद्रीधामबाट वनारस फर्केपछि कुलदीप गुरुकै आज्ञानुसार सबै साथीहरूका माझमा योग साधनामा लाग्न थाल्यो।

यसै क्रममा सेठले आफ्ना परिवारलाई विभिन्न सहर भ्रमण गर्न लाने योजनानुसार कुलदीपलाई पनि त्यस भ्रमणदलमा समावेश गरे। भोलिपल्ट उनीहरू सिनेमा हेर्ने क्रममा सेठकी छोरीको स्पर्शले कुलदीपको शरीरमा करेन्ट प्रवाह भयो। त्यसपछि यिनीहरू दिल्लीबाट बम्बईका लागि प्रस्थान गरे। यसप्रकार यिनीहरू सत्रौं दिन बलिया पुगे र कुलदीप आश्रमतिर लाग्यो।

कुलदीपको वनारस बासले तेस्रो वर्षमा प्रवेश गऱ्यो। उसले त्यहीँबाट मध्यमा परीक्षा द्वितीय श्रेणीमा पास गऱ्यो। यस सफलताबाट उत्साहित भएर उसले स्नातक उत्तीर्ण भएपछि मात्र घर फर्कने समाचार घरमा पठाए पनि त्यस्तो सौभाग्य उसलाई प्राप्त हुन सकेन। त्यसपछि कुलदीपले आमाले घरबाट पठाएको पत्र पायो। पत्रमा पन्ध्र असारको वर्षाको बाढीले सम्पूर्ण खेत बगर बनाएको खबर थियो। उसलाई घरतिरको चिन्ता लागे पनि आफ्नो काम गर्न छोडेन।

त्यसपछि पुनः घरबाट उसलाई अर्को पत्र आयो। पत्रमा डाँडाबारीको सम्पूर्ण मकै लुटियो भन्ने खबर थियो। यी खबरले विचलित कुलदीप एकान्त मनपराउन थाल्यो।

यसपछि विजयादशमीको अवसरमा दुर्गा भवानीको प्रसाद खान लाग्दा कुलदीपको हातबाट प्रसादी छुटेर भुइँमा खस्यो । यस घटनालाई उसले राम्रो सङ्केतका रूपमा लिएन । उसलाई गाउँ र बाजे चक्रधरको सम्झनाले सताउन थाल्यो । त्यसैबीच चक्रधरको मृत्युको खबरले व्याकुल हुँदै धर्मशास्त्रानुसार तेह्रौं दिनसम्म पवित्र बस्यो ।

यसरी एकपछि अर्को विपत्ति माझ त्यहाँ उसलाई बसिरहन मन लागेन र कुलदीप मौनीबाबा र सेठसँग बिदा मागी गाउँ फर्क्यो । उसले गाउँमा गाउँले सबैलाई सञ्चो बिसञ्चो सोध्दै चक्रधरकी घरबूढीलाई सान्त्वना दियो । खोलाको बाढीले खेतबारी बगाएको देखी कुलदीपले गाउँलेलाई खोलासँग लडाइँ गर्ने बताई हौसला थपिदियो । यसै हौसलाले गाउँले सबै मिलेर बगरको व्यवस्थापन गर्ने र गहुँ छर्ने कुरामा लागे । त्यसैबेला डाँडाबारी मुद्दाको तारिख आयो । कुलदीपले तारिख बोक्नेको आर्थिक समस्यालाई समाधान गर्न गाउँका प्रत्येकको घरबाट दुई रुपियाँका दरले उठाउने सहमति गरायो । जसले गर्दा तारिख बोक्नेलाई परेको अप्ठ्यारो हल भयो ।

गाउँलेले खोलालाई एकातिर फर्काएर गरेको खेती राम्रै थियो । त्यसैबीच कुलदीप आफ्नो परीक्षाका लागि वनारस जाने विचारमा हुँदा महीधरले उसका विचारमा सहमति जनाए पनि अन्य गाउँलेहरू यस विषयमा सहमत थिएनन् । त्यसै रात गाउँलेको खेतमा भैंसी पसेर गहुँ सखाप पारिदियो । खेतीको त्यो अवस्था देखी गाउँलेहरूले रिसको झोँकमा भैंसी पिट्न थाले । भैंसी छ सयभन्दा कमको थिएन । अन्त्यमा भलादमीको भेलाले भैंसीको मोल साइँलाले तिर्नुपर्ने बताए । गाउँलेले गहुँको क्षतिपूर्ति पाउने भए । दुवैतर्फको लेनदेनको भाका श्रीपञ्चमीको दिन तय भयो । त्यस घटनाले दु:खित कुलदीप भाइबन्धुहरूलाई छोडेर बनारस जानु उचित ठानेन र उसले उपायको खोजी गर्न थाल्यो । आखिर गाउँलेहरू सोही ठाउँमा मकै छर्ने भए । उता दुर्गाभक्तले डाँडाबारी मुद्दा हारेको बताएपछि पुनः यिनीहरू अपिल गर्ने भए ।

वर्षाको सुरुवातसँगै गाउँलेहरू पुनः खेत बिराउन थाले तर भोलिपल्ट आएको भीषण बाढीले खेत बगरै-बगर बनाइदियो । उता डाँडाबारी मुद्दाको अपिल लाग्यो । खेत बाढीले लैजानुले र डाँडाबारी झगडियाले लुट्दा गाउँमा अनिकाल पर्न थाल्यो । यसैबीच कुलदीप साइँला काकालाई भेट्न गयो । साहिँलाको ज्वराले होस् थिएन । उसका मुखबाट भैंसीको ऋण नतिर्ने कुरा दोहोरिन्थ्यो । यस अवस्थामा कुलदीपले सम्बन्धित भैंसी धनीलाई बोलाई भँसीको हर्जाना बापतको तमसुक च्यातिदियो र साइँलालाई भैंसीको रुपिया तिर्नु नपर्ने

भयो । तैपनि ऋणको ज्वालाले गर्दा साइँलाले देहत्याग गऱ्यो । त्यसैबीच कुलदीपले दस बाह्र जना बाढी पीडित बटुवालाई गाउँ नजिकको वन फाँडेर बस्न सल्लाह दियो । त्यसैअनुरूप उनीहरू कुलदीपका सहयोगी पात्र बने ।

यिनीहरूको सहयोग लिएर कुलदीपले डाँडाबारीको मकै लुट्यो । त्यसबेला विपक्षीले गुहार माग्दा समेत कोही सहयोग दिन आएनन् । यसप्रकार योजना सफल हुँदै गएपछि कुलदीपले गाउँलेको सामूहिक निवेदन तयार गरी दैवी विपत्तिका लागि सरकारसँग सहयोग माग्यो । त्यसैअनुरूप कुलदीप काठमाडौंतिर लाग्यो । तर सम्बन्धित विभागका कर्मचारीको राय सुनेर कुलदीप त्यहाँबाट कुनै उपाय नलाग्ने देखी नयाँ सडकतिर लाग्यो । कुलदीपले पत्रिकामा देखेको प्रुफरिडरको आवश्यकताले मन त्यतै तान्यो । महाबौद्धमा सम्पादकसँगको अन्तवार्तापछि उसले प्रुफरिडरको काम पायो । एकदिन सम्पादककी छोरी बिमारी अवस्थामा कुलदीपले सहयोग पुऱ्याई वीर अस्पतालमा पुऱ्याउँदा अस्पतालकी एउटी नर्स रेखासँग परिचय भयो ।

त्यसको लगत्तै कुलदीप गाउँमा पुग्यो । त्यसबेला गाउँलेहरू पहाडको हातमुख जोर्ने पीडाले मधेस झर्ने तरखरमा हुँदा कुलदीपले उनीहरूलाई धैर्य गर्न आग्रह गर्दै नौघरको दूधको समस्या र साहूको ऋणको भारबाट केही समयका लागि हलुङ्गो बनाइदिएपछि काठमाडौंतिर लाग्यो । कुलदीप भोलिपल्ट रेखालाई भेट्न अस्पतालतिर लाग्यो । त्यतिखेर रेखा मोटर दुर्घटनामा परेर सर्जिकल वार्डमा भर्ना भएको खबर उसले थाहा पाएपछि दुईदाना स्याउ लगेर रेखालाई दिई सहानुभूति प्रकट गऱ्यो । यस घटनाले उनीहरू ज्यादै नजिकिए । यसैक्रममा कुलदीप सम्पादनको कामको सिलसिलामा सिंचाइ विभागका इन्जिनियर विक्रमसँग राम्रो सम्बन्ध भएको थियो । त्यसैले कुलदीप विक्रमका घरमा पुगेर गाउँको बाढीसम्बन्धी समस्या अवगत गरायो ।

विक्रमले असिस्टेन्ट इन्जिनियर थापालाई सिंचाइको काममा त्यसतिर जाँदा त्यस गाउँको बाढी नियन्त्रणका लागि सरल र स्थायी उपायको सर्वेक्षण गरिदिन निर्देशन दिएपछि तदनुरूप हिउँदमा इन्जिनियर थापाले खोलामा बाँध बाँध्ने र खोल्सा-खाल्सीको मूलबाट पानी जम्मा गरी पाखो सिंचाइ गर्ने सल्लाह दिए । त्यसपछि तटबन्धको कामका लागि ढुङ्गामुढा बोक्ने बाहेक पाँचहजार नगद खर्च गर्नुपर्ने भएकाले दुर्गाभक्तको सल्लाहनुसार कुलदीप र दुर्गाभक्त केही आर्थिक सापटीका लागि सुमानसिंहका घरमा पुगे । सुमानले उनीहरूलाई दुई हजार रुपियाँ दियो ।

भोलिपल्ट महीधरका घरमा भएको गाउँ भेलामा कुलदीपले देखाएको आर्थिक समस्यानुसार बाँध बाँध्ने गाउँले सबैले सहयोग गर्ने भए। त्यसपछि पूर्णिमाको दिन बाँधका लागि विशाल गाउँले भेला भयो। सनकरामले त्यहाँ बाँध बाँध्न नदिने कुरा गरेपछि गाउँले सबै नाजवाफ भए। कुलदीपले राखेको प्रस्तावलाई सनकरामले ठाडै अस्वीकार गरेपछि नतमस्तक बन्दै कुलदीपले गाउँ सबैलाई आग्रह गरी मधेश बसाइँ सर्ने सल्लाह दियो। मधेश झर्न तयार भएका गाउँलेको दुःख देखी सुमानसिंहको मन पग्लियो जसको फलस्वरूप सुमानले सनकरामको ठाडै विरोध गरेर गाउँलेलाई मधेस झर्न रोकेपछि सनकराम आफ्ना दलबल सहित बाटो लाग्यो।

त्यसपछि गाउँको विशाल सहभागिताका साथ बाँध बाँध्ने काम सुरु भयो। त्यसैबीच कुलदीपको बलियामा छँदा परिचित जे.टि.ए. इन्द्रबहादुरसँग भेट भयो। कुलदीपलाई भेटेर खुसी भएको इन्द्रबहादुर त्यस ठाउँको माटो अवलोकनपछि ऊ त्यहाँ आउने जाने गर्न थाल्यो। यसैबीच एकदिन बाँध भत्कियो र पुनः जगदेखि नै बाँधको काम सुरु भयो। गाउँलेहरू बाँध कुर्न थाले। त्यसैबीच एकरात गाउँमा आगलागीले गर्दा कोलाहल मच्चियो। कुलदीप इन्द्रबहादुरलाई बाँधमा छोडेर गाउँतिर लाग्यो। चक्रधरको घरमा बलिरहेको आगो निभाउन जाँदा कुलदीप घरको तलाले किचेर बेहोस भयो। इन्द्रबहादुरको सल्लाहानुसार कुलदीपलाई अस्पतालमा लगी भर्ना गरियो।

रेखा नर्सका रूपमा त्यहीँ कार्यरत थिइन्। रेखाले कुलदीपलाई बिरामी अवस्थामा हेरविचार पुऱ्याइन्। जसबाट यी दुबै एक अर्काको मन बुझ्ने भइसकेका थिए। स्वास्थ्य लाभपछि कुलदीप घर फर्क्यो उता गाउँमा इन्द्रबहादुरको सल्लाहानुसार खोल्साखाल्सीको पानी जम्मा गरी गाउँलेले घरधन्दामा प्रयोग गर्न थाले। त्यसै क्रममा गाउँमा फैलिएको हैजारोगको रोकथामका लागि कुलदीपले जिल्ला स्वास्थ्य अस्पतालमा पत्राचार गऱ्यो। रेखा अस्पतालको प्रतिनिधित्व गर्दै औषधी र सरसामान लिएर गाउँमा पुगी। कुलदीपका घरमा रात बिताएकी रेखा भोलिपल्ट बिहान कुलदीपसँगै खोलाको बाँधतिर लाग्छे।

बाँधमा पुगेपछि बाँधनजिकै रहेको ऐसेलु घारीमा दुबै पुगे। ऐसेलुको साथमा अतृप्त यौनेच्छेका तृप्तिपछि यी दुबै थकित अवस्थामा घरतिर लागे। यता घरमा रेखाले बिमारीको स्वास्थ्य परीक्षण गरी भोलिपल्ट ऊ अस्पतालमा पुगी। त्यसैबेला गाउँमा परेको अनिकाललाई टार्न कुलदीप उपायको खोजीमै रहेकै बखत इन्द्रबहादुरले गहुँको बीउ उपलब्ध गरायो। यसै क्रममा पल्लो गाउँमा सनक झगडियाकी श्रीमतीको हत्यापछि सनक आफू

पोलिने डरले सोझा बाहुनदेखि डर मान्दै सहयोग माग्न कुलदीपका गाउँमा आयो ।

कुलदीपले त्यस ज्यान मुद्दाको सर्जमिनमा सत्य कुरा बताएपछि उसको समाजमा गरिमा बढ्यो । यसै क्रममा रेखाले कुलदीपलाई एकादशी बजारमा भेट हुने कुरा उल्लेख गरी इन्द्रबहादुरका साथमा पत्र पठाउँछे । यता गाउँमा श्यामा इन्द्रबहादुरसँग नजिकिन्छे । यी दुवैका आँखा जुधेर लज्जाले भरिन्छन् । यिनीहरू भोलिपल्ट एकादशीको मेलामा पुगे । कुलदीपले रेखालाई भेटेपछि अरू साथीहरू अगाडि लाग्छन् । रेखा कुलदीपलाई आफू गर्भवती भएको विचार पत्रबाट राख्छे । यसैबेला झगडियाले गाउँलेलाई लुटपिटमा अर्को मुद्दा दिन्छ । प्रतिवादीको झन्झट गाउँलेको काँधमा आउँछ । कुलदीप गाउँलेको प्रतिनिधित्व गर्दै प्रतिवादी लगाएर गाउँ फर्किन्छ ।

यसै क्रममा कुलदीप अर्को तारिखमा जाँदा न्यायाधीशलाई भेट्न खोज्छ तर उसले उल्टो भेट भन्दा न्यायाधीशको हप्काइ खान्छ । उनीहरूका अगाडि कुलदीप सामन्त र झगडिया सोझो गरिब ठहरिन्छ । माघको अन्तिम साताको तारिखमा मुद्दा फैसला हुने मिति तोकिन्छ । कुलदीप तारिखमा जाँदा उसका साथमा इन्द्रबहादुर, रेखा र श्यामा पनि सँगै जान्छन् । भोलिपल्ट न्यायाधीशले कुलदीपलाई आफ्नो कुरा राख्न आदेश गऱ्यो । कुलदीपले सप्रमाण ऐतिहासिक घटनाक्रमका बारेमा बुँदागत राय प्रस्तुत गरेपछि न्यायाधीशले मुद्दाका सम्बन्धमा नयाँ कुरा थपिएकाले भोलिपल्टसम्मका लागि मुद्दा स्थगित गर्छ । भोलिपल्ट पनि कुलदीपको प्रभावकारी भनाइले कुलदीपकै पक्षमा मुद्दा छिनिन्छ । यसपछि यिनीहरू खुसीसाथ घर फर्कँदै गर्दा बाटामा पर्ने बाराही मन्दिरमा कुलदीप र रेखा तथा इन्द्रबहादुर र श्यामाले विवाह गर्छन् ।

त्यसैबीच दुर्गा र रघु मुद्दा जितेको र उनीहरूको विवाहको खबर लिएर गाउँ पुग्छन् । उनीहरूको विवाहको खबरले दङ्ग पर्दै गाउँलेहरूले उनीहरूलाई बाजागाजासहित लिन आइ टीकाटाला गरी आशीर्वाद दिन्छन् । त्यसपछि इन्द्रबहादुर र श्यामा बिदा हुनुको साथै रेखा र कुलदीप आत्मीयतासँगै नामलाई पनि एकाकर गर्न पुगी दीपरेखा भनेर जीवनबीच भरिन्छन् ।

## ४.२ पात्र र चरित्र

'दीपरेखा' उपन्यास चरित्र चत्रिणका दृष्टिले उत्कृष्ट रहेको छ । सामाजिक सरल जीवनको यथार्थलाई उद्घाटन गर्ने क्रममा समाजकै प्रतिरूप पात्रको प्रयोग उपन्यासमा गरिएको छ । परम्परागत सामाजिक संस्कार, अशिक्षा, अज्ञानतामा रुमलिएका र उदार-

अनुदार, सत् र असत् आदि प्रवृत्तिका पात्रहरूको प्रयोगले उपन्यासलाई वास्तविक बनाएको छ। उपन्यासका कतिपय शिक्षित र अशिक्षित पात्रहरूको चित्रणले नेपाली पहाडी जनजीवनका समस्या र परिवेश चित्रण गर्न सक्षम छन्। यसमा प्रस्तुत पात्रहरूको बौद्धिकस्तर र निम्नस्तर, सक्रियता र निस्क्रियता, प्रगतिशीलता र क्रान्तिकारिताका साथ सामन्तवादी सोचाइ समयसापेक्ष भएर आएका छन्। यस उपन्यासको प्रमुख पात्रको रूपमा कुलदीप आएको छ भने सहायक पात्रको रूपमा चक्रधर, महीधर, रेखा, इन्द्रबहादुर, रघु, दुर्गा, श्यामा, सेठ सनकराम, सुमानसिंह, मौनीबाबा र अन्य गौणपात्रहरूमा कुलदीपकी आमा, सम्पादक, सेठकी श्रीमती, सेठकी छोरी, न्यायाधीश, झगडिया आएका छन्।

### ४.२.१ कुलदीप

कुलदीप यस उपन्यासको केन्द्रीय र अनुकूल चरित्र हो। प्रारम्भमा ऊ पिताको संरक्षणबाट वञ्चित, आमाको प्यारमा हुर्केको तेह्र वर्षीय केटा हो। ऊ साथीहरूसँग प्रायः खेले पनि चक्रधरका कुराकानी सुन्न मन पराउने हुनाले प्रायः चक्रधरकहाँ जाने गर्छ। ऊ वृद्धको मनोभावना बुझी रित्तो हात नजाने भएकोले चक्रधर उसलाई मन पराउँछ। ऊ चक्रधरको उपदेशलाई सुन्ने भावुक देखिन्छ भने वनारसमा पढ्दा गुरुहरूको आज्ञाकारी पनि देखिन्छ। ऊ ईश्वरको भजन र आरतीमा रुचि लिने , गुरुको वचनलाई ध्यानपूर्वक सुन्ने, लामो मसिनो कपाल, गोरो मुहार, कलिलो वदन, सेतो कुर्ता र धोती लगाएको, गुणवान् र बाल ब्रह्मचारी जस्तो देखिन्छ। उसलाई सेठका परिवार ज्यादै मन पराउँछन्। ऊ बेखर्ची नेपाली युवालाई सेठसँग रु ३० मागी नेपाल पठाउन सहयोग गर्छ।

ऊ मौनीबाबासँग बद्रीधाम पुगी त्यस क्षेत्रको जिज्ञासा लिने, गुरुको आज्ञानुसार योगसाधनामा लाग्ने, सेठका परिवारसँग भारतका विभिन्न सहरको भ्रमणबाट फर्केपछि तपस्या भङ्गका लागि रचिएको इन्द्रजाल जस्तो महसुस गर्छ। मध्यमा परीक्षा उत्तीर्ण भएपछि स्नातक पढ्ने विचार राख्ने ऊ महत्वाकाङ्क्षी देखिन्छ। ऊ गाउँबाट पटकपटक गरी आएको दुःखद सामाचारबाट कति पनि विचलित नभई आफ्नो काममा दत्तचित्त देखिन्छ। दसैंमा दुर्गा भवानीको प्रसादी खान लाग्दा हातबाट खसेपछि अशुभको सङ्केत गर्ने ऊ शङ्कालु देखिन्छ। ऊ चक्रधरको मुत्युको खबरले मन थाम्न नसकी मौनीबाबा र सेठसँग बिदा मागी फर्कने ज्ञानी व्यक्तिका रूपमा उपन्यासमा देखिन्छ।

ऊ आफूभन्दा साना, दौंतरी तथा वृद्धसँग समभाव राख्ने, गाउँलेलाई खोलासँग

सङ्घर्ष गर्नुपर्दछ भनेर साहस थप्ने, गाउँलेलाई जे बोले पनि हो पार्ने, अदालतमा तारिखमा जाने व्यक्तिको आर्थिक समस्या बुझी थप रुपियाँका लागि गाउँमा आमसहमति गराउने, गाउँमा आएको विपत्तिका माझ दाजुभाइलाई छोडी परीक्षाका लागि वनारस जाने कार्यक्रम स्थगित गर्ने, सामाजिक चरित्रको रूपमा देखिन्छ। ऊ साहिँला काकाको विपत्ति सहन नसकी भैँसीको साहूलाई बोलाई उसको तमसुक च्यात्न लगाउँछ। ऊ गाउँमा आएका बाढीपीडितहरूलाई गाउँनजिकै बसोबासको व्यवस्था मिलाउँछ। तिनै बाढीपीडितको सहयोगले ऊ डाँडाबारी मकै लुट्न प्रेरित हुन्छ। गाउँको बाढीको समस्या निदानका लागि उपाय खोज्ने, सम्पादकी छोरी बिमारी पर्दा अस्पताल पुऱ्याउन सहयोग गर्ने, अस्पतालकी नर्ससँग परिचय गर्ने, रेखा बिमारी पर्दा फलफूल दिई सहानुभूति प्रकट गर्ने, मधेश जान लागेका गाउँलेहरूलाई गाउँभक्तिको कथा सुनाएर त्यता जानबाट रोक्ने, गाउँका ससाना समस्या मिलाउने, बाढी रोक्ने बाँधका लागि गाउँलेको सहयोग जुटाउने ऊ सहयोगी, स्पष्ट सहृदयी, राष्ट्रभक्त स्वाभिमानी पात्रका रूपमा उपन्यासमा देखिन्छ।

ऊ सनकरामले बाँधमा खिचलो पैदा गर्दा अपरिपक्व कमजोर मस्तिष्कको देखिन्छ। चक्रधरको घरमा आगलागी हुँदा आगोमा हम्मेसी प्रवेश गर्ने होसविहीन, रेखाको दुःखान्तक इतिहास सुनेर सहानुभूति प्रकट गर्ने सहृदयी, गाउँमा हैजारोग फैलँदा जिल्ला स्वास्थ्य कार्यालयमा पत्राचार गरी गाउँलेको सेवा गर्ने सामाजिक, रेखासँग ऐसेलुघारीमा यौनाकाङ्छा मेट्ने यौनावेगी, गाउँको ज्यानसम्बन्धी मुद्दामा सत्य कुरा बोल्ने ऊ सोझो र सत् चरित्र देखिन्छ। ऊ न्यायाधीशको हप्काइले आफूलाई अपमानित भएको सम्झने बदलाको भावना भएको पात्रको रूपमा देखिन्छ। ऊ बाराही मन्दिरमा न्याय पक्षका लागि ईश्वर पुकारा गर्ने आस्तिक, रेखाको व्यवहारलाई मूल्याङ्कन गर्ने मनोविद् न्यायाधीशसँग आफ्नो यथार्थ घटनाका बारेमा कुरा राख्न सक्ने स्पष्टवादी देखिन्छ। ऊ बाराही मन्दिरमा रेखासँग विवाह गर्ने त्यागी प्रेमी, प्रगतिवादी र उदार भावना भएको नरम नीतिको प्रगतिशील राष्ट्रवादी चरित्र हो।

### ४.२.२ चक्रधर

चक्रधर यस उपन्यासको सहायक पात्र हो। ऊ अनुकूल र कुलदीपको सहयोगी चरित्र हो। ऊ त्यस गाउँको जान्ने सुन्ने वृद्ध हो। यसैका आज्ञानुसार गाउँमा पूजापाठ चल्छन्। ऊ पण्डित पनि हो। उसको एकान्तपन हटाउन किशोर भए पनि कुलदीप

सहायक बनेको छ। ऊ विगतका वंश वृत्तान्तका घटनाहरू बताउन सक्ने, तमाखु खाने, भैँसी र गाईको रसलाई अपार मान्ने, दाजुभाइको एकतामा विश्वास राख्ने, परिपक्व व्यवहारको, आफ्नो गाउँलेलाई सेवा र सही उपदेश दिने, सबैको भलो चिताउन सबैलाई आग्रह गर्ने परम्परागत सामाजिक व्यक्ति हो। ऊ आफूपछि गाउँमा कर्मकाण्ड गर्ने मानिसको अभाव हुने भएकाले चिन्तित हुँदै कुलदीपलाई वनारस पढ्न पठाउन सहयोग गर्ने, कुलदीपको सपनाको घटनाबारे सुनेपछि उसलाई सरस्वतीको आराधाना गर्न प्रेरित गर्ने आस्तिक परम्परावादी देखिन्छ। ऊ कुलदीपलाई सधैं गुणीजन, बूढापाका, गुरु र गाईको सेवा गर्न सल्लाह दिन्छ। ऊ कुलदीपलाई समाज वा कुलको उद्धार गर्न प्रेरणा दिन्छ। त्यसकारण चक्रधरमा राष्ट्रवादी र स्थिर चरित्रका रूपमा उपन्यासमा देखिएको छ।

### ४.२. ३ मौनीबाबा

मौनीबाबा यस उपन्यासका सहायक र अनुकूल चरित्र हो। उसले बाह्र वर्षको एकान्तबासमा नै भगवान्‌को नाममा वाक्‌शक्ति गुमाएकाले सोध्ने कामका लागि लेख्न लगाउँछ। ऊ स्लेटमा लेखिएको नाम, थर र ठेगानाको लेखाइको मूल्याङ्कनपछि कुलदीपलाई आश्रममा बस्न र पढ्न स्वीकृति दिई मनोभाव बुझ्ने देखिन्छ। ऊ बालकको मनोभाव बुझेर उनीहरूलाई भुलाउनका लागि रामायण, महाभारतका ग्रन्थ पढ्न दिन्छ। ऊ कुदीपलाई विश्वास पात्र ठानी बद्रीधाम भ्रमणमा लैजान्छ। उसका सेतै फुलेका दाह्री र जुँगाको बीचबाट शान्त र सौम्य विशाल खुसीको लहर दीप्तिमान हुन्छ। ऊ कुलदीपको आन्दोलित मन देखेर उसलाई सम्झाउँदै धैर्य रहनु विपत्ति सहनु कस्तै परोस् तापनि भनेर सम्झाउने सत्‌चरित्र हो।

### ४.२.४ सेठ

सेठ यस उपन्यासको सहायक चरित्र हो। ऊ व्यापारको सिलसिलामा दिल्ली, आग्रा र बम्बै जाने आउने गर्छ। उसले घरमा आउन रुद्रीको यज्ञका लागि आश्रमबाट सातजना ब्राह्मण झिकाउँछ। ऊ कुलदीपको व्यवहारदेखि सहानुभूति प्रकट गर्ने, कुलदीपलाई ऊ प्रत्येक महिनाको एकदिन घरमा आउने अनुरोध पत्र दिने निर्णय गर्ने, धर्मप्रति आस्थावान् र परोपकारी उदारहृदयको देखिन्छ। ऊ छोराविहीन दुईवटी छोरीको पिता हो। ऊ श्रीमतीको आज्ञालाई काट्न नसक्ने, कुलदीपलाई महापुरुषका रूपमा लिने, परिवारका साथमा भारतका

विभिन्न प्रान्तको भ्रमण गर्ने, सिनेमा हेर्ने, स्वच्छन्दतावादी देखिन्छ। ऊ आफ्नो कमजोरी महसुस गर्ने कुलदीप घर फर्कन लाग्दा बाटो खर्च दिई छिटो फर्कन आग्रह गर्ने, नेपालीहरू घर फर्केपछि पुनः यता फर्कँदैनन् भन्ने शङ्कालु, दयालु र उदार भावनाको देखिन्छ।

### ४.२.५ महीधर

महीधर यस उपन्यासको सहायक पात्र हो। ऊ चक्रधरको भतिजो हो। ऊ चक्रधरपछि वृद्ध जान्ने सुन्ने भएर नै उसका घरमा छिमेकीहरू प्रायः जम्मा हुन्छन्। कुलदीपलाई ऊ भविष्य सपार्न आग्रह गर्ने, आफ्नो खेती खाँदा गाउँलेलाई भैँसी नपिट्न सल्लाह दिने, साहिँलाको पिटाइपछि भैँसी मर्न लाग्दा भैँसीको मूल्याङ्कन गर्ने, परिपक्व देखिन्छ। ऊ ईश्वर र भाग्यवादमा आस्था राख्ने भएकाले  दैव लागेपछि केही लाग्दैन भन्छ। ऊ आसुरी विचारपट्टि नभए पनि युवाको सल्लाहानुसार मूर्खलाई पिटेरै भए पनि तह लगाउने विचार राख्छ। ऊ आफ्ना युवाहरू जस्तो कुलदीपलाई सल्लाह दिनुका साथै उसलाई हार्न नसक्ने देखिन्छ। ऊ कुलदीपलाई कुलको देवता मान्दै उसको सपनाको घटनाले पितृभूमि छोड्न सक्दैन। ऊ दाइको प्रतिरूपको रूपमा कुलदीपलाई लिन्छ। ऊ गाउँको दुर्दिन छिट्टै सामाप्त हुनेमा आशावादी छ। ऊ सनकरामले बाँध बाँध्न विरोध गर्दा शिर झुकाउने, हरेस खाने, साहस नभएको देखिन्छ।  पञ्चभलादमीका अगाडि सनकरामसँग टोपी थाप्दै शरणमा परी बास माग्छ। अनिकालको समयमा उसका परिवार दिउँसो एकछाक मात्र खाना खान्छन्। सनके झगडियाकी श्रीमतीको हत्यापछि गाउँमा सल्लाह लिन आएपछि ऊ कुलदीपका विचारमा सही थाप्छ। कुलदीपलाई आफ्नो र गाउँकै सहाराका रूपमा लिने सोझो,  अशिक्षित र सत्चरित्र हो।

### ४.२.६ साहिँला काका

साहिँला काका यस उपन्यासको सहायक र सत्पात्रको सहयोगी चरित्र हो।  ऊ अट्ठाइस वर्षीया, बलियो, तन्दुरुस्त र मूर्ख पनि थियो। ऊ नौघर ब्राह्मण परिवारको भीमसेन, झगडामा कहिल्यै तल नपर्ने, सोझो र अशिक्षित पनि छ। ऊ आफ्नो खेती खाएको झोँकमा भैँसीलाई बेसरी पिट्छ। भैँसी मर्न लागेपछि त्यसको सट्टाभर्ना तिर्नुपर्दा गहुँ खेती गरेकामा पश्चाताप गर्दै आँखाबाट आँसु चुहाउने गरिब र कमजोर चरित्र हो। ऊ त्यस ऋणले विचलित हुँदै अन्त्य अवस्थामा भैँसीको रूपियाँ तिर्दै तिर्दिनँ भनेर बरबराउँछ। यसले देह त्याग गर्छ।

### ४.२.७ दुर्गाभक्त

ऊ चक्रधरको छोरो हो । ऊ कुलदीपको सहयोगी र यस उपन्यासको सहायक चरित्र हो । ऊ गाउँको भ्रूगडिया मुद्दामा सधैं तारिख लिन जाँदा पैसाको अभाव महसुस गर्छ । ऊ आफ्नो डाँडाबारी अर्काले लुट्दा हामी किन चुप लाग्ने भन्दै कुलदीपलाई डाँडाबारी लुट्न प्रेरित गर्ने बदलाको भावना भएको देखिन्छ। ऊ अशिक्षित अनिकाल र साहुको ऋणले विचलित हुँदै कुलदीपसँग मधेस झर्ने विचार पोख्छ । ऊ कुलदीपलाई बाँध निर्माणका लागि आर्थिक सङ्कलन गर्न सुमानसिंह गुरुङकहाँ पुऱ्याउँछ। ऊ रघुका साथमा सिमेन्ट जोडाइ गर्ने मानिस लिन सहर जान्छ। ऊ सधैं तारिख लिन जाँदा न्यायाधीशको हप्काइ खाएको कुरा कुलदीपसँग दोहोऱ्याउँछ । ऊ कुलदीप र रेखा तथा इन्द्रबहादुर र श्यामाको विवाहका साथै मुद्दा जितिएको खबर लिएर गाउँ पुग्ने सहयोगी र सत्चरित्र हो ।

### ४.२.८ रेखा

रेखा यस उपन्यासकी सहायक चरित्र हो । ऊ वीर अस्पताल चिल्ड्रेन वार्डकी नर्स हो । उसको मीठो सोधाइले कुलदीप प्रारम्भमै पग्लिन्छ र यी दुबैको परिचय हुन्छ। ऊ कुलदीपलाई फुर्सद हुँदा भेट्न आग्रह गर्छे। रेखा मोटर दुर्घटनामा परी फिमेल वार्डमा भर्ना हुँदा कुलदीपले देखाएको सहानुभूतिपूर्ण व्यवहारबाट ऊ पनि पग्लन्छे। ऊ कुलदीपको गाउँको दुःखान्त घटना सुनेर सहानुभूति देखाउँछे। ऊ कुलदीप आगलागीमा परेर घाइते हुँदा बडो सहयोग गर्छे। ऊ कुलदीपसँग आफ्नो विगतको दुःखपूर्ण इतिहास बताएर उसको सहानुभूति लिन सफल हुन्छे। कुलदीपले गाउँमा फैलिएको हैजा रोकथामका लागि जिल्ला अस्पतालमा पत्राचार गरेपछि औषधी लिएर गाउँमा पुगेकी रेखा प्रेमको अन्तिम अस्त्र यौन चाहना मेट्न ऐसेलुघारीमा कुलदीपलाई प्रेरित गर्ने कामुक स्वभावकी छ। ऊ गाउँमा गरेको बिरामीलाई परीक्षण गर्दा रोग लाग्नुभन्दा अगाडि नै रोकथामका उपाय बताउँछे। ऊ कुलदीपको प्रशंसादेखि प्रसन्न हुन्छे। ऊ कुलदीपसँग छिटो मिलनका लागि ठूली एकादशीमा मेलामा भेट्ने गरी उसलाई पत्र पठाउँछे। एकादशी बजारमा ऊ आफू गर्भवती भएको कुरा प्रत्यक्ष राख्न नसकी पत्रका माध्यमबाट राख्ने साहस नभएकी नारी हो। ऊ कुलदीपलाई बाटोमा मीठो खाना र व्यवहारले प्रभावित पार्छे। कुलदीपले अदालतमा दिएको बयानबाट प्रभावित हुँदै ऊ उसलाई हार्दिक बधाइ दिन्छे। बाराही मन्दिरमा कुलदीपलाई आफ्नो जीवन साथी बनाउँदै विवाह गर्ने। त्यस्तै गरी आत्मीय प्रेमसँगै पुकार्न पुग्छे। त्यसैले ऊ सहृदयी, आत्मीय र चोखो प्रेम भएकी र विचारमा परिवर्तन नभएकी स्थिर चरित्रकी नारी हो ।

### ४.२.९ इन्द्रबहादुर

ऊ यस उपन्यासको सहायक र अनुकूल चरित्र हो । इन्द्रबहादुर बेखर्ची अवस्थामा दुःखले छट्पटइरहेका बेला कुलदीपले बलियामा भेटेको थियो । कुलदीपकै सहयोगले ऊ नेपाल वा गाउँमा फर्केको थियो । त्यसपछि उसले अत्यन्त राम्रो प्रगति गरी जे.टि.ए. भएको थियो । ऊ आफ्नो विषयमा जागिरे मात्र नभै त्यस सम्बन्धी अभिरुचि राख्ने व्यक्ति थियो । ऊ विधिको चक्करमा घुम्दैघुम्दै कुलदीपको गाउँमा आइपुगेको हुनाले उसको कुलदीपसँग पुनः परिचय भएको थियो । उसले कुलदीपसँगको भेटपछि पूर्वजन्मको गाउँको अनुभव गऱ्यो । ऊ जहाँ स्नेह र प्रेम हुन्छ, त्यहाँ स्वर्ग छ भन्ने, केटाकेटीहरूलाई मिठाई बाँड्ने, त्यस ठाउँको उर्वराशक्ति बढाउन गम्भीरता पूर्वक हेरविचार गर्ने, गाउँलेलाई पढ्नुपर्छ भन्नेतिर उत्प्रेरित गर्दै एक अशिक्षित किसानको व्यवहारलाई उखानका रूपमा चरितार्थ गर्ने, सहयोगी र विनम्र देखिन्छ। उसको श्यामाप्रति प्रेममय भावना टुसाउँछ। ऊ कुलदीप आगलागीबाट घाइते भएपछि अस्पताल पुऱ्याउन सल्लाह दिने, कुलदीपको सल्लाहानुसार गाउँको अनिकालमा गहुँको बीउ भए नि वितरण गर्ने रेखाले पठाएको पत्रलाई विश्वासी रूपमा कुलदीपलाई दिने र उनीहरूको प्रेमप्रति सद्भाव प्रकट गर्ने देखिन्छ। ऊ बाराही मन्दिरमा श्यामासँग विवाह गर्ने प्रगतिशील विचारको असल चरित्र हो ।

### ४.२.१० श्यामा

दुर्गाकी बहिनी श्यामा यस उपन्यासकी सहायक नारी पात्र हो। ऊ बराबर कुलदीपकी आमालाई काममा सघाउँछे। इन्द्रबहादुरलाई ऊ प्रारम्भमै मन पराउने, एकदिन ऊ, कुलदीप र इन्द्रबहादुरसँग लजाउने लजालु छ। ऊ ठूली एकादशीको बजारमा गाउँलेसँगै जान्छे। कुलदीप अदालत तारिखमा जाँदा रेखा, इन्द्रबहादुर, रघु र दुर्गासँगै जान्छे। ऊ बाराही मन्दिरनजिकै खोलामा उनीहरूलाई श्रद्धाका साथ खाना खुवाउँछे। अदालतबाट फर्केपछि श्यामा बाराही मन्दिरमा इन्द्रबहादुरसँग विवाह गर्ने, सरल इमानदार हृदयकी नारी चरित्र हो ।

### ४.२.११ सनकराम

सनकराम यस उपन्यासको खल पात्र हो। यो सहायक पात्र पनि हो। ऊ पल्लो गाउँको जिम्माल पनि हो। ऊ निकै क्रुद्ध देखिन्छ। गाउँलेलाई बाँध बाँध्न रोक्दै खोलाका

बारेमा ऊ धेरै कुरा गर्छ । ऊ गाउँलेसँग मसस्या समाधानतिर भन्दा समस्या बल्झाउनतिर लाग्छ । ऊ पञ्च भलादमीका अगाडि महीधर र कुलदीपसँग ताण्डव नृत्य देखाउँदै एक हातमा टोपी र एक हातमा लट्ठी लिएर घचेट्न खोज्छ । ऊ कुलदीपको विचार पनि सुन्न नचाहने समाजविरोधी देखिन्छ । सुमानसिंह गुरुङको विरोधपछि आफ्ना सहयोगी लिएर बाटो लाग्ने कमजोर मनस्थितिको देखिन्छ । उसको बज्रभन्दा कठोर राक्षसी दिल छ । ऊ आफ्नो झगडियाकी श्रीमतीको हत्यापछि डरले कुलदीप र महीधरसँग सहयोग माग्न आउँछ । ऊ आफ्नो समस्याबाट मुक्तिका लागि जस्तोसुकै कागज गर्न पनि तयार देखिने जाली, फटाहा र द्वैध चरित्रको विचारमा परिवर्तन भएको चरित्र हो । ऊ कुलदीपले गाउँमा हत्यकाण्डको सर्जमिनमा सत्य कुरा बोलेपछि गाउँलेलाई सहयोग गर्ने परिवर्तित चरित्र हो ।

### ४.२.१२ कप्तान सुमानसिंह गुरुङ

सुमान यस उपन्यासको सहायक र अनुकूल चरित्र हो । ऊ दुर्गाको मित बा हो । दुर्गाले ऊसँग कुलदीपको परिचय दिएपछि आफू भर्ती हुन जाँदा उसका बाबुले खर्च दिएको स्मरण गर्दै खुसी हुने विश्वासी गुन चिन्ने देखिन्छ । ऊ फौजी भएकाले उसका कुरा आदेशात्मक र निर्णायक हुन्छ । ऊ कुलदीप र दुर्गालाई कप्तान्नीसँग सल्लाह गरी रुपियाँ दुई हजार दिन र पछि पुनः रुपियाँ एक हजार दिने सहयोगी चरित्र हो । रुपियाँका लागि कागज गर्न नमान्ने ऊ उदार चित्तको देखिन्छ । गाउँ भेलामा सनकेको अव्यवहारिक क्रियाकलाप देखेर सनकरामको घमण्डलाई तोड्ने  उदार र साहसी दिलको देखिन्छ । ऊ गरीबलाई जगेर्ना गर्न चाहन्छ । अन्त्यमा ऊ कुलदीपको प्रगतिशील विवाहलाई मन पराउनुका साथै उनीहरूलाई आशीर्वाद पनि दिने प्रगतिशील विचारको सहृदयी सत् पात्र हो ।

### ४.२.१३ गोपालबहादुर

गोपालबहादुर यस उपन्यासको खल वा प्रतिकूल पात्र हो । ऊ सात वर्षअगाडि गाउँलेको नजिक थियो । उसले डाँडामा गुजारा नचली तल झर्ने विचार राख्दै चक्रधरसँग डाँडाबारी किन्न माग्ने, बैनास्वरूप केही रुपियाँ दिएर अन्य रुपियाँ श्रीमञ्चमीसम्मका लागि भाका माग्ने, फटाहाको जालमा परी चक्रधरकहाँ कहिल्यै नफर्कने, डाँडाबारी मेरो हो भनी खेती लुट्ने र गाउँलेलाई मुद्दा दिने, अन्यायको पक्ष लिँदालिँदै न्यायपक्ष विरानो भएको समाजको फटाहा जालीको प्रतिनिधित्व गर्ने प्रतिकूल चरित्र हो ।

### ४.३. देशकाल तथा वातावरण

'दीपरेखा' उपन्यास वि.सं. २०२० देखि वि.सं. २०३० को अवधिका सामाजिक घटनाक्रम र परिवेशमा आधारित छ। तत्कालीन सामाजिक व्यवहार, परम्परा, प्राकृतिक तथा धार्मिक अवस्था आदिको यसमा सजीव चित्रण गरिएको छ। यो उपन्यासमा मूलतः पश्चिम नेपालको तनहुँमा अवस्थित पहाडी परिवेश अङ्कित गरिएको यस उपन्यासमा वनारस, बद्रीधाम, आग्रा, दिल्ली, बम्बैजस्ता भारतका विभिन्न धार्मिक तथा आधुनिक सहरको परिवेश चित्रण गरिएको छ।

वनारसबाट पुनः पश्चिम पहाड र काठमाडौंको चित्रण गर्न पुगेको यस उपन्यासले यात्रा र संस्मरणात्मक कथनलाई टिपेको पाइन्छ। तत्कालीन सामाजिक परम्परागत कार्यव्यापार, भौगोलिक स्थिति, धार्मिक तथा सामन्त र असत्यवादीहरूविरुद्ध सत्यावादीहरूले समाजमा सत्यस्थापनाका लागि गर्नुपरेको सङ्घर्ष यसमा वर्णन भएको छ। यसले नेपालकै पहाडी परिवेशमा प्राकृतिक प्रकोप र बाढीका कारण हातमुख जोर्न परेको समस्यालाई आजकै वास्तविकताको रूपमा चित्रण गरेको छ।

यस उपन्यासको भौगोलिक परिवेशलाई हेर्दा पश्चिम नेपालको तनहुँमा अवस्थित एक गाउँ खोलाको पुछारमा देखाइएको छ। त्यस गाउँको वरपर हरिया वन र खोलामा बगिरहने पानीले गर्दा त्यो ठाउँ रसिलो देखिन्छ। यसैगरी कुलदीप वनारसमा अध्ययनका लागि जाँदा महाभारत पहाडको शृङ्खला र सम्म मधेसको मैदानी भाग चित्रित छ। यातायातको असुविधाका कारण त्यसबेला एक ठाउँबाट अर्को ठाउँमा जाँदा हिँड्नु पर्ने नेपाली परिवेश यसमा चित्रित छ। यस्तै गरी वनारसको भौगोलिक प्राकृतिक अवस्था गंगा नदी, बद्रीधाम, दिल्ली, आँगरा, बम्बै तथा पुनः काठमाडौंको नयाँ सडक राष्ट्रिय नाचघर र वीर अस्पतालसम्मको दृश्यलाई यसमा देखाइएको छ।

यस्तै गरी सामाजिक परिवेशको चित्रणमा एउटा सानो नौ घर ब्राह्मण परिवारको निम्न आयको स्थिति, सरकारी जागिरको अभाव, आम्दानीको वा आजीविकाको स्रोत कृषिकर्मलाई देखाउँदै उनीहरूको मिलनसार व्यवहार र सहयोगी चरित्रका साथै दुष्ट र विकृत अनुदार चरित्रको चरित्रोद्घाटन यसमा उल्लेख गरिएको छ। यस समाजमा एकजना वृद्धलाई मान्ने र उसैका हैकममा चल्ने परम्परा छ। यी समाजका सदस्यबीचमा आन्तरिक मनमुटाव जे भए पनि बाह्य समस्यामा एक हुने परम्पराले भ्रातृत्वको भावनालाई उजागर गरेको छ। यो समाजमा सासूले बुहारी कज्याउने चलन भएको प्रस्ट छ। सासूहरू रातमै

उठेर ढिकी जाँतो र पानी पँधेरो बुहारीले गरिदिऊन् भन्ने चाहन्छन् ।

समाजमा उपस्थित फटाहा र सामन्त चरित्रले सोझा र सिधा ब्राह्मणहरूले अनेक दुःखका अतिरिक्त बाढीबाट बँच्न बाँध बाँध्न खोज्दा भोगेको दुःखलाई यसमा प्रकट गरिएको छ । समाजमा निःस्वार्थी युवा र युवतीको सेवाभावना तथा प्रेममय जीवनको उद्घाटन गर्दै बाराही मन्दिरमा गरिएको यिनीहरूको प्रगतिशील विवाहलाई सहज ढङ्गमा यसमा प्रस्तुत गरिएको छ । सांस्कृतिक चाडपर्वका रूपमा नेपाली ग्रामीण समाजमा आबद्ध दसैं, तिहार, पूजाआजा, एकादशीको मेला, दसैंटीकामा चक्रधरले कुलदीपलाई दिएको आशीर्वाद, 'काँसझैं फुले', बाँस झैं नुहे', 'दुनियाँका मान्दा भया ' (पोखरेल, २०४० :१५) । गुरुका वचनलाई पूर्ण रूपमा पालन गर्दै उनीहरूको मनोभवना बुझ्ने कुलदीप मार्फत गुरुशिष्यपरम्पराको धरोहर सांस्कृतिक पक्षलाई देखाइएको छ । यस्तै गरी भाग्यवाद र परत्रमा विश्वास गर्ने नेपाली परम्परागत संस्कृतिको सिङ्गो विचारलाई विभिन्न कोणबाट चित्रण गर्न खोजिएको छ ।

यसमा समाजका उपल्ला र सामन्त जातिभन्दा तल्ला र निम्नस्तरीय जाति नै समाजसेवा र भलाइको उच्चता चुम्न पुग्छन् । उनीहरू धनका गरिब भए पनि मनका गरिब हुँदैनन् भने अर्कातिर उनीहरू तल्ला जाति भए पनि विचारमा उपल्ला दृष्टिकोण राख्छन् भन्ने कुरा यस उपन्यासको वातावरणबाट निर्क्योल गर्न सकिन्छ । कामी बूढाले भन्यो–"हजुर परि आए यहाँहरूका लागि प्राण पनि दिन्छौं । त्यसै सित्तैमा अर्काको सम्पत्ति खान पाइँदैन ए (पोखरेल, २०४० :) । लेकाली नाइकेले भन्यो–"हो त नि हजुर यो संसारमा सोझो भएर मात्र हुँदैन । आइलाग्ने माथि जाइ पनि लाग्नुपर्छ (पोखरेल, २०४० :१५) ।

यो उपन्यासमा बाह्य वातावरणका साथै आन्तरिक वातावरण पनि लेखकले देखाएका छन् । मानवले धैर्य र आफ्नो विचारलाई सत्मार्गमा लगाउन सके अघि दुःख परे पनि पछि सुखै प्राप्त हुन्छ भन्ने कुरालाई कुलदीप र रेखा, इन्द्रबहादुरका साथै नौघर ब्राह्मण परिवारको जीवन यात्राबाट थाहा हुन्छ भने समाज दुष्कृत्य फैलाउने सामान्त र अपराधी चरित्रको हार अवश्यम्भावी छ भन्ने कुरालाई सनकराम र गोपालबहादुरको चरित्रबाट थाहा हुन्छ ।

### ४.४ संवाद

उपन्यासमा चित्रण भएका पात्रहरूबीचको संवाद प्रयोगले कथावस्तुलाई विकसित र चरित्रलाई उद्घाटित गर्न मद्दत पुऱ्याउँछ। यस उपन्यासमा प्रस्तुत संवादले चरित्रहरूको भावना, विचार र संवेग तथा व्यवहारलाई प्रकट गरेको छ। यसमा प्रयुक्त संवाद जटिल नभई सरल छोटो र सन्तुलित पनि छन्। यसका साथै कतिपय ठाउँमा लामा संवादको पनि प्रयोग भएको छ। जसमा लामा संवादको प्रयोग यस प्रकार छ–

रेखा–'कुलदीप'

रेखा–'एउटा कुरा भनूँ है'

कुलदीप–'भनन....'

रेखा–'तपाईंको नाउँ मलाई अति मीठो लाग्छ, तर त्यही नामले बोलाउँदा अप्ठ्यारो पनि लाग्छ...।'

कुलदीप–'किन अप्ठ्यारो र मेरो नाउँ नै त्यही हो। तिम्रो मुखबाट मेरो नाम उच्चारण हुनु मलाई गौरव लाग्छ।

रेखा –'फेरि अरूले के भन्लान्... म अब 'दीप' भनेर मात्र बोलाउँछु है।'

कुलदीप–'यसमा यत्रो समस्या के छ , खुशीले भन।'

रेखा–'दी..प..।'

कुलदीप–'रे...खा (पोखरेल, २०४० :१७३)।

यस उपन्यासमा प्रयुक्त संवादहरू पात्रको स्तर, आचरण र व्यवाहार अनुकूल छन्। उपन्यासकारले कुनै विचार र सिद्धान्त प्रतिपादनका लागि बाध्यतावश पात्रलाई बोल्न लगाएका छैनन्। त्यसैले ती संवादहरू स्वाभाविक छन्। कुलदीप शिक्षित युवा हो भने रेखा पनि शिक्षित युवती हुन्। उनीहरूलाई सामाजिक व्यवहार पनि थाहा छ। यसप्रकार पात्रका स्तर अनुकूलका संवाद र सामाजिक व्यवहारले यस कृतिलाई जीवन्त बनाएको छ। उनले उपन्यासको आवश्यक ठाउँमा संवादको संयोजन गरेका छन्। यसमा प्रयुक्त संवाद स्वाभाविक रूपमा पात्रका सोचाइ विचार, व्यवहार, संस्कार, मानसिकता आदिलाई बहन गर्ने घटनालाई अघि बढाउने रूपमा आएको छ। जसले गर्दा संवादले यस उपन्यासलाई सजीवता प्रदान गरेको छ।

## ४.५ भाषाशैली

'दीपरेखा' उपन्यासको भाषाशैली ज्यादै सरल छ। यसमा प्रस्तुत सरल शैली र कुतूहलपूर्ण कथानकले पाठकलाई पढ्न थालेपछि छोड्न मन नलाग्ने खालको छ। यसको आदिदेखि अन्त्यसम्म अध्ययन गर्दा कुनै क्लिष्टताको अनुभव हुँदैन। यसमा केही निम्न जातीय भाषिक कथ्यको पनि प्रयोग भएको छ। '..ओ त्यै ठूलो सिमलको फेदमा जेठा बराजूको घर थियो। म बासित पछि लागेर जान्थे (पोखरेल, २०४० :११)। 'जमाना साह्रो भयो हजूर' (पोखरेल, २०४० :१२)। यस उपन्यासमा केही हिन्दी शब्दहरूको पनि प्रयोग गरिएको छ। केही अङ्ग्रेजी शब्द 'प्रूफ रिडर' लगायत केही झर्रा नेपाली शब्दहरूको प्रयोग-रुखा-सुखा-आँटो पिठो उपन्यासका धेरै ठाउँमा प्रयोग भएका उखान 'रात रहे अग्राख पल्हाए' (पोखरेल, २०४० :११९) जस्ता शब्द र उखानले भाषिक विविधता र रोचकता थपेको छ भने अर्कोतिर अनुकरणात्मक शब्द 'धुम.... धुम.. धुम तथा छम छम' (पोखरेल, २०४० :१२२) ले उपन्यासलाई काव्यात्मक बनाएका छन्। यस्तै गरी उपन्यासमा प्रस्तुत लोकगीतले अझ उपन्यासलाई सामाजिक परिवेशबाट अझै लोकसाहित्यिक परिवेशतिर लान खोजेको प्रतीत हुन्छ। जस्मा : डाँडा र काँडा, खोला र खाल्सा, जंगार हजार'(पोखरेल, २०४० :१२६)।

त्यस्तै गरी उपन्यासकारले औपन्यासिक वस्तुलाई पात्रका माध्यमबाट वर्णन नगराई उपन्यासकार आफूले वर्णन गरेका छन्। त्यसैले यो वर्णनात्मक शैलीमा लेखिएको उपन्यास हो। उपन्यासमा प्रस्तुत वर्णन स्वाभाविक र सहज गाउँले लोक समाज प्रतिविम्बित हुने खालका छन्।. यसमा संवादात्मक भाषाशैलीको पनि प्रयोग गरिएको छ। यसमा प्रस्तुत संवाद चरित्रलाई उद्घाटन गर्न निकै सहायक सिद्ध भएको छ।

यस्तै गरी लेखकले चित्रात्मक भाषाशैलीको पनि प्रयोग गरेका छन्। जसमा 'वसन्त ऋतुको बिहान मौसम सफा थियो, रुखहरूमा पालुवा चढेको थियो। कुहुँ.. कुहुँ कोइलीको आवाज सुनिन्थ्यो। आँपको मीठो फूलको बास्नालाई बिहानको मन्द पवनले यताउता फैलाइरहन्थ्यो' (पोखरेल, २०४० :१२५) । यस प्रकार यसमा कुलदीप र रेखाको बढ्दो यौवनको यौनसुलभ भावनालाई प्रतिविम्बित गरेको प्रतीत हुन्छ।

त्यस्तै उनको कलामा प्रस्तुत पात्रका रूप पाठकका आँखा अगाडि उभिन्छ। उपयुक्त स्थलमा उपयुक्त शब्दको प्रयोग गर्न उनी सिपालु छन्। त्यसै गरी पात्रका अतीतका घटनालाई उनीहरूको स्मरणका लागि वर्णन गरिएको छ। समयले गर्दा बाहिरिनु परेका

पात्रहरूको अतीतको घटनालाई उपन्यासकारले कलात्मक रूपमा यसमा उतारेका छन् ।

## ४.६. उद्देश्य वा जीवनदर्शन

'दीपरेखा' उपन्यासको खास उद्देश्य सामाजिक यथार्यवादको चित्रण नै हो । यस अन्तर्गत ग्रामीण समाजभित्रको निम्नवित्तीय सरल जीवनको वर्णन, आफ्नो परम्परा र संस्कृतिलाई अक्षुण राख्न वनारसमा संस्कृत पढ्न जाने पहाडियाहरूको चलन, आफ्ना दाजुभाइमा भएको एकता, प्राकृतिक प्रकोप जस्तो बाढीले पुऱ्याएको खेतको क्षति, सरल ग्रामीण युवायुवतीको सेवामय भावना र त्यागपूर्ण प्रेमले भरिपूर्ण जीवन, आफ्नो गाउँ र माटोप्रति सद्भाव राखी मधेसिने विचारलाई त्याग्ने स्वाभिमानी र राष्ट्रवादी सोचाइ, अशिक्षा र अन्धकारलाई मलजल गर्ने उदार भावना नभएका सामन्त वर्ग, गाउँका फटाहाका तालमा लागेर गरीब ब्राह्मणहरूलाई जालझेलमा पार्दै अदालत र मुद्दामा कुदाउने गोपालबहादुर जस्ताको विकृति प्रवृत्तिको रहस्योद्घाटन नै यस उपन्यासको उद्देश्य हो ।

उपन्यासको प्रारम्भमा नै मिलनसारिता र सामाजिक तथा प्राकृतिक मनोहारी बनोट र भ्रातृत्वको भावनाले युक्त हुँदै अगाडि बढेको यस उपन्यासमा समाजमा दाजुभाइ एक ठाउँमा रहँदा र बस्दा आन्तरिक मनोमालिन्य जे भए पनि त्यसलाई थाती राखेर गाउँमा आइपर्ने विविध समस्यामा एक हुनुपर्छ भन्ने दृष्टिकोण छ । समाजको सहयोगी भावना र एक आपसी श्रद्धाले गर्दा नै कुलदीपलाई गाउँका चक्रधरले कुलको जगेर्ना गर्ने उपदेश दिएको र समाजमा सामाजिक परम्परा र संस्कृतिलाई अक्षुण राख्नका लागि वनारसमा संस्कृत पढ्न पठाएको प्रसङ्गलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

बाढी पीडित सहयोगी विभागबाट बाढी पीडित व्यक्तिहरूलाई मदेसमा सट्टा भर्ना जग्गा मिल्न सक्छ भन्ने विचारलाई सुन्न पनि नचाहने कुलदीप गाउँमा दाजुभाइहरू बसाइँ सर्ने मनस्थितिमा हुँदा पनि उनीहरूलाई जीवनाधार दिँदै आफ्नो कर्मक्षेत्रमा उत्रन र आफ्नो पैतृक सम्पत्ति र थलोलाई माया गर्ने ज्ञान सञ्चार गरेपछि त्यसप्रकारको विचार गाउँमा अन्त्य हुनुले उपन्यासकार राष्ट्रवादी भावनाबाट अभिप्रेरित भएको बुझिन्छ । अर्कातिर जीवनबीच दुःखमात्र होइन सुख पनि हुन्छ भन्ने विचारलाई सम्प्रेषण गर्दै उपन्यासकारले पाठकलाई कर्तव्यपथमा लम्कन सिक, सत्य, आस्था र विचारमा अडिग रही कसैको कुभलो नगर सफलता नजिकै छ । त्यसलाई भेट्न सकिन्छ भन्ने भवनालाई कुलदीप, रेखा र इन्द्रबहादुरका साथै नौघर ब्राह्मण परिवारको जीवन यात्राबाट देखाएका छन् । त्यस्तै गरी

अन्याय, असत् र अनुदार चरित्रको हार अवश्यम्भावी छ भन्ने विचारलाई प्रेषित गर्दै लेखकले सनकराम र गोपालबहादुर जस्ता सामन्त र फटाहाको चरित्रोद्घाटन गरी जीवन्त रूपमा प्रस्तुत गरेका छन् ।

### ४.७. दृष्टिविन्दु

दृष्टिविन्दु उपन्यासको एक संरचक अवयव हो उपन्यास कसको हो, त्यसलाई पाठकसामु वर्णन गर्ने वाचक को हो र उसले कसरी भनिरहेको छ भन्ने कुरा नै दृष्टिविन्दु हो (भण्डारी र अन्य, २०६१:१८) । रामचन्द्र पोखरेलले आफ्ना प्रकाशित तीनवटै उपन्यासहरूमा आफू बाहिरै बसेर सम्पूर्ण घटनाहरूको वर्णन गरेका छन् । उनले दीपरेखा उपन्यासमा आफ्नो अभीष्टानुसार आफ्ना पात्रहरूलाई बोल्न लगाएका छन् । यस उपन्यासमा विभिन्न किसिमका पात्रहरूलाई उभ्याएर औपन्यासिक स्वरूप दिने कार्य उनले गरेका कारण तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग सशक्त ढङ्गबाट भएको छ । उपन्यासकारले आफू नै सबै घटनाहरूको द्रष्टा भएर आफ्ना भनाइहरू प्रस्तुत गरेकाले उनको यस उपन्यासमा तृतीय पुरुष /बाह्य दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ । यस उपन्यासभित्रका संवादहरूमा पनि पात्रहरू लेखकीय ध्येय पूरा गर्न मात्र बोलेको प्रतीत हुन्छ । उनको यस उपन्यासमा घटनाहरूलाई अघि बढाउन एकोहोरो वर्णनात्मक शैलीलाई कम गरी तथ्यलाई रोचक बनाउन संवादको प्रयोग भएको देखिन्छ ।

### ४.८ निष्कर्ष

रामचन्द्र पोखरेलको तेस्रो अर्थात अन्तिम उपन्यास 'दीपरेखा' हो । पाठकीय परिवृत्तबाट हेर्दा यस उपन्यासमा सामाजिक विषयवस्तु रहेको छ । एक पहाडी एवम् ग्रामीण नेपाली युवकको सङ्घर्षपूर्ण जीवनकथा समेटिएको उपन्यास हो यो । यस उपन्यासका पात्र, घटना र परिवेशजस्ता थुप्रै कुराहरू यर्थाथ जीवनबाटै टिपिएका छन् । सामाजिक जीवनका वस्तुतथ्यलाई आख्यानीकरण गरेर उपन्यासकार रामचन्द्र पोखरेलले आफ्ना विचार र अनुभवलाई सार्वजनीकरण गर्ने काम यस उपन्यासमा गरेका छन् । पश्चिम नेपालको तनहुँ जिल्लामा खोलाको पुछारमा रहेको एउटा सानो गाउँका बासिन्दाहरू बाढीपीडित बन्नु पर्दा गरेको सङ्घर्षको चित्रणमा यो उपन्यास केन्द्रित छ ।

'दीपरेखा' उपन्यासमा उपन्यासकारले सत्य र असत्य , उदार र अनुदार, अनुकूल र

प्रतिकूल व्यक्ति र चरित्र बीच द्वन्द्व देखाएका छन्। सामाजिक परम्परालाई अक्षुण राख्ने सोंच र सत्यप्रति आस्थावान व्यक्तिको मन र मस्तिष्क कहिल्यै पनि कमजोर हुँदैन भन्ने विचारलाई यसमा प्रस्तुत गरिएको छ। व्यक्तिमा दुर्भावनाहरू हुन्छन्। उसले आफ्ना दुष्कृत्यलाई बढावा दिँदै जान्छ र त्यही क्रममा ऊ असत्यलाई पनि सत्यकै पथ मान्छ। गरिबलाई र समाजका अन्य सदस्यलाई प्रगति गर्न र सुरक्षित हुन दिनु हुँदैन भन्ने धारणा उनीहरूमा हुन्छ तर अन्त्यमा उनीहरू जीवनबीच सत्य र असत्यको द्वन्द्वमा पिल्सिँदै तिनै सत्यवादीका शरणमा पर्न बाध्य हुन्छन् भन्ने भावलाई यसमा उल्लेख गरिएको छ। त्यसैले सत्मार्गीले सदा धैर्य लिएर आफ्नो कर्तव्यलाई जीवन्तता दिनुपर्छ। व्यक्तिको निष्ठा र संयमले एक दिन निकास पाई जीवनको लक्ष्य प्राप्त हुनेछ। त्यसैले व्यक्ति ढुक्क हुनु जरुरी छ भन्दै उपन्यासकार सहरी जीवनबीचभन्दा ग्रामीण जीवनबीच, सम्पन्न जीवनबीचभन्दा विपन्न जीवनबीच हाँस्न रुचाएको देखिन्छ। गरिबी र विपन्नतामा नै वास्तविक जीवनको प्रेरणा मिल्छ त्यही प्रेरणा र सत् व्यवहारबाट व्यक्ति सामाजिक भएर एक आपसमा भाइचारा साटासाट गर्न सक्दछ र एकको भर अर्कोलाई प्राप्त हुन्छ। त्यस्तो व्यवहार सम्पन्नतामा मिल्दैन। यस प्रकार ‘दीपरेखा’ उपन्यास सामाजिक भावना र राष्ट्रवादी दृष्टिकोणको ज्वलन्त नमुनाको रूपमा नेपाली साहित्यको उपन्यास विधामा आफ्नै स्पष्ट पहिचान कायम राख्न सफल भएको छ (ओलिया, २०५९ : ९६)। त्यसैले विभिन्न दृष्टिकोणले यो उपन्यास चर्चायोग्य देखिन्छ।

## पाँचौ परिच्छेद

# उपसंहार

उपन्यास गद्य साहित्यको आख्यानात्मक विधा हो। अहिलेको व्यस्त मानवीय जीवनमा महाकाव्यको स्वाद दिनसक्ने विधाको रूपमा उपन्यासलाई लिने गरिन्छ। प्रारम्भमा उपन्यासको झझल्को दिने खालका कृतिबाट विकसित भएर साहित्यमा आफ्नो पहिचान बनाएको उपन्यास विगत दुई तीन शताब्दीदेखि विश्व साहित्यमै अत्यन्त लोकप्रिय विधा बन्न सफल भएको छ। प्रयोगका दृष्टिले अन्य विधाभन्दा अनुकूल भएकै कारण आधुनिक उत्तरआधुनिक कालमा नयाँ-नयाँ प्रयोगहरू उपन्यासमा देखापरेका छन्। नेपाली साहित्यकै सन्दर्भमा पनि सात-आठ दशकको आधुनिक इतिहास बोकेको उपन्यासले अहिलेसम्मको अवधिमा विभिन्न प्रयोगहरूलाई आत्मसात् गरिसकेको छ।

कलाको एक भेदका रूपमा रहेको साहित्य र आधुनिक समयमा साहित्यभित्र पनि अत्याधिक मन पराइएको विधा उपन्यास हो। यसमा पनि कलात्मकताको आविष्कार गर्न अनेकौं प्रयोग र शैलीलाई साधन बनाइएका हुन्छन्। आधुनिक साहित्यले एकातिर यथार्थलाई वहन गरेर लैजानुपर्ने बाध्यता छ भने अर्कातिर कलात्मकताको बाटोलाई पछ्याउनुपर्ने आवश्यकता पनि छ। यी दुवै बाध्यता र आवश्यकतालाई सफल रूपमा नै उपन्यासले संयोजन गरेर अगाडि बढिरहेको छ। आधुनिक साहित्यमा विधाभञ्जन, विधामिश्रण, बिम्ब-प्रतीकको प्रयोग, स्वैरकल्पना, समसामयिक यथार्थवाद जस्ता प्रयोगहरूले उपन्यासलाई विशिष्ट विधाको रूपमा परिचित गराएको पाइन्छ। यस्ता प्रयोग गर्ने नेपाली उपन्यासकारहरूको पङ्तिमा 'दीपरेखा' उपन्यास लिएर उपन्यासकार रामचन्द्र पोखरेल देखापरेका छन्।

वि सं. २००१ पौष १८ गते शुक्रबारका दिन तनहूँ सुर गा.वि.स.को वडा नं. ९ को राम्चे गाउँमा जन्मिएका रामचन्द्र पोखरेलको प्रारम्भिक शिक्षा घरबाट नै सुरु भएको पाइन्छ। इन्द्रवदन मिडिलस्कूल धरमपानी तनहुँबाट कक्षा सात उत्तीर्ण गरी इन्टरकलेज नौतनवा गोरखपुरबाट उनले मेट्रिक उत्तीर्ण गरे। वि.सं. २०१७ मा त्रिचन्द्र कलेज काठमाडौंमा आइ.कम. पढ्न थालेका रामचन्द्र पोखरेल वि.सं. २०१७ को राजनीतिक काण्डपछि आर्थिक कठिनाइका कारण पढाइ छोडी घर फर्कनु पर्‍यो। वि.सं. २०१८ मा देशको राजनीतितर्फ तानिदा उनी जेलमा परे। वि.सं. २०२० बाट इन्द्रवदन मिडिलस्कुल

धरमपानी तनहुँमा शिक्षण पेसा अँगाली उनले स्वाध्यायनलाई निरन्तरता प्रदान गरी इन्टरकलेज नौतनवा गोरपुरबाट आइ.ए. द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।

त्यसै सेवा अवधिमा नै उनले त्रि.वि.वि.बाट वि.सं. २०२५ मा स्नातक र २०३० मा अर्थशास्त्र विषयमा स्नातकोत्तर उत्तीर्ण गरे । जागिरे जीवनको प्रारम्भ शिक्षक पेसाबाट सुरु गरेका पोखरेलले ग्रामीण समाजमा सेवाका साथै राजनीति र पत्रकारिता क्षेत्रमा पनि उति नै क्रियाशील रहे । फलस्वरूप उनले शिक्षण सेवाबाट राजीनामा दिई रा.स.स. काठमाडौंमा पत्रकारका रूपमा नियुक्त भई सेवा गर्न थाले । पत्रकारिताको क्षेत्रमा कुशल देखिएकै कारणबाट असंलग्न राष्ट्रका  पत्रकारका लागि दिल्ली भारतमा सञ्चालित समाचार समिति पत्रकारिताको अन्तराष्ट्रिय कार्यक्रम अन्तर्गत उनले राष्ट्रिय जनसञ्चार संस्थान ‘इण्डियन इन्टिच्युट अफ मास कम्युनिकेशसन’बाट डिप्लोमा प्राप्त गर्ने प्रथम नेपाली गनिए । पत्रकारिता सेवापछि राजनीतितर्फ तानिएका रामचन्द्र पार्टीका ठूला–ठूला जिम्मेवारीलाई सम्हाल्दै वि.सं. २०४९ –०५३ को स्थानीय तहको निर्वाचनमा जि.वि.स. सभापति पनि बन्न सफल भए ।

बाल्यावस्थादेखि नै जिज्ञासु र सिर्जनशील स्वभावका उनी विद्यालय अध्ययनको क्रमदेखि नै साहित्य रचनामा रुचि राख्थे । वि.सं. २०१५ मा इन्टरकलेज नैतनवा गोरखपुर भारतमा पढ्दा उनका कविता आख्यानात्मक कथा र निबन्ध तथा लेखाहरू प्रकाशित गर्दै आए । उनले नेपाली साहित्य क्षेत्रमा तीनदशक लामो समय विताइसकेका छन् । उनले नेपाली साहित्यका विभिन्न विधा कविता, कथा, निबन्ध, उपन्यास र जीवनी विधामा आफ्नो साहित्यक व्यक्तित्वको परिचय दिँदै आएका छन् । विभिन्न साहित्यिक तथा समसामयिक पत्रपत्रिकाहरूमा आफ्ना विविध रचनाहरू प्रकाशन गर्दै आएका उनका पुस्तकाकार कृति ‘उकाली र ओराली’ २०३३, ‘यो जुनीको भेट’ २०३४, ‘दीपरेखा’ २०४० उपन्यास हुन् भने ‘प्रजातन्त्रका महान सेनानी वी.पी.को जीवनी’ २०४० जीवनी विधा हो । यी प्रकाशित कृतिहरू बाहेक अन्य फुटकर कविता, निबन्ध तथा लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् ।

रामचन्द्र पोखरेलको ‘दीपरेखा’ उपन्यास वि.सं. २०४० मा प्रकाशित तेस्रो सामाजिक उपन्यास हो । यो १७ परिच्छेद र १७४ पृष्ठमा संरचित छ । यसले नेपालको तनहुँदेखि वनारससम्मको परिवेशलाई लिएको छ । सूक्ष्म रूपमा भारतको बद्रीधाम, आगरा, दिल्लीसमेतको परिवेशलाई पनि देखाइएको छ । त्यसपछि पुनः वनारसबाट नेपालको दमौली

वरपरको ग्रामीण परिवेश हुँदै काठमाडौं सम्मको परिवेशको चित्रण यसमा गरिएको छ ।

उनको हालसम्मको साहित्यिक यात्रालाई हेर्दा दुई किसिमको व्यक्तित्व उपन्यासकार र जीवनीकार व्यक्तित्व देखिन्छ। यी दुवै साहित्यका गद्य विधा हुन्। आख्यानात्मक विधाबाट साहित्य लेखन यात्रा सुरु गरेका उनले अन्य विधाभन्दा उपन्यास फाँटमा परिचित छन्। नेपाली उपन्यास क्षेत्रमा देखिएका धेरै उपन्यासहरूको विषयवस्तुलाई हेर्दा उनका उपन्यास उस्तै लाग्ने देखिए पनि यिनका कृतिले प्रस्तुत गरेका विषयवस्तु नितान्त भिन्न पाइन्छ। प्रतिभाशाली साहित्यकारका नजरमा देखिएका सानातिना विषयवस्तुलाई पनि कलाले सजाइ एउटा समाजको चित्र उतार्न सक्छन् भन्ने कुराको परिचय उनको साधारणीकरणले दिएको छ ।

उनको २०४० सालमो लेखिएको 'दीपरेखा' उपन्यासमा सामाजिक यथार्यवादी प्रस्तुतिका साथै बाढी पीडित समाजको दुःखान्त जीवनलाई प्रस्तुत गर्दै जति दुःख परे पनि समाज सेवाका लागि एक हुने सामाजिक भावना र समाजको उद्धार नै आफ्नो उद्धार सम्झने निस्वार्थ भावना भएका युवाहरूको आर्दशमय जीवनलाई प्रस्तुत गरिएको छ ।

उनले आफ्नो उपन्यासहरूकम आफ्नो परम्परा र संस्कृतिको रक्षा गर्दै समाजलाई प्रगतिको पथमा लैजाने कोसिस गरेका छन्। समाजमा रहेका असमानता र जातीयता जस्ता कुराहरूलाई यथार्यढङ्गा देखाएर सामाजिक भावना जगाउनु उनको औपन्यासिक विशेषता हो ।

उनका औपन्यासिक कृतिका कथानक क्षेत्र ग्रामीण समाज हो। यिनका पात्रहरू समाजका पर्यावाची देखिन्छन्। पात्रानुकूलको संवाद, परिवेश अनुकूलको भाषा, रोचक तथा सरल शैली प्रस्तुति उनका विषेशता हुन्। उनका उपन्यासका शीर्षक पनि प्रतीकात्मक नभएर सोझो अर्थ लाग्ने छन्। नेपाली साहित्यका क्षितिजमा बहुमुखी प्रतिभाका धनी रामचन्द्र पोखरेलको साहित्यिक व्यक्तित्वमा पनि उत्कृष्ठता प्राप्त विधा उपन्यास नै हो। उनका उपन्यासमा मूलत यथार्यवादी, राष्ट्रवादी, प्रगतिवादी र स्वच्छन्दतावादी श्वर पाइन्छ ।

तत्कालीन नेपाली सामाजिक ग्रामीण परिवेश र त्यससँग आबद्ध मूल्य र मान्यताका साथै तिनका व्यवहारलाई धान्नका लागि कुलदीपलाई समाजका वृद्ध चक्रधरले वनारसमा पढ्न पठाएको योजनाबद्ध भूमिकाले उपन्यासको कथानकलाई अगाडि बढाएको छ। एउटा सानो सरल कृतिमा मानवीय भावनाको जीवन्त प्रस्तुति, धार्मिक र आधुनिक स्थलहरूको

यात्रालाई समेटेको छ ।

यस्तै गरी बर्सेनी प्राकृतिक प्रकोपसँग सङ्घर्ष गरी जीवन धान्नु पर्ने पहाडिया समस्यालाई र आफ्नो कुत्सित पद चिह्न लाद्न खोज्ने सामाजिक सामन्तवर्गका विरुद्ध न्याय स्थापनाका लागि कुलदीप र त्यहाँका नौघर बाह्मणहरूले गरेको सङ्घर्षपूर्ण इतिहास यसमा वर्णन गरिएको छ ।

रामचन्द्र पोखरेलको तेस्रो उपन्यास 'दीपरेखा' हो । पाठकीय परिवृत्तबाट हेर्दा यस उपन्यासमा सामाजिक विषयवस्तु रहेको छ । एक पहाडी एवम् ग्रामीण नेपाली युवकको सङ्घर्षपूर्ण जीवनकथा समेटिएको उपन्यास हो यो । यस उपन्यासका पात्र, घटना र परिवेशजस्ता कुराहरू यथार्थ जीवनबाटै लिएका छन् । सामाजिक जीवनका वस्तुतथ्यलाई आख्यानीकरण गरेर उपन्यासकार रामचन्द्र पोखरेलले आफ्ना विचार र अनुभवलाई सार्वजनीकरण गरेका छन् । पश्चिम नेपालको तनहुँ जिल्लामा खोलाको पुछारमा रहेको एउटा सानो गाउँका बासिन्दाहरू बाढीपीडित बन्नु पर्दा गरेको सङ्घर्षको चित्रणमा यो उपन्यास केन्द्रित छ । हेर्दा सामान्य भएपनि उपन्यास पाठकको मन लोभ्याउने खालको छ । रामचन्द्र पोखरेल बहु आयामिक व्यक्तित्वका धनी व्यक्ति छन् । उनको व्यक्तित्व साहित्यकार, समाजसेवी, राजनीतिकर्मी, शिक्षक, पत्रकार गरी विविध बनेर देखा परेको छ । साहित्यका क्षेत्रमा उनी विशेष गरी उपन्यासका क्षेत्रमा बढी सफल छन् । तीन वटा उपन्यास लेखेर नेपाली उपन्यासका फाँटमा सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, प्रकृतिप्रेमी, मानवतावादी उपन्यासकारका रूपमा परिचित छन् । उनका उपन्यासको भाषा सरल र प्रभावपूर्ण प्रकृतिको देखिन्छ ।

नेपाली साहित्यको उपन्यास क्षेत्रमा वर्तमान यथार्थतालाई टपक्क टिपेर कलात्मक पाराले उपन्यास सिर्जना गर्ने उत्कृष्ट उपन्यासकारका रूपमा रामचन्द्र पोखरेललाई यस उपन्यासले चिनाएको छ । यथार्थलाई प्रष्ट्याउन आवश्यक पर्ने घटनाहरू, चरित्र तथा यिनको लागि उपयुक्त प्रकारको परिवेशजस्ता कुराहरू उपन्यासमा यथेष्ट मात्रामा पाइन्छन् । त्यसैले यो उपन्यास नेपाली साहित्यको एउटा उल्लेखनीय कृति र नेपाली उपन्यासको महत्त्वपूर्ण उपलब्धि बन्न सफल भएको छ ।

भावी शोधका लागि सम्भावित शीर्षकहरू

- रामचन्द्र पोखरेलको औपन्यासिक प्रवृत्तिहरू

- रामचन्द्र पोखरेलको उपन्यासमा कला पक्ष
- रामचन्द्र पोखरेलका उपन्यासहरूको विश्लेषण

## सन्दर्भग्रन्थ-सूची


ओलिया, शिवहरि, रामचन्द्र पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०५९ ।

उपाध्याय, केशवप्रसाद, साहित्यप्रकाश, ललितपुरः साझा प्रकाशन, २०४९ ।

गैरे, ईश्वरीप्रसाद, आधुनिक नेपाली आख्यान, त्रि.वि., कीर्तिपुरः क्षितिज प्रकाशन, २०६३ ।

त्रिपाठी, वासुदेव, पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा (ते.सं.), ललितपुरः साझा प्रकाशन, २०४९ ।

दाहाल, मोहनप्रसाद, आधुनिक नेपाली उपन्यास, दार्जिलिङः ग्रन्थकार सहकारी, सन् १९९३ ।

प्रधान, कृष्णचन्द्रसिंह, नेपाली उपन्यास र उपन्यासकार (तृ.सं.), ललितपुरः साझा प्रकाशन, २०५२ ।

प्रधान, प्रतापचन्द्र, नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि, दार्जिलिङ : दीपा प्रकाशन, २०४० ।

पाण्डेय, ताराकान्त, प्रगतिवाद र कविता, काठमाडौंः शीलयोगी, २०५६ ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), नेपाली बृहत् शब्दकोश, काठमाडौंः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४० ।

पोखरेल, सिर्जना, यथार्थवादी कोणबाट मयूर–टाइम्स उपन्यासको विश्लेषण, अप्रकाशित स्नातकोत्तर शोधपत्र, २०६८ ।

पोखरेल, रामचन्द्र , **दीपरेखा**, ललितपुरः साझा प्रकाशन, २०४० ।

बराल, कृष्णहरि र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास (द्वि.सं.), ललितपुर : साझा प्रकाशन, २०५८ ।

भण्डारी, पारसमणि र माधवप्रसाद पौडेल, साहित्यशास्त्र र नेपाली समालोचना, भोटाहिटी, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

भट्टराई, गोविन्दराज, उत्तर आधुनिक विमर्श, काठमाडौं : मोर्डन बुक्स, २०६४ ।

भट्टराई, रमेशप्रसाद, उत्तरआधुनिकतावाद र त्यसको स्वरूप, प्रलेस, वर्ष १७, पूर्णाङ्क १४, २०६३ माघ ।

मिश्र, वीरेन्द्रप्रसाद, दर्शनशास्त्र एक परिचय, काठमाडौंः श्रीमती श्यामा मिश्र, २०४० ।

श्रेष्ठ दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास (चौ.सं.), ललितपुरः

साझा प्रकाशन, २०५६ ।
सुवेदी राजेन्द्र, नेपाली उपन्यासः परम्परा र प्रवृत्ति (दो.सं.), ललितपुरः साझा प्रकाशन, २०६४ ।